वैदेशिक लगानी निषेध ! | 'कफीकार' गगन

आइतबार • १४ माघ २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com

राष्ट्रिय साप्ताहिक

फास्ट ट्र्याकमा फस्यो सेना

हामी माघ १० देखि ५३औं वर्षमा प्रवेश गर्दैछौं ।

५३ औं वार्षिकोत्सव

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सेवाको ५३ औं वर्ष प्रवेशको सु-अवसरमा यस बैंकका ग्राहक, शुभेच्छुक लगायत सम्बद्ध सबै सरोकारवालाहरुमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा अझै गुणस्तरीय, आधुनिक, दिगो एवं विश्वसनीय बैंकिङ सेवा प्रदान गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
... तपाईंको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौं ।
सम्पर्क फोन नं. : ४२५२५९५
बैंकका क्षेत्रीय तथा शाखा कार्यालयहरु
www.rbb.com.np

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

झंडु बाम,
अब ROLL ON मा पनि
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
New Improved No.1
ZANDU
Balm
Fast Action
Fast Absorption
ZANDU
ZANDU ROLL-ON
अब नयाँ झंडु रोल-अन पनि बजारमा उपलब्ध छ
New Improved No.1
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
Balm
FAST ACTION
FAST ABSORPTION
अधिक दुखाईको लागि
सामान्य दुखाईको लागि
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
ULTRA POWER
Balm
For Strong Headache, Bodyache & Cold

भित्र

आइतबार, १४ माघ २०७४ (वर्ष १८, अंक २४)
NEPAL National Weekly, 28 Jan 2018 (Vol. 18, No.24)

नेपाल
www.nepal.ekantipur.com

द्रुतमार्गको पासोमा सेना

आवरण २६

१४ समाज
संकटमा भेडा सवारी

१६ संवाद



'कांग्रेसको ओभरहलिङ नै आवश्यक छ'
– शेखर कोइराला

२० विसंगति
जग हँसाइको नमुना

DANGOTE
CEMENT

३२ विकास
वैदेशिक लगानी निरुत्साहित

५४ झल्याकझुलुक
फ्लप तर फिल्मको ओइरो
अदितिलाई चिन्ता

४० व्यक्तिचित्र
कफी गुरु गगन

विमर्श : अच्युत वाग्ले ... १८
दृष्टिकोण : चन्द्रदेव भट्ट ... २४
बिमा : बचत र सुरक्षा पनि ... ३६
टिप्पणी : रामजी दाहाल ... ३८
मल्टिप्लेक्सको मज्जा ... ४४

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), साहित्य (४६), पुस्तक (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम

कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ७ माघ २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

नैतिक बलको उपज

अदालतमा आमनेसामने

डा गोविन्द केसी आफ्नो नैतिक बलद्वारा जस्तासुकै व्यक्तिलाई पनि आफ्नो साइजमा ल्याउने तागत राख्छन् भन्ने पछिल्लो उदाहरण हो, प्रधानन्यायाधीश प्रकरण *(अदालतमा आमनेसामने, ७ माघ)* । बहालवाला प्रधानन्यायाधीश गोपाल पराजुलीलाई भ्रष्टको आरोप लगाउँदै केसीले उनलाई अदालतको कठघरामा उभिन बाध्य पारेका छन् । केसीले अनशन तोडे पनि पराजुलीलाई कठघरामा उभ्याउन सक्नु उनको ठूलो सफलता हो ।

मिलन तुलाधर
इन्द्रचोक, काठमाडौं

सटीक व्यंग्य

लक्ष्मण गाम्नागेले यसपटक साँच्चैको झटारो हानेछन् *(दरिद्रलाई दान, ७ माघ)* । आफ्नै आसेपासेलाई मात्र नेपाली जनता सम्झने सरकारले गरिबका नाममा कार्यकर्तालाई राज्यको ढुकुटीबाट करोडौं रकम सुम्पनु गैरजिम्मेवारीको पराकाष्ठा नै हो । ठूलालाई चैन, सानालाई ऐन भनेको सायद यही हो । राज्यको ढुकुटीको खुलेआम रूपमा त्यसरी दोहन हुँदासमेत न्यायालय मौन बस्न सुहाउँछ र ? राज्यको ढुकुटीलाई आफ्नै पैत्रिक सम्पत्तिजस्तै रजाइँ गर्ने तथाकथित नेतृत्वलाई ठूलै दण्ड-सजाय नदिँदासम्म यस्तो विकृति रोकिनेवाला छैन । अब सचेत नागरिकले यस्ता तत्त्वलाई नांगेझार पार्नका लागि नागरिक स्तरको आवाज प्रभावकारी बनाउनु जरुरी छ ।

एसपी बड्
कृष्णपुर-६, कञ्चनपुर

सरकारी स्कुलका लागि अभिशाप

सुरेशराज शर्माबारेको व्यक्तिचित्र प्रशंसै प्रशंसाले भरिएको लाग्यो *(शिक्षा सेनानी, ३० पुस)* । तर, उनका कमजोरी पनि उत्तिकै छन् । उनी विज्ञानका यस्ता पाठ्यपुस्तक लेखक हुन्, जसले ०४६ तिर म र मजस्तै थुप्रै विज्ञान विषय लिएर उच्च शिक्षा हासिल गर्ने विद्यार्थीको सपनालाई ध्वस्त बनाइदिएका थिए । एकपटक सबैले खोजेर हेरे हुन्छ, डा सा'बले ०४६ तिर कक्षा ९ र १० का लागि तयार पारेको विज्ञान विषयको पाठ्यपुस्तकको स्तर कस्तो थियो भनेर । त्यतिबेला एसएलसीमा विज्ञान विषयमा एक ढाँचाको प्रश्न सोधिन्थ्यो । जबकि, उनले लेखेको किताब अर्कै ढाँचाको थियो । उनको किताब एसएलसी-मैत्री पटक्कै थिएन । सूक्ष्म दर्शकयन्त्रको चित्रले एउटा पाठको पेज भरिएको थियो । त्यसमा कुनै व्याख्या हुँदैनथ्यो । विज्ञानका अणुसूत्रलाई सजिलोसँग बुझ्ने न कुनै तरिका सिकाइएको थियो, न त कुनै पाठ छनोट र स्तरणको सिद्धान्त अनुकूल नै प्रस्तुत गरिएको थियो ।

बोर्डिङ स्कुलका साथीहरू स्तरीय र सरल भाषाको विज्ञानका किताब पढेर कहाँ पुगे, हामी सरकारी स्कुलका सोझाहरू ठगिनु ठगियौं । उनले आफूले पढाएका भनी उल्लेख गरेका रामवरण यादव, झलनाथ खनाल र छत्रमान गुरुङको उदाहरणले पनि उनी योग्य शिक्षक होइनन् भन्ने पुष्टि गर्छ । रामवरण र झलनाथ विज्ञानका विद्यार्थीका रूपमा होइन कि राजनीतिबाट चर्चित बनेका हुन् । छत्रमान पनि विज्ञानका उच्च अध्येता नभई सैनिक पेसाबाट चिनिएका हुन् । अतः शर्माको विज्ञानको प्राध्यापन जस पाउन लायकको पटक्कै देखिँदैन । सरकारी स्कुलमा पढेका विद्यार्थीलाई सम्झिएर सरल र सारगर्भित ढंगले पुस्तक लेखेर समयले दिएको दायित्व पूरा गर्नुको साटो झारा टार्ने स्तरको किताब लेखेका लेखकका रूपमा उनलाई धेरै पीडितले दुःखी मनले याद गर्नेछन् ।

हरिप्रसाद पण्डित
बगर, पोखरा, कास्की

islington.edu.np

islington college
(इस्लिङ्टन कलेज)

ing college

For Innovative & Strategic Leaders

ISLINGTON MBA

is here with

E-Commerce Certification by UTCC, Thailand & Alibaba Group, China

International Business Trip to Thailand & China

Co-develop ideas with Business Experts and obtain Venture Capital

Admission Open

UNIVERSITY PARTNER

LONDON METROPOLITAN UNIVERSITY

TRAINING PARTNERS

UTCC University of the Thai Chamber of Commerce
มหาวิทยาลัยหอการค้าไทย

Alibaba.com

Islington College | Kamalmarg, Kamalpokhari, Kathmandu

9801022446 | 9801022451 4441200 | 4412929 info@islington.edu.np /islingtoncollege

सोझै

स्रोत: नेपाल पर्यटन बोर्ड
इन्फोग्राफिक्स : यमन मानन्धर

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
नेपालमा पहिलो पटक नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
NS:191
IS : 1786
CM/L 4049454 Fe 500/Fe 500D
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
OYSTER
RHINO 500D 12
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

कोइरालात्रयको कांग्रेस चिन्तन



कुनै बेला 'हाई हाई कांग्रेस'लाई यसपटक मतदाताले 'बाई बाई' गरे । यस्तो बेला नेपाली कांग्रेसप्रति यदि कसैलाई चिन्ता छ भने ती कोइरालाहरूबाहेक अरू हुन सक्दैनन् । यसैले शशांक, शेखर र सुजाता कोइरालाहरू बेलाबखत सँगै बसेर 'लन्च' लिन्छन् । कांग्रेसलाई कसरी अगाडि बढाउने भन्ने चिन्तन गर्छन् । २ पुसको चिसो बिहानमा कोइरालात्रय यसपटक सुजातानिवास मण्डिखाटारमा भेला भए । निर्वाचनमा कांग्रेसले किन उत्तानो टाङ लगायो भनेर गम्भीर बहस पनि भयो । पार्टी संस्थागत ढंगले नचलेको र नेतृत्व कमजोर भएकाले निर्वाचनमा पराजित हुनुपरेको कारण पनि आविष्कार भयो । अब कोइराला परिवार जोस्सिएको छ । पार्टीलाई 'पुरानै अवस्थामा फर्काउने' अभियान थाल्ने कोइरालात्रयको धारणा छ । यस्तै धारणा ४ साउनमा पनि आएको थियो, जतिबेला उनीहरू टोखास्थित शशांक निवासमा जुटेका थिए । त्यतिबेला पनि पार्टी नेतृत्वको आलोचनामा उनीहरूले धेरै शब्द खर्चिएका थिए । शशांक पार्टीका महामन्त्री हुन् । शेखर र सुजाता दुवै केन्द्रीय सदस्य । नबुझिएको कुरा, के उनीहरू पार्टी नेतृत्वभित्र नपर्ने रहेछन् ? अनि, कांग्रेसलाई पुरानै अवस्थामा फर्काउने भनेको चाहिं के रहेछ ? गिरिजाप्रसाददेखि सुशील कोइरालाले जसरी पार्टी चलायो भने कांग्रेस पुरानै अवस्थामा फर्किने हो ? कोइरालाहरूको कुरै नबुझिने के !

■ **वाटरगेट उपाध्याय**

गधा ज्योतिषी

शेरबहादुर देउवा सातपटक प्रधानमन्त्री हुने भविष्यवाणी गर्ने ज्योतिषी चुनावपछि कुन दुलोमा पसे, थाहापत्तो छैन । तर, हालै झापाको दमकमा आयोजित महोत्सवमा

संसद्भित्रै कारागार राखियोस्

प्रतिनिधिसभा र प्रदेशसभामा अपराधी, भ्रष्टाचारी, तस्कर, कमिसनखोर सबै वर्ग र क्षेत्रको सम्मानजनक प्रतिनिधित्व भएको छ । कोही अदालतमा मुद्दा धाइरहेका, कोही सजाय तोकिसकेका र कोही तोकिनेवाला छन् । भविष्यमा पनि कुन माननीय कतिखेर जेल सजायको भागीदार हुने हुन्, के थाहा ? सजायका लागि एकसेएक योग्यता भएका माननीय संसद्मा पुगेका छन् । जनताले भोटै हालेर जिताइसकेपछि अब तिनलाई अन्य अपराधीसँगै राखेर जनमतको अपमान पनि गर्न भएन । तसर्थ, हरेक तहका विधायिकाभित्रै एउटा कारागार कक्षको व्यवस्था गरियोस् । अदालतले सजाय तोकिएका माननीयहरू त्यहीत्यही कक्षमा बसेर सजाय भुक्तान गरून् । तसर्थ, अपराधी माननीयको सम्मानजनक व्यवस्थापनका निम्ति तत्काल संसद् सचिवालयको यसतर्फ ध्यान जाओस् ।

■ **रुन्चे राइँलो**

कमरेडको सुझबुझ

परिस्थितिको वस्तुनिष्ठ मूल्यांकनका लागि एमाले महासचिव ईश्वर पोखरेलको जोडा कोही छैन । काठमाडौंबाट सडकमार्ग हुँदै जाने हो भने नुवाकोटको तारूका पुग्न दुई-अढाइ घन्टा लाग्छ । पार्टी एकता र सरकार बनाउने बेला उनले त्यतिका समय खेर फाल्न चाहेनन् । र, अन्य नेताहरूका साथ हेलिकप्टर चार्टर्ड गरेर पुगे गोरू जुधाइ मेलामा । त्यसको प्रतिफल सिंगो तारूकाले पाएको छ । जनताले आफ्नै आँगनमा हेलिकप्टरको दर्शन पाए । र, लडाकू गोरूहरूले पनि देशकै ठूला नेताको दर्शनभेट पाए । यदि हेलिकप्टरमा नगएको भए के हुन्थ्यो ? बाटोमा घन्टौं जाम भएर गोरू जुधाइ मेला छुट्न सक्थ्यो, गोरूहरूले कमरेडको अपूर्व दर्शनभेट नपाउन सक्थे । पोखरेलको गहिरो सुझबुझ र दूरदर्शिताका कारण

भारतबाट ल्याइएको भविष्यफल बताउने एउटा गधा ज्योतिषीका रूपमा देखा पऱ्यो । मेला खुलेको दिन नै यो गधा मेला हेर्न आएका मानिसहरूको प्रिय बन्यो । पैसा तिरेर गधासमक्ष आफ्नो भविष्य जान्न मानिसहरूको ताँती लाग्यो । तर, अचानक तेस्रो दिन नै यो भविष्यफल बताउने गधा मेलाबाट गायब भयो । कता गयो भविष्य बताउने गधा ? कतै नेपाली ज्योतिषीले गरेको भविष्यवाणी नमिलेपछि भरपर्दो भविष्यवेत्ता खोज्दै गरेकालाई चित्त बुझाउन बालुवाटारतिर पो लाग्यो कि ? कि कुन उपाय लगाउँदा छिटोभन्दा छिटो प्रधानमन्त्रीले कुर्सी छाड्छन् भनेर बताउन बालकोटतिर पो लाग्यो कि ? लौ न कसैले देख्नु भएमा दमकका मेला आयोजकलाई जानकारी गराउनु होला ! जानकारी गराउनेलाई उचित पुरस्कारको व्यवस्था गरिएको छ ।



■ सूर्जे नेवाः

यो सबै सम्भव भयो । कुनै पनि कुरा छुट्न पाएन । कमरेड र गोरूहरू सबै बधाईका भागीदार हुन् ।

■ लाल कुमाल

झटारो | ■ लक्ष्मण गाम्नागे

विकासका विलक्षण

स्थानीय निकायहरूमा चुनाव हुन नसकेकाले विकास र समृद्धि हुन नसकेको भनेर हामीले बारम्बार सुनेका थियौँ । कुरा हो नै रहेछ । जनप्रतिनिधि नभएरै विकास अड्किएको रहेछ भन्ने कुरा निर्वाचनपछि पक्कापक्की नै भयो । स्थानीय निकायहरूको निर्वाचन भएको पाँच महिना पनि भएको छैन, विकासका लक्षणहरू यति तीव्र गतिमा देखा परे कि हामी त हेऱ्याहेऱ्यै भयौँ । प्रदेश र केन्द्रका चुनावपछि हालैका लक्षणहरू हेर्दा पनि विकासले गति लेला नै जस्तो देखिन्छ । निर्वाचन सम्पन्न भएको ६ महिना पनि नपुग्दै नयाँ सरकार गठन भइहाल्लाजस्तो छ ।

अहिलेलाई स्थानीय विकासकै कुरा गरौँ । हाम्रा जनप्रतिनिधिहरू गाउँगाउँमा विकासका लहर ल्याउन कम्मर कसेर लागिसके । चुनाव जित्ने बित्तिकै विकासको पूर्वाधारको रूपमा रहेको यातायातको विकासमा स्थानीय जनप्रतिनिधिहरूको आँखा पऱ्यो । सुगम मात्र होइन, दुर्गम गाउँपालिकाहरूले पनि सडक पुग्नुभन्दा पहिल्यै मोटर र मोटरसाइकलहरू जोडिसके । भरियालाई बोकाएर भए पनि गाउँपालिकाका आँगनमा उनीहरू गाडी उभ्याउँदैछन् । धेरैले ड्राइभिङ तालिमहरू पनि लिइसके । कम्तीमा अब गाउँपालिकाको आँगनदेखि प्रमुखका घर-आँगनसम्म पुग्ने बाटो अवश्य बन्नेछ । वडाध्यक्षहरूले मोटरसाइकलका लागि टेन्डर आह्वान गरेका छन्, सदस्यहरूले स्कुटर मगाउँदैछन् । यसरी हेर्दा गाउँ, टोल, भीर, पाखा र पहरामा पनि सडक विस्तार हुने लक्षण देखा पऱ्यो ।

विकासको पूर्वाधार भनेकै यही हो । विकासमा हात हालिहाल्नुभन्दा पहिला आधारहरू बलियो बनाउने । सडक बन्नुभन्दा पहिल्यै मोटर तयार राख्ने । काठमाडौँ र ललितपुर महानगरहरूका मेयरले उपत्यकामा रेल दौडाउने भन्थे । तर, उनीहरूले अहिलेसम्म रेलका डिब्बाहरू खरिद गरेकै छैनन् । ती चलाउने चालक र कर्मचारीहरू नियुक्त गरेर तालिम दिएकै छैनन् । पहिला यो गरिहाल्नु पऱ्यो । बिजुली नपुगेका गाउँपालिकाले तुरुन्तै बल्बहरू किनेर ल्याएर जनतालाई बाँड्दै गरेमा जनताले विकासको अनुभूति गर्दै गर्छन् । यसले अर्कोपल्ट चुनाव जित्ने आधार पनि खडा गर्छ । विकासको यो तरिका धेरै दूरदर्शी र टिकाउ हुन सक्छ ।

गाडी, मोबाइल, तलब-भत्ताको व्यवस्थापनपछि हाम्रा जनप्रतिनिधिहरू विकासका अरू काममा पनि कस्सिएरै लाग्न थालेका समाचारहरू आइरहेका छन् । न्याय सम्पादन गर्ने अधिकारको भरपूर उपयोग गर्दै उनीहरू गाउँगाउँमा हुने लोग्नेस्वास्नी कुटाकुट, छिमेकीले आली ताछेका, केटी भगाएका, जार काटेका, कुखुराले बिस्कुन खाइदिएका, बाहुनलाई सुँगुरले छोएका इत्यादि मुद्दा-मामिलाहरू मिलाउन रातोदिन खटिइरहेका छन् । विकासका लक्षणहरू यसरी धमाधम प्रकट हुँदैछन् ।

थुप्रै गाउँ, नगर, महानगरहरूमा विकासका अरू लक्षणहरू पनि देखा पर्न थालेका छन् । काठमाडौँ महानगरले त सबैलाई नेतृत्व नै गरिरहेको छ । मेयर र उपमेयरहरूबीच तानातान र हानाहान सुरु भइसकेको छ । ताला लगाउने र फुटाउने प्रतिस्पर्धाहरू पनि भइसकेका छन् । एकअर्काको खुट्टा तान्ने, छिर्के हान्ने खेल सुरु भइसकेको छ । राजधानीसँग सिक्दै कति गाउँ-नगरहरूमा हाम्रा जनप्रतिनिधिहरू एकआपसमा भिडन्त गर्न थालिसकेका छन् । प्रवेश निषेध, धर्ना, जुलुस, बहिष्कार आदिका क्रमहरू सुरु भएका समाचारहरू आउँदैछन् । यसरी विकास र समृद्धिका सयौँ टड्कारा लक्षणहरू पाँचै महिनामा यति धेरै देखिइसके कि यही तरिकाले विकास पनि हुँदै गयो भने पाँच वर्षमा हाम्रो देश स्वर्ग हुने र हामी स्वर्गवासी हुने पक्का छ । प्रतीक्षा गरौँ ।


kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
LEADERSHIP
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
Is leadership just about performing or is it about motivation, inspiration and guidance? What does it take to become a leader?
Find all you need to know about Leadership.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

रत्नशमशेर थापा ॥



गीतमा प्रतिबन्ध

विसं २०१७ सम्म प्रेम र यौवनका गीतहरूको बोलवाला थियो । त्यतिबेलाका प्रायः गीत रसरंगमा आधारित भएरै रचना गरिन्थे । यस्तै गीत लेख्न र गाउनमा प्रतिस्पर्धा थियो । मैले पनि त्यस्ता थुप्रै गीत लेखें, जस्तो : 'ए कान्छा ठट्टैमा...', 'स्वर्गकी रानी...', 'घुम्तीमा नआऊ है...', 'त्यो खोलाको सङ्लो पानी...' आदि, इत्यादि । त्यसमध्ये 'त्यो खोलाको सङ्लो पानी...' त अश्लील भयो भनेर *गोरखापत्र*ले सम्पादकीय नै लेख्यो र *रेडियो नेपाल*ले प्रतिबन्ध लगायो । त्यसउप्रान्त त्यो गीत रेडियोबाट कहिल्यै बजेन ।

यत्तिकैमा एक दिन नारायणगोपालले 'केवल मायाप्रीतिका मात्र गीत कति लेख्छस्, फरक ढंगका पनि लेख् न, त्यस्ता गीत गाउने मलाई खुब धोको छ' भन्यो । एकदिन नारायणगोपाल र म नयाँ परिवेश अनुरूपका गीतका बारेमा हाम्रो घरमा बसेर चर्चा गरिरहेका थियौं, यत्तिकैमा एक हुल माग्नेहरू गेटमा आएर 'अलौक भिक्षा पाऊँ !' भन्दै कराएको सुन्यौं र देख्यौं । नारायणगोपाललाई के लागेछ कुन्नि ? 'यिनै माग्नेका दुःखलाई लिएर गीत लेख् न त ?' भन्यो । मलाई पनि उसको कुरा खुब जँच्यो । तत्कालै एउटा स्थायी पंक्ति फुराएँ, 'एक मुठी चामल पाऊँ लौ हजुर, जयजय मनाऔंला !'

स्थायी पंक्तिलाई हामीकहाँ धूँवा भन्ने चलन छ । नारायणगोपालले यो सुनेपछि भन्यो, 'धूँवा त धुँवादार छ त !' त्यसपछि अन्तरा थपें, 'धर्म कठै बग्यो कर्मले है ठग्यो, घरघर मगन्ते भेषमा डुल्नुपऱ्यो ।' र, अन्त्यमा लेखें, 'बिहानीका तारा हामी सर्वहारा, धूलोमा लडी ओड्दछौं शीतका धारा ।'

नारायणगोपालले यो गीत खुब मन परायो । उसकै संगीतमा *रेडियो नेपाल*बाट प्रत्यक्ष प्रसारण भयो । संगीतकार तथा गायकले मात्र होइन, मैले पनि धेरै नै प्रशंसा र वाहवाही पाएँ । तर, दुर्भाग्य ! यो गीतले दोस्रोपटक बज्ने मौकै पाएन । *रेडियो नेपाल*ले एकतर्फी रूपमा प्रतिबन्ध लगाइदियो ।

त्यसबेलाको राजनीतिक व्यवस्था नै त्यस्तै थियो । किन मेरो गीत बजेन भनेर सोध्ने अवस्थै थिएन । मैले पनि त्यो गीत दोहोरिएर किन बजेन भनेर रेडियो प्रशासनसँग सोधिनँ । रेडियो प्रशासकसँग कारण सोधियो भने गीतका रिल काटिदिने र क्यासेट छेडखानी गरेर सधैंभरिका लागि बज्नै नमिल्ने गरेर थन्काइदिन्थे । यसै पनि *रेडियो नेपाल*का कर्मचारी र बाहिरका गीतकार र गायकहरूमा ठूलो विभेद थियो । गीत रचना गर्ने हामी मात्र होइन, नारायणगोपालजस्ता गायक र संगीतकार पनि त्यसको प्रत्यक्ष मारमा परेका थिए । त्यस कारण पनि रेडियो प्रशासनसँग दोहोरो कुराकानी गरिँदैनथ्यो ।

पछि, साथीभाइ एवं नजिकका इष्टमित्रबाट थाहा पाएँ, खासमा 'सर्वहारा' शब्दका कारण गीत नै प्रतिबन्धमा परेको रहेछ । 'सर्वहारा' शब्द कम्युनिस्ट शब्द हो भनेर प्रतिबन्ध लगाइएको रहेछ । त्यसै गरी, युवा एवं नयाँ पुस्तालाई मध्यनजर गरेर नारायणगोपालकै अनुरोधमा रचिएको र उसैले संगीत दिएर गाएको 'हाँस्छौं गाउँछौं वसन्त ल्याउँछौं प्रेमको अनुरोधमा, धन्ना लिन्नौं हामी केही उनको विरोधमा' भन्ने मेरो अर्को गीतमाथि पनि प्रतिबन्ध लगाइयो । त्यसरी एकपटक बजेका मेरा झन्डै १० वटा गीतमाथि *रेडियो नेपाल*ले बन्देज लगायो । पछिल्लो गीतमा 'उनको विरोधमा' भन्ने वाक्यांश राजालाई लक्षित गरिएको भनेर प्रतिबन्ध लगाइएको रहेछ ।

प्रतिबन्धमा परेका मेरा अधिकांश गीत नारायणगोपालले नै गाएको थियो । *रेडियो नेपाल*को एकाधिकार यस्तो थियो कि त्यहाँका हाकिमहरूलाई लागेपछि लाग्यो, लाग्यो । बाहिर केही कुरा गरेको या *रेडियो नेपाल*का बारेमा कुरा काटेको चाल पाएपछि उनीहरूको कोपभाजनमा परिहालिन्थ्यो । नारायणगोपाल र म त्यसको बढी सिकार भयौं ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

संकटमा चारखुट्टे सवारी

भेडापालक र सामुदायिक वन उपभोक्ताबीच द्वन्द्व

वसन्तप्रताप सिंह/चैनपुर (बझाङ)

कुनै बेला बझाङ, बाजुरा, डोटी, अछामलगायतका सुदूर पहाडको नुनको गर्जो तिब्बतबाट भेडाले बोकेर ल्याएर टार्थे । भेडालाई बोकाएर ल्याइएको भोट (तिब्बत)को ऊन केही दशकअघिसम्म यहाँका बासिन्दाको कपडा बनाउने प्रमुख कच्चा पदार्थ थियो ।

समय यस्तो थियो कि त्यतिबेला भेडावालाको सान-सौकत नै बेग्लै हुन्थ्यो । बर्खामा हाट (बझाङ, अछाम हुँदै डोटी) पुग्ने र हिउँदमा भोट (सोही बाटो फर्केर चीनको तिब्बतसम्म) पुग्ने भेडापालकहरूसँग मित्रता गाँस्नका लागि बाटोमा पर्ने गाउँलेहरू तँछाड-मछाड गर्थे । कतिसम्म भने सामान्य खालका अपराधका घटनाहरू पनि गाउँलेहरू लुकाउँथे, प्रशासनसम्म पुग्दैनथ्यो । भेडावाला बिच्किएर अर्को वर्ष नआउने हुन् कि भन्ने डरले त्यसो गरिन्थ्यो ।

यस्तो किन पनि हुन्थ्यो भने भेडापालकहरू नुन लिएर गाउँ पसेनन् भने यहाँका बासिन्दाले या त महिनौँ लगाएर पिठ्युँमा बोकेर तिब्बतबाट वा भारतको झुलाघाटबाट नुन ल्याउनुपर्थ्यो, या त अलिनै छाक टार्नुपर्थ्यो । त्यसरी नुन लिन हिँडेकाको विभिन्न कारणले बाटैमा मृत्युसमेत हुने गर्थ्यो । त्यतिबेलाका दिन सम्झँदै काँडाका कम्मान बोहरा, ६८, भन्छन्, "भेडावालाहरूले गाउँमा सानोतिनो गल्ती गरे पनि कसैले केही भन्दैनथे । जहाँ गयो, त्यहीँ स्वागत हुन्थ्यो । काम गर्दा दुःख भए पनि गाउँलेले गर्ने माया र सम्मानले खुसी नै लाग्थ्यो ।"

समय फेरियो । गाउँगाउँमा यातायात पुग्यो र बजारको विकास भयो । समयले मानिसहरूको जीवनशैली फेरिदियो । परापूर्वकालदेखिको यो नुन र ऊनको व्यापारको शृंखला तोडियो । परिस्थितिले यसरी कोल्टे फेर्‍यो कि कुनै बेला गाउँमा स-सम्मान स्वागत गर्ने तिनै गाउँलेहरू भेडापालकहरूलाई विभिन्न बहानामा गाउँ प्रवेश गर्नबाट रोक्न थाले । दुःख दिन थाले । गर्दै नगरेको गल्तीमा पनि उनीहरूले जरिवाना तिर्नुपर्ने र कारबाही भोग्नुपर्ने अवस्था आइलाग्यो । त्यसैले बाजे-बराजुका पालादेखिख नै भेडापालनलाई मुख्य पेसाका रूपमा अँगालेका किसानहरू विभिन्न समस्याका कारण यस पेसाबाट दिक्क हुन थाले ।

भेडापालन बझाङका हिमाली क्षेत्रका बासिन्दाको परम्परागत पेसा मात्र होइन, अहिले पनि सडक यातायात नपुगेका ठाउँमा खाद्यान्न, लत्ता-कपडा र दैनिक उपभोग्य सामानहरू ढुवानी गरेर दुर्गमका जनतालाई सुविधा दिने माध्यम पनि हो ।

हिउँद याममा बझाङका विभिन्न जंगल चहार्दै बैतडी हुँदै डोटी जिल्लाको छपाली, बौलेख र सकाइलसम्म पुग्ने र बर्खामा डोटीदेखि साइपाल हिमालसम्मको यात्रा गरी भेडा-च्याङ्ग्रापालन गर्दै आएका किसानहरू सामुदायिक वनको नाममा स्थानीयले अनावश्यक दुःख दिन थालेपछि परम्परागत व्यवसाय नै छोड्ने मनस्थितिमा पुगेका छन् ।

परापूर्वकालदेखि भेडा चर्ने, हिँड्ने र बास बस्ने ठाउँमा स्थानीयहरूले अवरोध गर्न थालेपछि जिल्लाको साबिकको काँडा, मेलबिसौना, रिलु, मष्टा, कैलाश, गडराय, दहवगर, सैनपसेला लगायतका हिमाली गाविसका करिब ४ सय ५० परिवारले पालेका ४० हजारभन्दा बढी भेडा-च्याङ्ग्रालाई चरन संकट भएको छ । भेडालाई चरन अभावसँगै भेडापालनमा आश्रित परिवारका सयौँको जीविका पनि संकटमा परेको छ ।

साइपाल हिमालदेखि डोटीसम्मको यात्राका क्रममा आफूहरू धेरै ठाउँमा लुटिने, कुटिने र ठगिने गरेको भेडापालकसमेत रहेका काँडा गाउँपालिकाका सुनपाल बोहराको कटु अनुभव छ । भन्छन्, "सामुदायिक वनमा भेडा चराएबापत शुल्क तिर्नुपर्छ भनेर एउटा समूह आउँछ ।

तस्बिर : वसन्तप्रताप सिंह

भेडा-च्याङ्ग्रामार्फत चामल ढुवानीका क्रममा काँडाका जसवीर बोहरा

उनीहरूलाई पैसा दिएर पठायो, केही दिनपछि अर्को समूह आएर सामुदायिक वनका पदाधिकारी त हामी हौँ भनेर फेरि पैसा असुल्छन् ।" एउटै वनमा सात दिन भेडा चराएबापत पटक-पटक गरी २५ हजार रुपियाँसम्म तिरेको दुखेसो सुनाउँदै उनी भन्छन्, "पैसा नदिए त भेडा नै खोसेर लैजान्छन् ।"

पैसा तिरेर पनि शान्तिसँग भेडा चराउन नपाएको गुनासो छ, काँडाका अर्का भेडापालक ध्यान्टु बोहराको । कारण, जंगलमा चराउन छोडेका भेडा पनि चोरेर लगिदिन्छन् । बझाङदेखि डोटी लैजाँदा र ल्याउँदा वर्षमा कम्तीमा पनि २०/२५ भेडा-च्याङ्ग्रा चोरकै लागि छुट्याउनुपर्छ ।

राती बास बस्ने ठाउँमा ढुंगा हान्ने, मदिरा खाएका समूह आएर भेडा खोसेर लैजाने, कुटपिट गरेर दुःख दिने गरेको उनको दुखेसो छ । जाडो याममा हिमाली क्षेत्रमा हिउँ पर्ने भएकाले भेडा-च्याङ्ग्रालाई बेसीमा झार्नुपर्ने उनीहरूको बाध्यता छ । भौगोलिक दृष्टिले नेपालकै ठूलो गाउँपालिका हो, काँडा । तर, खेतीपाती नहुने भएका कारण यहाँ अधिकांश परिवार अहिले पनि भेडापालन व्यवसायकै भरमा जीविका चलाउँदै आएका छन् । जस्तो : यस गाउँपालिकाका मात्र ३ सय ६३ परिवारमध्ये २ सय ५० भन्दा बढी परिवार भेडापालन व्यवसायमा संलग्न छन् ।

समयसँगै भेडाको आवत-जावतको रूटमा पर्ने गाउँलेहरूले गर्ने व्यवहार फेरिएकामा भेडापालकहरूले चित्त दुखाएका छन् । काँडाकै भेडापालक मातवीर रोकाया भन्छन्, "बाजे-बराजुका पालादेखि हामीले नै नुन खुवायौँ । भोटको ऊन बोकेर उनीहरूका घरघरमा पुर्‍यायौँ । त्यही ऊनको कपडा लगाएर सबैको लाज ढाकिएको थियो । अहिले त्यो गुन कसले सम्झिने ?" उनी सरकारले भेडापालन गर्नेहरूका लागि विशेष नीति बनाएर व्यवसाय गर्न सहज हुने वातावरण बनाइदिनुपर्ने बताउँछन् ।

सामुदायिक वनहरूको छाता संगठन सामुदायिक वन उपभोक्ता समितिका सचिव मंगलबहादुर खड्का भेडापालक र सामुदायिक वन उपभोक्ताबीच पछिल्लो समयमा द्वन्द्व बढेको स्वीकार्छन् । भन्छन्, "समुदायले संरक्षण गरेको वनमा हुलका हुल भेडा-च्याङ्ग्रा पसेर विनाश गर्न थालेपछि केही ठाउँमा चरिचरनमा रोक लगाएको भन्ने बुझिएको छ । धेरै वनहरूले शुल्क लिएर चराउने नियम लगाएका छन् । यो त सबैले पालना गर्नैपर्ने हुन्छ ।" कुनै सामुदायिक वनले नियम विपरीत शुल्क लिएमा वा कसैले अनावश्यक दुःख दिएमा कानुनी सहायता लिनुपर्ने उनको सुझाव छ ।

तर, प्रत्येक वर्ष त्यही ठाउँमा भेडा लिएर जानुपर्ने र रिसइवीका कारण झन् दुःख पाउने डरले आफूहरूले जस्तो अवस्था भए पनि चुपचाप बस्नुपर्ने बाध्यता रहेको भेडापालकहरू बताउँछन् । कैलाशका भेडापालक जंगबहादुर सिंह प्रश्न गर्छन्, "एकपटक मात्र जानुपर्ने भए उजुरी गरौँ भन्ने हुन्थ्यो । बर्सेनि त्यही बाटो हिँड्नुपर्छ । कसरी जोखिम उठाउनू ?"

वनका पदाधिकारीले गरेको अन्यायविरुद्ध उजुरी दिएको खण्डमा त्यही रिसइवीका आधारमा अर्को वर्षबाट त्यो वनको बाटो भएर भेडा हिँडाउन पनि नदिने गरेको उनको अनुभव छ । केही वर्षयता सामुदायिक वनको विस्तार भएसँगै बझाङको बाटो भएर तिब्बत जाने हुम्ला, मुगु, कालीकोट, बाजुरा आदिका भेडाको बथान यो बाटो हिँड्न छोडिसकेका छन् ।

भेडा चराउनकै लागि भनेर कतिपयले बाटोमा पर्ने सामुदायिक वनका पदाधिकारीहरूसँग मीत लगाएका छन् । पहिलेजस्तो स्वतन्त्र रूपमा भेडा चराउन नपाइने भएपछि यहाँका अधिकांश भेडापालकहरूले डोटीतिरका सामुदायिक वनका पदाधिकारीसँग मीत लगाउने गरेको काँडा, चुकझाडका बमबहादुर बोहरा बताउँछन् । "छ जनासँग मीत लगाएको छु । मीतलाई एउटा भेडा दियो भने एक महिना ढुक्कले चराउन पाइन्छ । नत्र त भनेजति जरिवाना तिर्नुपर्छ," उनी भन्छन्, "वनका मान्छेसँग मीत लाएपछि कसैले केही भन्दैन ।"

व्यवसाय गर्नलाई विभिन्न चलाखी गर्नुपर्ने र नभए व्यवसाय नै छोड्नुपर्ने बाध्यता भएको काँडाका पूर्वगाविस अध्यक्षसमेत रहेका भेडापालक रणबहादुर बोहराको अनुभव छ । चरन क्षेत्रमा देखिएको समस्याका कारण व्यवसाय नै संकटमा पर्न थालेकाले परापूर्वकालदेखि नै भेडा हिँडाउने, चराउने र बास बस्ने ठाउँमा देखिएको अवरोध हटाउनका लागि सरकारले नै पहल गर्नुपर्ने भेडा पालकहरूको माग छ ।

जिल्ला वन अधिकृत अशोककुमार श्रेष्ठले पनि भेडापालक र सामुदायिक वनबीचको द्वन्द्व बढ्दै गएका कारण यो पेसा नै संकटमा पर्न लागेको स्वीकार्छन् । श्रेष्ठका अनुसार भेडापालक र सामुदायिक वनको द्वन्द्वलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेबारेमा दुई वर्षदेखि अध्ययन भइरहेको छ । भेडापालन व्यवसायलाई निरन्तरता पनि दिने र सामुदायिक वनमा पनि असर नपर्ने मध्यमार्गी उपायको खोजी भइरहेको उनको भनाइ छ । तर, के यस्तो मध्यमार्गले भेडापालकहरूको पुरानो दिन फेरि फर्केला ? ◆

'के देउवाजी बलियो हुनुभयो त ?'

शेखर कोइराला नेपाली कांग्रेसका यस्ता नेता हुन्, जो न पार्टी सभापति शेरबहादुर देउवाको गुटमा छन्, न त वरिष्ठ नेता रामचन्द्र पौडेलको गुटमा । देउवा र पौडेल गुटमा रमाएकाले पार्टी जीवन्त हुन नसकेको उनको ठम्याइ छ । ४ माघको बिहान **सन्तोष आचार्य**सँग कोइरालाले यिनै कुरा प्रस्ट्याए । त्यही कुराकानीको सम्पादित अंश :



तस्विर : रवि मानन्धर

निर्वाचनमा नेपाली कांग्रेसको पराजयका खास कारण के–के हुन् भन्ने लाग्छ तपाईंलाई ?

हाम्रो संगठन धेरै कमजोर भइसकेको रहेछ । देश संघीय संरचनामा गइसक्यो । तर, पार्टी पुरानै संरचनामा छ । नेवि संघ, तरुण दल, महिला संघजस्ता भ्रातृ संगठनहरूको अस्तित्व छ कि छैन भन्ने प्रश्न उठ्यो, यसपटकको निर्वाचनमा । पार्टीले टिकट दिइसकेपछि कांग्रेसको उम्मेदवार नितान्त एक्लो देखियो । पार्टीको संरचनाले कहीँ पनि काम गरेन । पार्टीले होइन, व्यक्तिले चुनाव लडेजस्तो भयो ।

वाम गठबन्धन कारक होइन ?

सरकार फेरिइरहने प्रवृत्तिबाट जनता वाक्क थिए । वाम गठबन्धनले दिएको स्थिरताको नारालाई जनताले विश्वास गरे । हामीले लोकतान्त्रिक गठबन्धन भन्यौँ । तर, यो गठबन्धन कांग्रेसको हितका लागि भएकै रहेनछ । यो त केही दलका अमुक नेताका लागि मात्र बनेको रहेछ ।

तपाईंको आफ्नै पराजयको कारण नि ?

म ६ सय ७५ मतको अन्तरले पराजित भएँ । यसमा विभिन्न कारण होलान् । स्थानीय निर्वाचनमा पार्टी सभापति शेरबहादुर देउवादेखि रामचन्द्र पौडेलसँग लडेर–भिडेर जित्न सक्ने उम्मेदवारहरूलाई मैले टिकट दिलाएँ । उनीहरूलाई जिताउन सहयोग पनि गरेँ । यही कारण अर्को पक्षले असहयोग गर्‍यो, यस्तै आन्तरिक कारणले पराजित हुन पुगेँ ।

पार्टी पराजित हुनुको दोषचाहिँ कसले लिने ?

जसले पार्टीको नेतृत्व गरिरहेको छ भन्छ, उसैले बढी दोष लिने हो । हामी पुरानो र प्रजातान्त्रिक पार्टी भएकाले मतदाताले हामीलाई मात्रै भोट दिन्छन् भन्ने मानसिकता नेतृत्वमा देखियो । कांग्रेस सरकारमा हुँदा र नहुँदा गरेका कमी–कमजोरीहरू पनि हाम्रो हारको कारण बन्न सक्छ भन्ने नेतृत्वले बुझ्न चाहेन । यसमा

प्रधानन्यायाधीश सुशीला कार्कीमाथिको महाभियोग प्रकरण होला, प्रहरी महानिरीक्षक र राजदूत नियुक्ति प्रकरण पनि हारको कारण बन्यो ।

कांग्रेस र माओवादी सरकारमा सँगै थियो । स्थानीय निर्वाचनमा पनि दुई पार्टीबीच सहकार्य थियो । तर, माओवादीलाई तपाईंहरूले धकेलेर एमालेसँग गठबन्धन बनाउनुपर्ने तहमा पुर्‍याइदिनुभयो । दुई ठूला कम्युनिस्ट पार्टी एक ठाउँमा आएपछि कांग्रेसको पराजय निश्चित हुन्छ भन्ने कांग्रेस नेतृत्वलाई थाहा भएन ?

माओवादी र हामी सरकारमा सँगै हुँदा संसद्मा एक दिन प्रचण्डजीले 'तपाईंसँग कुरा गर्नुछ' भन्दै कुनातिर लानुभयो । उहाँले 'एमालेले मलाई संविधानसभाको निर्वाचनमा ४० प्रतिशत सिट दिँदैछ, म के गरुँ ?' भन्नुभयो । मैले सुझावमा उहाँलाई 'हामी त्यति त दिन सक्दैनौं, पार्टी नेतृत्वसँग कुरा गर्नूस्, कहीँ न कहीँ मिल्ने ठाउँ भइहाल्छ नि !' भनें । माओवादीलाई सरकारमा सँगै लिएर हिँडेपछि कांग्रेसको पनि केही दायित्व थियो । हाम्रो पार्टी नेतृत्वले माओवादी हामीसँगै हुन्छ, एमालेसँग जाँदैन भनेर सोच्नु नै गलत थियो ।

उसो भए कांग्रेसले माओवादीसँगै गठबन्धन बनाउनुपर्थ्यो, होइन ?

बनाउनुपर्थ्यो, सिट बाँडफाँटमा कुरा मिलाएर । प्रचण्डजी र हाम्रो पार्टी नेतृत्वबीच पनि कुराकानी भएको हो । तर, के कुरा मिलेन, त्यो उहाँहरूलाई नै थाहा होला । अर्को गल्ती पार्टी नेतृत्वबाट के भयो भने एमाले र माओवादीको गठबन्धन बनिसकेपछि हामीले अरू कुनै दलसँग गठबन्धन बनाउनु हुँदैनथ्यो ।

प्रसंग फेरौं, निर्वाचनमा कांग्रेसलाई प्रत्यक्षतर्फ र समानुपातिकतर्फ आएको मत परिणामले के संकेत गर्छ ?

समानुपातिकमा आएको मतको अर्थ हो, नेपाली जनताले अहिले पनि कांग्रेस पार्टी ठीक छ भनिरहेका छन् । प्रत्यक्षतर्फबाट आएको मतको अर्थ हो, उम्मेदवार चयनमा गम्भीर गल्ती भयो ।

भनेपछि, संसदीय बोर्डले जसरी उम्मेदवार छनोट गर्‍यो, त्यो नै गलत थियो ?

चाहे शेरबहादुर देउवा भन्नुहोस् वा रामचन्द्र पौडेल, दुवै जना गुटमा धेरै नै रमाउन थाल्नुभयो । गुटमा रमाएपछि संसदीय बोर्ड २१ सदस्यीय बन्न पुग्यो । जबकि, यो ११ सदस्यीय हुनुपर्थ्यो । शेरबहादुरजी र रामचन्द्रजी दुवैलाई आ-आफ्नो मान्छे राख्नुपर्ने भएकाले नै बोर्ड ठूलो बनेको हो । बोर्ड नै अवैधानिक भयो भन्ने आवाज अहिले उठिरहेको छ । संगठनमा काम नगरेका तर पैसाको बलमा उम्मेदवार बनेका दृष्टान्त पनि छन् । पैसाकै भरमा टिकट दिने प्रवृत्तिले संगठनलाई कमजोर बनायो ।

अब कांग्रेसका दिन के गर्दा फर्केलान् त ?

अब महासमिति बैठक चाँडोभन्दा चाँडो बोलाउनुपर्छ । महासमितिले व्यापक रूपमा विधान संशोधन गर्नुपर्छ । तीनवटा उपसभापति बनाउने र महामन्त्री थप्नेजस्ता कुराहरूमा मात्र लाग्नु हुँदैन । केही मान्छेलाई पदमा राखेर मात्र समस्या समाधान हुने होइन । केन्द्रीय समितिका केही साथीहरूलाई सम्बोधन गरेर मात्र पनि हुँदैन । हामी तल जरासम्मै पुग्नुपर्छ । पार्टीको 'ओभरहलिङ' नै आवश्यक छ । महासमितिबाट पार्टीगत समस्याहरू व्यापक रूपमा सुधार गरेर महाधिवेशनमा जानुपर्छ ।

कुनै पढेलेखेको क्षमतावान् व्यक्तिले कांग्रेसमा काम गर्न चाहृयो भने उसले चाहेको जिम्मेवारीमा पुग्न २०/२५ वर्ष लाग्छ । त्यसैले तपाईंहरूसँग नयाँ पुस्तालाई आकर्षित गर्ने कुनै मुद्दा नै छैन भन्ने गुनासो छ । के भन्नुहुन्छ ?

वास्तवमा नेपाली कांग्रेस 'कन्जरभेटिभ' पार्टी भइसकेको छ । जबकि, परिस्थिति धेरै बदलिसक्यो । हामीले बीपी कोइरालाको बेलाको जस्तो सोच्नु हुँदैन । युवा पुस्ताको मात्र कुरा होइन, त्यस्ता अरू पनि छन् । उनीहरू तलबाट आउने हो भने कहिल्यै माथि पुग्न सक्दैनन् । हाम्रो पार्टी संरचना नै त्यस्तै छ । तसर्थ, जबसम्म हामीले उनीहरूलाई 'ल्याटरल इन्ट्री' दिँदैनौं, तबसम्म उनीहरूलाई हामी आकर्षित गर्न सक्दैनौं ।

अब कांग्रेसलाई युवा नेताहरूले हाँक्न पाउनुपर्छ भन्ने मागमा तपाईंको धारणा के हो ?

गिरिजाप्रसाद कोइराला ८४ वर्षको उमेरमा युवा हुनुहुन्थ्यो । उहाँ सडकमा नउत्रिएको भए गणतन्त्र आउँथ्यो ? नेपाली कांग्रेस भनेको युवाहरूको जोस र पाकाहरूको होसबाट चल्ने पार्टी हो । केही युवा नेताले कांग्रेसको 'कल्चर' नै बुझेनन् । युवा र पाका पुस्ता दुवैको सम्मिश्रण गरेर जानुपर्छ । पार्टी केन्द्रीय समितिमा ४० प्रतिशत त युवा नै छन् । देशभरिका पार्टी सभापतिहरू पनि अधिकांश युवा नै छन् । खोइ त चुनावमा राम्रो परिणाम आएको ? त्यसैले युवा मात्र भनेर हुँदैन, सम्मिश्रण आवश्यक छ ।

गुटैगुटको कांग्रेसभित्र गुटको अन्त्यचाहिँ कसरी होला ?

नेवि संघ, तरुण दल, महिला संघ, दलित संघ आदिको नेतृत्वमा पार्टी सभापति देउवाजीका मान्छेहरू छन् । अनि, के यसबाट देउवाजी बलियो हुनुभयो त ? पार्टी बलियो भयो त ? पार्टी बलियो बनाउन सोच महत्त्वपूर्ण हो, आफ्नो मान्छे भनेर हुँदैन रहेछ । फरक मत राख्नेहरूलाई पनि समेट्न सक्नुपर्छ । विभिन्न विचार दिन सक्ने मानिसहरूलाई ठाउँ दिने हो भने पार्टी बलियो हुने हो । अरूको विचार नै नसुन्ने अनि कसरी पार्टी बलियो हुन्छ ? पार्टीभित्र ज-जसले गुट चलाइरहनुभएको छ, सबैको अवस्था यस्तै छ । उहाँहरू त्यहाँबाट माथि उठ्नुपर्‍यो ।

> **पार्टी केन्द्रीय समितिमा ४० प्रतिशत त युवा नै छन् । देशभरिका पार्टी सभापतिहरू पनि अधिकांश युवा नै छन् । खोइ त चुनावमा राम्रो परिणाम आएको ? त्यसैले युवा मात्र भनेर हुँदैन, सम्मिश्रण आवश्यक छ ।**

कसरी त ?

पार्टीभित्र विचार राख्न पाउनुपर्छ, विचार नै राख्न पाइँदैन त भन्नु भएन नि ! अनि, अलग विचार राख्नेलाई कांग्रेस होइन भन्न मिल्छ ? मैले आफ्नो विचार राख्न खोज्दा 'शेखर त आफ्नै गुट बनाउँदैछ' भनिन्छ । आफ्नो भनाइ राख्न नपाउने हो भने पार्टी 'अटोक्रेटिक' देखिन्छ ।

चुनाव हारेपछि कांग्रेसलाई लिएर विभिन्न टीका-टिप्पणी भए, पार्टी सभापतिले निर्वाचन परिणाम आउनासाथ केन्द्रीय समितिको बैठक बोलाउनु पर्दैनथ्यो ? सभापतिले बैठक नबोलाएपछि हामीहरूले आफ्नो कुरा कहाँ राख्ने ? जबकि, हामीले पटक-पटक बैठक बोलाउन भनेका छौं । विचार 'भेन्टिलेट' गर्न ठाउँ नदिने अनि आफ्नो कोटरीलाई च्यापेर मात्र बसिरहने ?

फेरि फरक प्रसंग, कोइराला परिवारका तपाईं तीन सदस्य बेलाबेला भेटघाट गर्नुहुन्छ । एकताको सन्देश दिन यसो गरिएको भनिन्छ । के विगतमा कोइराला परिवार विभाजित भएकाले पार्टीले दुर्दशा भोग्नुपरेको भन्न खोजिएको हो ?

शेरबहादुरजी, रामचन्द्रजीलगायत आफ्नो कोटरी वा गुटसँग बसेर छलफल गर्नुहुन्छ । तर, हामीले भेटघाट गर्दा किन यत्रो 'इस्यु' बनेको भन्ने मैले बुझेको छैन । हामी तीन जना एक ठाउँमा उभिएका छौं भन्ने कुरा कांग्रेसलाई होइन, नेपाली जनतालाई स्पष्ट पारिदिनुहोस् ।

पहिले एक हुनुहुन्थेन र ?

पहिले पनि थियौं । तर, मिडियाले नै फलानो यो गुटमा छ, ढिस्कानो अर्को गुटमा छ भन्ने गरेकाले नि ! ◆

विमर्श

अच्युत वाग्ले

फेरि कम्युनिस्ट पार्टी नै

कम्युनिस्ट राजनीति जिउँदो रहनका लागि एउटा दृश्य-अदृश्य राजनीतिक 'शत्रु'को उपस्थिति अपरिहार्य हुन्छ। पाखुरा सुर्केर, औँला ठड्याएर निरन्तर 'संघर्ष' गर्ने विरोधीको अभावमा कम्युनिस्ट राजनीतिको अस्तित्व कायम रहन असम्भव छ । किनभने, यसको सैद्धान्तिक जग 'सद्भाव र सिर्जना' नभएर 'क्रान्ति र संघर्ष' हो । सिंगो कम्युनिस्ट अवधारणाको जन्म, अभ्यास र मान्यता प्रणाली कुनै शत्रुविरुद्धको संघर्षवरिपरि नै घुमिरहन्छ। सबै कम्युनिस्ट क्रान्तिका दस्तावेज र साहित्य त्यसरी नै लेखिएका छन्। 'कम्युनिज्म' मूलत: सक्रियात्मक (प्रोयाक्टिभ) नभएर प्रतिक्रियात्मक (रियाक्टिभ) राजनीति हो भन्ने त यसका प्रणेता कार्ल मार्क्सले 'सामाजिक घर्षण' र 'अनन्त वर्ग संघर्ष'को परिकल्पनामा नै व्याख्या गरेका छन्।

भर्खरै सम्पन्न संघीय र प्रादेशिक व्यवस्थापिकाहरूको चुनावमा नेकपा एमाले र माओवादी केन्द्रको गठबन्धनले राज्य चलाउन पर्याप्त बहुमत ल्याएको छ । तथापि, गठबन्धन बनेदेखि नै उसको राजनीतिक औचित्य पुष्टि गर्ने आधार मुलुक विकासको नयाँ दृष्टिकोण प्रस्तुति र प्रसार बनेको छैन । प्रधानमन्त्री शेरबहादुर देउवा राष्ट्रियसभाको चुनाव सार्दैछन्, उनी सत्ता लम्ब्याउन कोसिस गर्दैछन् वा निर्वाचन आयोग संविधान अनुरूप काम नगरेर सरकारको इसारामा काम गरिरहेको छ जस्ता अस्थायी नाराहरूमा यत्रो शक्ति रुमलिएको छ। युद्ध हारेको जर्नेलको मानसिकतामा रहेका देउवाले कति दिन सत्ता लम्ब्याउन सक्लान् ? वा, निर्वाचन आयोगले पर्याप्त संवैधानिक र कानुनी आधारबिना कसरी कुनै निर्णयलाई अड्काउन सक्ला ? तर, यस्ता कुराको क्षणिकै भए पनि विरोध नगरे एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई राजनीतिक भाषणको बीउ फेला पार्न मुस्किल परेको बुझ्न सकिन्छ।

अब यी मुद्दा किनारा लाग्दै गर्दा उनीहरूले अर्को शत्रुको खोजी गरिसकेका छन्, देशी-विदेशी शक्तिहरू, जो उनीहरूको एकता भाँड्न मरिमेटेर लागिपरेका छन् । यो शत्रुको आकार जादुमय छ। मानौँ, ओली र दाहाल बन्द कोठाभित्र गम्भीर एकता वार्ता गरिरहँदा त्यसका अदृश्य भूत उनीहरूकै छेउमा बसिरहेको हुन्छ। कम्युनिस्ट नेताहरूको यस्तो मनोदशा त्यही बिनाशत्रु उभिनै नजान्ने कम्युनिस्ट दीक्षाको स्थायी प्रभाव हो।

विश्वासको कमजोर धरातल

यी यथार्थहरू अबको नेपालको राजनीति, राज्य सञ्चालन र विकास-समृद्धिका सम्भावित परिदृश्यहरूप्रतिको निश्चित लक्षण हो। सरकार चलाउन तयार रहेको भनिएको गठबन्धनका नेताहरूबीच अरू कुनै बाह्य तत्त्वले उक्साएर वा फकाएर एकता नभाँडिने तहसम्मको विश्वाससमेत विकसित भइसकेको छैन । कथम् गठबन्धन भाँडियो भने यसको दोषी आफैँबीचको अविश्वास र लेनदेन नमिल्नु हुने छैन, देशी-विदेशी प्रतिक्रियावादीहरूको षड्यन्त्र हुनेछ । १९ साउन ०७३ को व्यवस्थापिका-संसद्मा दाहालले ओलीविरुद्ध दिएको वक्तव्य धेरैको सम्झनामा ताजै हुनुपर्छ । त्यतिबेला, उनीहरूबीचको तथाकथित भद्र सहमति तोडेर ओली प्रधानमन्त्री पद छोड्न तयार नभएकामा दाहाल अत्यन्तै आक्रोशित थिए। ओलीले दाहाललाई अस्थिर चरित्रको पदलोलुप भएको आरोप लगाएका थिए । र, दाहालले आफू 'डाइनामिक' भएको तर्क दिएर अस्थिरताको आरोपको प्रतिरक्षा गरेका थिए। अहिले पनि ओली र दाहाल उनै हुन्। दुवैको चरित्र, पदलोलुपता र प्रधानमन्त्रीको कुर्सी हत्याउने आकांक्षामा तात्त्विक भिन्नता आएको छनक कतै देखिएको छैन । दुवैले सिद्धान्तको रक्षा, त्यागको उत्कट भावना वा दुई शक्ति मिलेर मुलुक विकास गर्ने चिन्ताले राजनीतिक गठजोड गरेका होइनन् भन्ने त प्रस्टै छ।

मत उपयोग : मिलेको स्वार्थ

चुनावी गठबन्धन बनाउनु दुवैको हितमा थियो। दुई पार्टीले छुट्टाछुट्टै उम्मेदवारी दिँदा धेरै चुनाव क्षेत्रमा दुवै हार्ने स्थिति थियो। यसरी दुवैतर्फका खेर जाने मतहरू एकअर्काका उम्मेदवारहरू जिताउन सदुपयोग भए । त्यसैले यो गठबन्धन वास्तवमै 'विन-विन' साबित भयो । तर, अब सत्ता सुखभोगको भागबन्डा यसभन्दा निकै कलह उत्सर्जक लेनदेन हुने निश्चित छ। किनभने, मूल आकर्षणको प्रधानमन्त्री पद अविभाज्य र एउटै मात्र छ। यतिखेर ओली र एमालेभित्र उनको गुटको अर्जुनदृष्टि प्रधानमन्त्रीको कुर्सीमा मात्र छ । त्यसको बदलामा उनले दाहाललाई कार्यवाहक पार्टी अध्यक्ष बनाउने वचनबद्धता त गरेका छन्। तर, एमालेभित्र दाहाललाई सहजै यो 'दु:खले आर्ज्याको' पार्टीमा हालीमुहाली गर्न नदिने पक्ष पनि कमजोर छैन। ओली-दाहालबीचको लेनदेन सहमति कार्यान्वयन हुनु झलनाथ खनाल, माधवकुमार नेपाल र वामदेव गौतमहरूको राजनीतिक 'करिअर'मा पूर्णविराम त हुँदै हो, यसभन्दा पछिको पुस्ताका नेताहरूका लागि पनि अनावश्यक प्रतिस्पर्धीहरूको

बनाउने र ?

आमन्त्रणसमेत हो । ओली र दाहालले पालैपालो सरकार र पार्टी चलाउने भएपछि बाँकी नेताहरू कसैको पनि हैसियत अनुसारको कुनै भूमिका सरकारभित्र वा बाहिर हुने छैन। राष्ट्रपति, सभामुखलगायतका पद मिलाएर बाँड्ने मानसिकता पनि ओलीले देखाएका छैनन् । एमालेको मूलधार राष्ट्रपति, प्रधानमन्त्री, सभामुख र पार्टी अध्यक्ष नछोडी एकता भए मात्र एउटै पार्टी बनाउने पक्षमा छन् । उपेन्द्र यादवको पार्टीलाई मिलाएर सरकार बनाउने ओलीको रणनीति यही कारण जन्मेको हो, जसले दाहाललाई भित्रैदेखि झस्काएको छ ।

यो परिदृश्य त ओली र दाहालबीच भएको सम्झौता कार्यान्वयनको आदर्श स्थितिको हो । दाहाललाई अरू दुईवटा आसन्न सम्भाव्यताहरूले अत्याएको छ । पहिलो, यदि ओलीले यसअघि गरेको विश्वासघातझैं अबको अढाई वर्षपछि प्रधानमन्त्री पद हस्तान्तरण गरेनन् भने उनी के गर्छन् ? दोस्रो, उनी कथम् एमालेको कार्यवाहक अध्यक्ष बनाइए पनि वास्तविक निर्देशन सर्वशक्तिमान ओलीबाटै लिने तर उनलाई सिंगो संगठनले निरन्तर बाहिरियाको व्यवहार गर्‍यो भने उनी फेरि शरण लिन कांग्रेसतिरै दौडने अवस्था नआउला ? यसै पनि, प्रधानमन्त्री र पार्टी सभापति पदको दुई नेताबीच बाँडफाँट गर्ने कुरा, खासगरी राज्यशक्ति प्रयोगका सन्दर्भमा, एउटै दुहुनो गाईको मुख र कल्चौंडो दुई भाइबीच अंशबन्डा गर्ने प्रचलित नेपाली उखानजस्तै हो, प्रधानमन्त्रीय प्रणालीमा ।

दुई कम्युनिस्ट पार्टी एक हुन लागेको जुन प्रचार छ, त्यो पनि एउटा भ्रम नै हो । किनभने, उनीहरूकै भाषामा, संसदीय राजनीतिको पोखरीमा आकण्ठ डुबिसकेपछि आफू कम्युनिस्ट नै रहेको ढोंग गरिरहनुको अर्थ पनि छैन ।

आकारहीन सैद्धान्तिक खोल

एमाले-माओवादी एकताका स्वघोषित सूत्रधारहरू वामदेव गौतम र नारायणकाजी श्रेष्ठ दुवैले संसदीय चुनाव हारेका छन् । यसले उनीहरूको राजनीतिक हैसियतमा ठूलो प्रभाव पारेको छ । पार्टी र सरकार दुवैतिर निर्णायक पदमा दाबी गर्न उनीहरूलाई नैतिक असजिलो छ। उनीहरूले अघि सारेको एमालेको जनताको बहुदलीय जनवाद (जबज) र माओवादीको माओवादको बिल्ला वा फुर्को हटाउने प्रस्ताव सहजै स्वीकार गर्न खासगरी एमालेका लागि लगभग असम्भव छ । किनभने, कम्युनिस्ट पार्टी भएर पनि बालिग मताधिकारमा आधारित, बहुदलीय संसदीय राजनीतिक प्रणलीमा पदार्पणको सैद्धान्तिक आवरण यो राजनीतिक शक्तिलाई जबजले नै दिएको हो। र, यसलाई पार्टीले दुर्घटनामा मृत्यु भएका नेता मदन भण्डारीको सिर्जनात्मक योगदानका रूपमा प्रस्तुत गरेको छ । र, यसैको राजनीतिक दोहन गरेर अहिले मुलुकको पहिलो शक्ति बन्न सफल भएको छ ।

सबभन्दा महत्त्वपूर्ण पक्ष, जबज र माओवादका दुई पुराना सैद्धान्तिक खोल पहिले च्यातेर अनि गाँसेर सिलाइने नयाँ खोल कस्तो आकार र कति प्रस्तुतलायक होला ? यसको कुनै प्रारूप बनाउन एकताका पक्षधर भनिएकाहरू पनि सफल भएका छैनन्। त्यस्तो सफलताको सम्भावनासमेत एकदमै झिनो छ । यसका अनगिन्ती कारण छन् । मूल रूपले, कुनै सैद्धान्तिक सामीप्यका कारण त्यो अमुक सिद्धान्तलाई बचाइराख्ने पुनीत उद्देश्यले यो गठबन्धन निर्माण भएको होइन। सत्ता आरोहणका लागि आवश्यक संसदीय अंकगणित हासिल गर्ने व्यवहारवादी, स्वार्थको राजनीतिक आहालमा एकताको सिंगै अभ्यास अद्योपान्त डुबेको छ ।

दुई कम्युनिस्ट पार्टी एक हुन लागेको जुन प्रचार छ, त्यो पनि एउटा भ्रम नै हो । किनभने, उनीहरूकै भाषामा, संसदीय राजनीतिको पोखरीमा आकण्ठ डुबिसकेपछि आफू कम्युनिस्ट नै रहेको ढोंग गरिरहनुको अर्थ पनि छैन। कम्युनिस्ट सिद्धान्त यसको मौलिक स्वरूपमा संसारभर अस्वीकृत भइसकेको छ। र, वर्तमान राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिस्थिति अनुरूपको राजनीतिक शक्ति बनाउन कम्युनिस्ट परिभाषाकै 'क्रान्तिकारी लफ्फाजी' कायमै राख्नु पटक्कै आवश्यक छैन । मानौं, यी दुई शक्ति एकतालाई तार्किक निष्कर्षमा पुर्‍याउन सफल हुनेछन् । तर, इतिहासले मुलुकको एउटा पूर्णतः लोकतान्त्रिक शक्ति बन्न दिएको यो अवसरलाई सदुपयोग गर्न सकेनन् र यसलाई लत्याएर फेरि कुनै कम्युनिस्ट फुंदो जोडिएको, कालक्रम असुहाउँदो खोलभित्र गुडुल्किएर बाहिर आए भने त्यो मुलुक र लोकतन्त्रका लागि निरर्थक र सारमा प्रत्युपादक हुनेछ ।

वाम गठबन्धन निर्माणपछि यसका दुई नाराले जनतालाई सबभन्दा बढी आकर्षित गरेका छन्, राजनीतिक स्थायित्व र राष्ट्रवाद । राजनीतिक स्थायित्वको अर्थ कुनै एउटै पात्रलाई लामो समय प्रधानमन्त्रीको कुर्सीमा राखिराख्ने अर्थमा मात्र बुझियो भने त्यसले कुनै पनि अर्थमा मुलुकको हित गर्दैन। बीसौं वर्ष एकै व्यक्तिले शासन गरेका मुलुक झन् दरिद्र भएका उदाहरण प्रशस्त छन्। त्यस्तो स्थायित्व मुलुकको समृद्धिलाई गतिमान बनाउने दूरदृष्टि र नीतिगत प्रस्टतामा रूपान्तरित हुन सक्नुपर्छ। लोकतान्त्रिक अभ्यासको बाटो छोडेको स्थायित्व अझ घातक हुनेछ। संक्रमणकालीन न्याय, विधिको शासन र आर्थिक खुलापनलाई बहुमतको शक्तिले निमोठ्ने भय अवास्तविक होइन।

राष्ट्रवादप्रतिको वाम गठबन्धनको हौवाको परीक्षण हुन बाँकी छ। भारतीय हेपाहा प्रवृत्ति र भूकम्पले क्षतविक्षत भएको मुलुकमाथि क्रूर आर्थिक नाकाबन्दी लगाउन सक्ने उसको अमानवीय अनुहार नेपालीहरूलाई प्रिय लागेन । यही कारण, नेपालप्रतिको चिनियाँ चासो र हस्तक्षेपप्रति नेपालीहरू अहिले अलि बढी नै सहिष्णु देखिएका हुन् । र, एमाले र माओवादीलाई जोड्नका लागि प्रयुक्त चिनियाँ रसायनबारे साह्रै खोजीनिति नगरेका हुन् । नेपाली राष्ट्रवादको परिभाषा भारतको सट्टा चीनतिर झुक्नुलाई लगाइनु हुँदैन । चीनलाई खुसी पार्नकै लागि पार्टीको नाममा कम्युनिस्ट शब्द झुन्ड्याइरहनु पनि पर्दैन । वाम गठबन्धनलाई अहिले प्राप्त जनमतको अर्थ अर्को कम्युनिस्ट शक्ति निर्माणको 'म्यान्डेट'का रूपमा लगाइयो भने त्यो वास्तवमा कम्युनिज्म हुने छैन, 'अनाक्रोनिज्म' (कालभ्रम) हुनेछ । ◆

जिल्ला खुला दिसामुक्त, गाउँ शौचालयविहीन

सहरका शौचालय गनेर खुला दिसामुक्त क्षेत्र घोषणा गर्दाको परिणाम

विमल खतिवडा/इच्छाकामना (चितवन)

चितवनको सौराहास्थित होटल मोनालिसाका सञ्चालक केशव खनाल पुस तेस्रो साता विदेशीसहित ४० जनाको समूहका साथ एक दिन हिँडेर विकट बस्ती इच्छाकामना गाउँपालिका-१ को थाप्राङ पुगे। उनको समूहले त्यहाँ शौचालयको भयावह समस्या बेहोर्नुपर्‍यो। यतिसम्म कि, १७ जना विदेशीसहित गाउँ पुगेका खनाललाई शौचालय खोज्दैमा दिन बित्यो। ७८ घरधुरी रहेको यो गाउँमा जम्माजम्मी एउटा घरमा मात्र शौचालय फेला पर्‍यो। तर, त्यो पनि साँघुरो र टाढा। गाउँलेलाई लगाएर बास बस्ने ठाउँ नजिकै स्याउलाले बारेर अस्थायी शौचालय बनाए। विदेशीका लागि मात्र थियो त्यो। नेपाली पाहुनाले भने जंगल र बारीको पाटालाई नै शौचालय बनाउनु पर्‍यो।

खनाल चितवनका जुन गाउँ पुग्छन्, त्यहाँ यस्तै समस्या भोग्छन्। भन्छन्, "खुला दिसामुक्त भएको जिल्लाको हालत यस्तो छ। सहरका शौचालय गनेर खुला दिसामुक्त क्षेत्र घोषणा गर्दाको परिणाम हो यो।" ज्ञातव्य रहोस्, चितवन ६ वर्षअघि नै अर्थात् ०६८ मै खुला दिसामुक्त जिल्ला घोषणा भइसकेको छ। "गाउँमा शौचालय बनाएर खुला दिसामुक्त घोषणा गरिएको होइन रै'छ," अस्ट्रेलियाई पर्यटक लियोनार्ड भन्छन्, "सहरमा सुख, गाउँमा दुःख रै'छ।"

यो समस्या उनको मात्र होइन, गाउँमा पुग्ने नयाँ व्यक्तिले सधैँ भोगिरहनेमध्येको प्रमुख समस्या हो। गाउँमा खानेपानीको सुविधा हुँदासमेत शौचालय निर्माण गरिएको छैन। निर्माण गरिएका पनि प्रयोगविहीन छन्। शौचालयमा गएर दिसा पिसाब गर्नुपर्ने सामान्य ज्ञानसमेत विकट बस्तीका समुदायमा पुग्न सकेको छैन। चेपाङ, तामाङ, दलितलगायत समुदायको बसोबास रहेको बस्तीमा कमै शौचालय फेला पर्छन्।

प्यान कहाँ राख्ने भनेर समेत गाउँलेले

चितवनको कालिका नगरपालिका-१० स्थित सिद्धिमा प्रयोगविहीन शौचालय

जीवन बीमाको लागि नेपाल लाइफ नै किन ?

- रू. ५१.६७ अर्ब – सर्वाधिक लगानी
- रू. ७.७ अर्ब – बीमा दाबी भुक्तानी
- १५ लाख – भन्दा बढी बीमितहरूको विश्वास
- बीमितलाई सर्वाधिक प्रतिफल

सर्वाधिक
बोनस दर#

रू. ६५* देखि रू. ८२ सम्म

*हाल बिक्रीमा भएका बीमालेखहरूमा लागु हुनेछ ।

#आ.व. २०७२/७३ को घोषित बोनसदर प्रतिवर्ष प्रति हजार बीमाङ्कमा

##शर्तहरु लागु हुनेछ ।

बोनस दर बढी भएको कम्पनीमा बीमालेख अवधि समाप्तिमा, बीमालेख कर्जा लिँदा, बीमालेख समर्पण गर्दा तथा मृत्यु दावी भुक्तानी प्राप्त गर्दा बढी रकम पाईन्छ ।##

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

NEPALLIFE
सुरक्षा र समृद्धि

किनकि जीवन अमूल्य छ...

www.facebook.com/Nepallife.Insurance ९८५१०३३५२१

प्रधान कार्यालयः हेरिटेज प्लाजा १, दोस्रो तल्ला, कमलादी, काठमाडौं । फोनः ४१६९०८२ । फ्याक्सः ४१६९०५९
पो. ब. नं. ११०३० । ई-मेलः info@nepallife.com.np । वेवसाइटः www.nepallife.com.np

तस्बिरहरू : विमल खतिवडा

चितवनको राप्ती नगरपालिका-१३ स्थित सान्थलीको शौचालय (बायाँ) र चितवनको राप्ती नगरपालिकास्थित पिप्लेकी एक महिला वर्षौंदेखि घरमा थन्क्याएर राखेको ट्वाइलेट प्यान देखाउँदै

बुझेका छैनन् । त्यसैले कतै स्याउलाले बारेर प्यान राखिएको भेटिन्छ त कतै अगेनोमाथि झुन्ड्याइएको भेटिन्छ । कति शौचालयमा झार उम्रिएका छन् भने कति भत्किसकेका पनि छन् ।

गाउँमा सरसफाइको कमीले विभिन्न रोग लागेर समयमै उपचार नपाउँदा गाउँलेले अकालमा ज्यान फाल्नुपर्ने बाध्यता उस्तै छ । झाडापखालाको समस्या बर्सेनि देखा परिरहेकै छ । खुला दिसामुक्तको अभियान चलेका बेला केही घरले शौचालय बनाए पनि अहिले ती प्रयोगविहीन छन् । मोटरबाटो पुगेको गाउँमा मात्र गाउँलेले थोरबहुत शौचालय बनाएका छन् । पानी नभएको ठाउँमा त यो पनि सम्भव छैन ।

रोचक त के भने नगरपालिका घोषणा गरिएका गाउँ र त्यसका अगुवाका घरसमेत शौचालयविहीन छन् । जस्तो : राप्ती नगरपालिका-१३ स्थित श्यामराङका झ्यापुराम चेपाङ आफ्नो गाउँका अगुवा हुन् । तर, उनैको घरमा शौचालय छैन । चारपटक प्रधानपञ्च र तीनपटक जिल्ला विकास समिति सदस्य बनिसकेका उनी आफैं दिसा-पिसाब गर्न लौरो टेकेर बारीतिर जान्छन् । "पानी छैन, यस्तो ठाउँमा कसरी शौचालय बनाउनू ?" उनी भन्छन्, "हचुवाको भरमा खुला दिसामुक्त घोषणा गर्दा यस्तो भएको हो ।" उनको माग पहिला गाउँमा शौचालय बनाएर मात्र खुला दिसामुक्त घोषणा गरिनुपर्थ्यो भन्ने हो । तर, पहिला को हुने भन्ने होडमा बिनातयारी सिंगो जिल्लालाई खुला दिसामुक्त घोषणा गरियो । त्यसैले गाउँमा खोज्दा पनि शौचालय भेटिँदैनन् ।

कति गाउँमा वर्षौंदेखि खानेपानीको समस्या छ । मूलको पानी खोजेर खानुपर्ने बाध्यता छ । केही गाउँमा भने शौच गर्न सुंगुर लिएर जाने प्रचलन छ । किनभने, दिसा गरी सक्न नपाउँदै सुंगुरले खाइसक्छ र दुर्गन्ध फैलन पाउँदैन । "सधैं अनिकाल छ, पेटभरि खाने अन्न छैन," लोथर, सान्थलीका आइते चेपाङ भन्छन्, "कुन पैसाले शौचालय बनाउने ?"

६ असोज ०६८ मा सदरमुकाममा भव्य कार्यक्रम गरियो । तामझाम ठूलो थियो । लाग्थ्यो, जिल्लाभर शौचालय बनिसकेका छन् । प्रमुख अतिथि बनेर आएका तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङले चितवन खुला दिसामुक्त जिल्ला भएको घोषणा गरे । घोषणापछि यो अभियान सकिँदासम्म १५ करोड ६२ लाख रुपियाँ खर्च भइसकेको थियो । यही रकममध्येबाट जिल्ला समन्वय समितिले मात्र विभिन्न दातृ निकायको सहयोगमार्फत १ करोड ५ लाख रुपियाँ खर्च गर्‍यो भने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले युनिसेफ नेपाल र यूएन ह्याबिट्याटको सहयोगमा २ करोड ५४ लाख रुपियाँ खर्च गर्‍यो ।

तर, यसरी खुला दिसामुक्त जिल्ला घोषणा भए पनि यसको प्रभावकारिताबारे अहिलेसम्म कुनै पनि संघसंस्थाले न अनुगमन गरेका छन्, न त कति घरमा शौचालय छन् भनेर लेखाजोखा नै राखेका छन् । संघसंस्था सजिलै पुग्ने ठाउँमा मात्र जान प्रतिस्पर्धा गर्छन् । विकटका गाउँ उनीहरूको प्राथमिकतामा पर्दैन । नजिकका बस्तीमा संघसंस्थाको ओइरो लागे पनि पैदल यात्रामा पुगिने गाउँमा कमै संघसंस्था पुगेका भेटिन्छन् ।

खुला दिसामुक्त घोषणा गर्ने समयमा विकट बस्ती गाविसमा पर्थे । केही मात्र नगरपालिकाभित्र पर्थे । अहिले इच्छाकामना गाउँपालिका, राप्ती, कालिका नगरपालिकाको विकटका वडाहरू प्रायः शौचालयविहीन छन् । राप्ती नगरपालिकाकी मेयर प्रभा बराल गाउँमा मात्र नभएर सहरसँग जोडिएका गाउँमा समेत शौचालय नभएको बताउँछिन् । भन्छिन्, "खुला दिसामुक्त जिल्ला भन्न पनि लाज लाग्ने अवस्था छ ।" ◆

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78~81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, **चावहिल :** एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

वालवालिकाको भविष्यलाई गरौ सुरक्षित
Surya Life Insurance Co. Ltd.
website: www.suryalife.com
Email: info@suryalife.com
वालवालिका सम्बन्धी वीमाका लागि नजिकको
सूर्या लाइफको शाखामा सम्पर्क गरौं
SURYA LIFE

दृष्टिकोण

चन्द्रदेव भट्ट

भूराजनीतिक बहसमा भु

दक्षिण एसियाको भू-राजनीति संसारमा नै जटिल मानिन्छ। पछिल्ला दिनमा त यो झन्-झन् जटिल भएर गएको छ । यो जटिलताका पछाडि आधुनिक दक्षिण एसियामा राज्यनिर्माण प्रक्रियाको पनि महत्त्वपूर्ण भूमिका देखिन्छ। सिद्धान्ततः समान सामाजिक, धार्मिक, सांस्कृतिक, भाषिक र जातीय पृष्ठभूमि र सम्बन्ध भएका राष्ट्रहरूलाई एउटै मञ्चमा ल्याउनुपर्ने हो। तर, त्यसो हुन सकिरहेको छैन । बरू, राष्ट्रहरू विभाजित हुन पुगेका छन्। यदाकदा एकअर्काका विरुद्धमा समेत प्रयोग हुन पुग्छन्, जसले राष्ट्रियताको बहसलाई नै खलबल्याइरहेको छ।

यसपछाडिको सबभन्दा ठूलो समस्या राज्यनिर्माणको प्रक्रिया नै हो, जसले यी राष्ट्रहरूका बीचमा चरम कटुता ल्याएको छ । यस्तो सामाजिक संरचना भएको ठाउँमा आन्तरिक र बाह्य रूपमा चलखेल गर्ने प्रशस्त ठाउँ उपलब्ध हुन जान्छ। यस्तो राज्यनिर्माणको प्रक्रियाले धेरैजसो राष्ट्रहरू दोस्रो विश्वयुद्धपछि विभिन्न शक्तिराष्ट्रसँग निकटता कायम गर्न पुगे । यसले दक्षिण एसियाका राष्ट्रहरूलाई झन् विभाजित गऱ्यो ।

पश्चिमेली राष्ट्रहरूले १६औँ शताब्दीदेखि विज्ञानको क्षेत्रमा र सन् १८२० देखि विश्व अर्थतन्त्रमा आफ्नो प्रभुत्व जमाउँदै आएका छन् । तर, अहिले चीन र भारतको पुनरोदय, दोस्रो विश्वयुद्धपछि बनेको विश्व संरचनाका आधारहरू कमजोर हुँदै जानु, पश्चिमी राष्ट्रहरू आतंकवादको चपेटामा पर्दै जानु र त्यहाँ आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था खस्किँदै जानुले विश्व राजनीतिक वातावरणलाई प्रभावित गरेको छ। त्यसो त जहिले-जहिले पूर्वीय क्षेत्रका राष्ट्रहरू बलिया हुन्छन्, पश्चिमेली राष्ट्रहरू, कमजोर भएका छन् र जतिबेला पश्चिमेली बलिया हुन्छन्, पूर्वीय राष्ट्रहरू कमजोर भएका छन्। यो तर्कलाई नेलकोट पर्किसनले इस्ट एन्ड वेस्ट भन्ने पुस्तकमा राम्रोसँग व्याख्या गरेका छन् । साँच्चै भन्ने हो भने विश्व इतिहास दुईवटा सभ्यताबाट मात्र प्रभावित देखिन्छ, पूर्वीय र पश्चिमी। अरू सबै सभ्यता र क्षेत्र गौण छन्।

एसिया शक्ति राष्ट्रहरूको आकर्षणको केन्द्रविन्दु हुनुपछाडिको यो पनि एउटा प्रमुख कारण हो। अमेरिकालगायत अन्य राष्ट्रका यो क्षेत्रमा आफ्नै स्वार्थहरू छन् । यो स्वाभाविक पनि हो । किनभने, पछिल्ला दिनमा सर्वशक्तिमान राष्ट्र (सुपरपावर)को अवधारणाको विकास भयो र यो सर्वशक्तिमान राष्ट्रका लागि चाहिने ऊर्जा मित्रबाट मात्र होइन, त्यसभन्दा बाहिरको संसारबाट पनि आउनुपर्छ। यसर्थ, यसका लागि दक्षिण एसियाका राष्ट्रहरू पनि प्रयोग हुँदै आएका छन् । अहिले आएर चीन र अमेरिका एसियामा आफ्नै किसिमको प्रणाली निर्माण गर्न चाहन्छन् । चीनले एसियामा एकध्रुवीय शक्तिको कल्पना गर्छ भने अमेरिका बहुध्रुवीयको। त्यही अनुसार एसियामा विभिन्न किसिमका क्षेत्रीय र उपक्षेत्रीय संगठनहरूको निर्माण भएको छ। दक्षिण एसियाका सबै राष्ट्र यसबाट प्रभावित छन् । एसियामा जन्मेका विभिन्न किसिमका संगठनहरू जस्तै : सांघाई सहयोग संगठन र 'क्वाड', रणनीतिक स्वार्थ परिपूर्तिका लागि स्थापना भएका दुईवटा यस्ता संगठन हुन् । यस परिप्रेक्ष्यमा हामीले हाम्रो हितमा विदेश नीतिलाई कसरी सञ्चालन गर्ने र मुलुकमा राजनीतिक स्थायित्व, सामाजिक सद्भाव र आर्थिक समृद्धिलाई कसरी अगाडि बढाउने भन्ने विषय महत्त्वपूर्ण हुन जान्छ।

हुन त कुनै पनि राष्ट्रको शासन व्यवस्था र शान्ति सुरक्षा विशेष गरेर आन्तरिक र बाह्य तत्त्वले प्रभावित गर्छ। यी दुई तत्त्व कहिले अलग-अलग जान्छन्, कहिलेचाहिँ एकले अर्कोलाई प्रभावित गर्छन् । जतिबेला बाह्य तत्त्व (परिस्थिति)ले आन्तरिक राजनीति अथवा आन्तरिक राजनीतिक कारणले बाह्य तत्त्व प्रभावशाली हुन जान्छन्, यसलाई व्यवस्थापन गर्न सकिएन भने आन्तरिक राजनीति मात्र होइन, सम्पूर्ण राष्ट्र नै संकटतिर धकेलिने सम्भावना हुन्छ। यो पछिल्लो परिस्थितिको निर्माणपछाडिका धेरै कारणमध्ये प्रमुख कारण हो, भू-राजनीति ।

भारत-चीनकेन्द्रित व्याख्या

समकालीन नेपालमा पनि भू-राजनीतिको विषयमा व्यापक रूपमा बहस भएको छ र स्वदेशी-विदेशी छापाहरूमा गरिएका धेरैजसो टिप्पणी चीन र भारतसँग जोडेर नेपालको आन्तरिक भू-राजनीतिको व्याख्यामा केन्द्रित छ । अर्काथरी पण्डितहरूले चीन, भारत र अमेरिका (वा पश्चिमी राष्ट्र)लाई जोडेर नेपालको भू-राजनीतिको विषयमा चर्चा गरे पनि भू-राजनीतिका अन्य महत्त्वपूर्ण अन्तरवस्तुहरूलाई व्याख्या गरेको पाइँदैन । मूलतः अहिले देखिएको सतही बहस हाम्रा दुई छिमेकीमै केन्द्रित छ।

यो बहसका क्रममा एउटा पक्षले चीनको उपस्थितिलाई नेपालमा सकारात्मक रूपमा लिन्छ भने अर्को पक्षले यसलाई फरक रूपमा व्याख्या गर्छ । हामी अहिलेसम्म लियो ई रोजले सन् १९७० को दशकमा र पछि आएर एसडी मुनिले प्रतिपादन गरेको विदेश-नीतिको फ्रेमवर्कभन्दा बाहिर जान सकेका छैनौँ। यी दुवै विद्वान्ले रणनीतिक रूपमा नेपालको विदेश-नीतिको व्याख्या गरेका छन् । पृथ्वीनारायण शाहले हाम्रो स्वार्थमा आधारित परराष्ट्रनीति *दिव्योपदेश*मा उल्लेख गरेका छन् । अहिलेको परिप्रेक्ष्यमा झन् सान्दर्भिक भए पनि यसले आजको हाम्रो परराष्ट्रनीतिमा स्थान पाएको देखिँदैन।

हामीले विगत ७० वर्षमा विभिन्न किसिमका शासन व्यवस्था र राजनीतिक परिवर्तन खेप्नुपरेको छ । धेरैजसो परिवर्तन हामीले नचाहेर भएका छन् । यी परिवर्तनका पछाडि स्वाभाविक

लेको पाटो

भू-राजनीतिक कारणहरू पनि छन् । भू-राजनीति विशेष गरेर दुईवटा विषयसँग सम्बन्धित भएर आएका छन् । पहिलो, 'मानव भूगोल' र दोस्रो, 'भौगोलिक भूगोल' । यिनै दुईवटा विषय र राजनीतिबीचको अन्तरसम्बन्धलाई भू-राजनिति भनिने हो । यी दुवै तत्त्व नेपालको परिप्रेक्ष्यमा महत्त्वपूर्ण मानिन्छन् ।

पछिल्ला दिनहरूमा हाम्रो मानव भूगोलमा जुन तरंग आएको छ, त्यो बृहत् भू-राजनीतिको कारण नै हो र यसको दोषी हामी पनि छौं । विगत करिब आधा शताब्दीमा नेपालसम्बन्धी जस्तो किसिमको अध्ययन भयो र ती अध्ययनहरूले जस्तो किसिमको कथन स्थापित गरे, त्यसले हामीलाई आजको परिस्थितिमा ल्याएको हो, जसलाई व्यवस्थापन गर्न हामीलाई धौ-धौ परेको छ ।

भू-राजनीतिको गोटी

आज हाम्रो समाज विभिन्न किसिमले विभाजित हुन पुगेको छ । हामी राष्ट्रवादको नाममा विभाजित हुने परिस्थिति सिर्जना भएको छ । हामीलाई जोड्ने सबै आधारहरू कमजोर भएका छन् । यस्तो अवस्थामा हाम्रो राष्ट्रवादको आधार के हुने ? हामी अन्योलमा छौं । हाम्रो राजनीतिक, सामाजिक र आर्थिक केन्द्रहरू कमजोर भएर गएका छन् र हामी बाध्यतावश पनि बाहय शक्तिहरूको स्वार्थ अनुसार प्रयोग भएका छौं । हाम्रो समाज र राजनीतिमा आएको अप्ठ्यारो परिस्थितिको चाल हामीले पाउनै सकेनौं । सबै भू-राजनीतिका गोटी भयौं । चरम राजनीतिक अस्थिरताले झन् अप्ठ्यारो पार्‍यो । यो चरम राजनीतिक अस्थिरताले हाम्रो 'भौगोलिक भूगोल' पनि असन्तुलित भएर गएको छ । परिणामस्वरूप हाम्रा नजिक र टाढाका छिमेकीले आफ्नो हिसाबले राजनीति तथा अन्य क्षेत्रमा सूक्ष्म व्यवस्थापनदेखि व्यापक व्यवस्थापनको रणनीति अख्तियार गर्दै आएका छन् । हामी भू-राजनीतिक सन्तुलन खोज्दैछौं, जुन हुँदै हुँदैन । किनभने, अन्तर्राष्ट्रिय राजनीति 'रियल पोलिटिक्स'मा आधारित हुन्छ । तर, व्यवहार फेरि असन्तुलित गर्दछौं ।

हामी संघीयतामा जाँदैछौं । अब आन्तरिक भू-राजनीतिलाई कसरी व्यवस्थापन गर्ने, यो पनि ठूलो चुनौतीको रूपमा खडा भएको छ । किनभने, आन्तरिक भू-राजनीतिक परिस्थितिको निर्माण बाहय भू-राजनीतिको व्यवस्थापन गर्न नसकेर भएको हो । हाम्रो आन्तरिक जटिलता र आर्थिक रूपमा कमजोरीका कारण संघीयतामा गएपछि हामी भू-राजनीतिको चंगुलमा फस्ने सम्भावना झन् बढेर गएको छ । किनभने, संघीयता भनेको मूलतः राजनीतिक र आर्थिक संरचनामा हुने हो । अर्थात् भोलिका दिनमा हामी कस्ता किसिमका राज्यहरू बनाउने र तिनको आर्थिक व्यवस्थापन कसरी गर्ने भन्ने नै यसको मूल प्रश्न हो । हामीमा त्यो संवेदनशीलता देखिँदैन । यसको ज्वलन्त उदाहरण नेपाल सरकारले भर्खरै ल्याएको संघीयतामा वैदेशिक सहयोग परिचालन गर्ने भन्ने नीति हो । हामीकहाँ काम नगरी अरूको पैसा खाने र सित्तैँमा विदेश घुम्ने संस्कृतिको विकास भएको छ । आन्तरिक उत्पादनमा हाम्रो खासै ध्यान गएको देखिँदैन । जसले गर्दा जनता आजित भएर देश नै छाड्न बाध्य भएका छन् र 'राज्यवाद' कमजोर भएर गएको छ । तसर्थ, आन्तरिक राजनीतिक जटिलताले ल्याएको परिस्थितिले पनि हामीकहाँ भू-राजनीति हाबी हुन गएको हो ।

भू-राजनीतिले जेजस्तो अवस्थाको सिर्जना गरे पनि आज आएर तुम्लिङटार र टोरन्टोमा बस्ने मानिसका बीचमा सुमधुर सम्बन्ध विकास गर्न सकिने परिस्थितिको निर्माण भएको छ । औपचारिक भन्दा अनौपचारिक संगठनहरूले निश्चय नै विश्वमा भाइचाराको सम्बन्ध बढाउन सहयोग पुर्‍याएका छन् । छिमेकभन्दा टाढासम्मै हाम्रो रोटी-बेटी, ज्वाइँ-बुहारीको सम्बन्ध विस्तारित भएको छ । सायद त्यही भएर होला, पश्चिमका धेरै देशहरू टाढा भएर पनि हाम्रा छिमेकीजस्तै भएका छन् । यस्तो अवस्थामा हामीले यदि हाम्रो घर व्यवस्थापन गर्न सकेनौं भने नजिक र टाढाका छिमेकीहरूले निश्चय नै आन्तरिक मामिलामा चासो देखाउँछन् । उदाहरणका लागि इजरायल भौगोलिक रूपमा पश्चिम एसियामा अवस्थित भए पनि पश्चिमेली राष्ट्रहरू उसलाई आफ्नजिक ठान्छन् ।

समाधान हामीमै

भू-राजनीतिको परिप्रेक्ष्यमा अर्को महत्त्वपूर्ण पक्ष भनेको काल्पनिक र वास्तविक भू-राजनीतिक प्रभाव । हाम्रो आन्तरिक राजनीतिको अस्थिरताको परिस्थिति र आफ्ना कमजोरीहरू लुकाउन हामी धेरै हदसम्म अरूलाई दोष लगाउँछौं । राजनीतिक स्वार्थसिद्ध गर्नका लागि सस्तो लोकप्रियताको बाटो अपनाउँछौं । यस्तो काल्पनिक प्रवृत्तिले कृत्रिम भू-राजनीतिक तरंगको निर्माण गर्छ र आमजनतालाई सही र गलत छुट्याउनै अप्ठ्यारो हुन्छ । जहाँसम्म हाम्रो आन्तरिक राजनीतिमा आएको समस्या छ, यो नितान्त हाम्रो समस्या हो र यसलाई हामी सबै मिलेर समाधान गर्नु जरुरी छ ।

अन्य कुरा परिवर्तन गर्न सकिन्छ । तर, छिमेकीलाई सकिँदैन । के बुझ्नु पर्छ भने चीन र भारत हाम्रो भौगोलिक भू-राजनीतिका मुख्य पात्र हुन् । चीन एकदमै जोडतोडका साथ नेपालमा मात्र होइन, दक्षिण एसिया प्रवेश गर्दैछ । यो वास्तविकता हो । नेपालमा जुन सरकार आए पनि अब उसलाई फरक पर्दैन । त्यसो त नेपालमा देखिएको चरम राजनीतिक अस्थिरतालाई मध्यनजर गर्दा भारत र चीन दुवैले काठमाडौंमा जसले सरकार बनाए पनि त्यसैसँग सहकार्य गर्नुपर्ने अवस्था निर्माण भएको छ । आज संसारका सबै राष्ट्र चीनसँग नजिक हुन चाहन्छन् । त्यसैगरी भारतले पनि दक्षिण एसियामा आफ्नो पकडलाई बलियो बनाउनका लागि 'छिमेकी पहिले' भन्ने नीति अंगीकार गरेको छ । यी दुवै राष्ट्रसँग सुमधुर सम्बन्ध राख्नु हाम्रो हितमा हुनेछ । यति भन्दाभन्दै पनि दुवैसँग परनिर्भरताको होइन, आत्मनिर्भरताका आधारमा सम्बन्ध विकास हुनुपर्छ । यस्तो अवस्थामा हामीले हाम्रो विदेश-नीति सञ्चालनमा होसियारी अपनाउनैपर्छ ताकि हामी ककपिटका रूपमा प्रयोग हुनुहुँदैन । सहअस्तित्वका आधारमा मित्रवत् व्यवहार नै हाम्रो प्राथमिकता हुनु पर्छ । ◆

फास्ट ट्र्याकको '

निर्माण सफल भए पनि जोखिम, नभए पनि जोखिम

ट्र्याप'

मनबहादुर बस्नेत

जंगी अड्डा परिसरको आर्मी अफिसर्स क्लबमा २ माघको दिउँसो नेपाली सेनाले पत्रकार सम्मेलन गऱ्यो । मुलुकको सुरक्षा अवस्था वा चुनौतीबारे बताउन यो पत्रकार सम्मेलन गरिएको थिएन । पूर्वाधार विकासमा कोसेढुंगा हुने ठानिएको निर्माणाधीन काठमाडौँ-तराई द्रुतमार्ग (फास्ट ट्र्याक)को प्रगति सुनाउन जंगी अड्डाले सञ्चारकर्मीहरू भेला पारेको थियो । यद्यपि, सेनासँग फास्ट ट्र्याकका प्रगतिगाथाभन्दा अन्योलताको बोझ बढी थियो । त्यही कारण होला, प्राविधिक क्षमता, व्यावसायिकता र सेनामाथिको नागरिक नियन्त्रणका दृष्टिले फास्ट ट्र्याक निर्माण जोखिमपूर्ण साबित हुँदै गइरहेको छ ।

चार वर्षभित्र सक्नुपर्ने ७६ किलोमिटर लामो र एक खर्ब रुपियाँभन्दा बढी लागतको यो महत्त्वाकांक्षी आयोजनाको सबैभन्दा महत्त्वपूर्ण अंग विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) नै छैन, सेनासँग । आयोजना सेनाको जिम्मामा आएको आठ महिना बित्दासम्म पनि डीपीआर वरिपरि नै घुमिरहेको छ, उल्लेख्य प्रगति छैन । यसअघि फास्ट ट्र्याक बनाउने भनेर जिम्मा लिएको भारतीय कम्पनी इन्फ्रास्ट्रक्चर लिजिङ एन्ड फाइनान्सियल सर्भिसेज (आईएल एन्ड एफएस)ले डीपीआरसम्म बनाएको थियो । त्यही डीपीआर किन्ने धुनमा नेपाली सेना करिब एक वर्ष अलमलियो । तर, आइएल एन्ड एफएसले ५६ करोड रुपियाँभन्दा बढी माग गरेपछि त्यो प्रयास तुहियो । र, २ माघमा सेनाले पत्रकार सम्मेलनमार्फत त्यो डीपीआर महँगो भएको जानकारी गराउँदै चार महिनाभित्र आफैँले तयार पार्ने घोषणा गरिदियो ।

सबै खाले गरी मुस्किलले एक सय जना इन्जिनियर रहेको सेनाले यति ठूलो आयोजनाको डीपीआर आफैँ बनाउन सम्भव छैन । त्यसैले सेनाले परामर्शदातामार्फत डीपीआर बनाउने निधो गरेको छ । डीपीआर कुनै पनि आयोजनाको मेरुदण्ड मानिन्छ । आयोजनाको गुरुयोजना भनिने डीपीआरमा निर्माण मोडालिटी, समयावधि, लागत, गर्नुपर्ने काम, विस्तृत इन्जिनियरिङ डिजाइन/नक्सा, गुणस्तर, गुणस्तर मापन, सामाजिक, सांस्कृतिक र आर्थिक प्रभावजस्ता कुरा समेटिएका हुन्छन् ।

डीपीआरको मात्रै सन्दर्भ होइन कि यो नेपालका लागि यस्तो आयोजना हो, जो निर्माणको प्राविधिक क्षमता करिब १५ हजार किलोमिटर सडक निर्माण गरिसकेको र साढे दुई हजारभन्दा बढीको संख्यामा हाइवे इन्जिनियरहरू भएको सडक विभागसँग पनि छैन । तराई-काठमाडौँलाई एक घन्टामा जोड्ने यो नेपालका लागि बिलकुलै नयाँ आयोजना भएकाले सेनाको बुताबाट यसको निर्माण सम्भव नभएको सडक विभागका अधिकारीहरूको भनाइ छ । तर, विडम्बना ! लामो अनुभव भएको सडक विभागलगायतका निकायलाई यो आयोजनामा कहींकतै समावेश गरिएको नै छैन ।

त्यसमाथि प्राविधिक पक्ष एउटा हो भने खर्बभन्दा बढी खर्च हुने, थुप्रै ठेक्कापट्टा, किनमेल गरिने र तोकिएको समयमा कार्य सम्पन्न गर्ने कार्यका लागि चुस्त र व्यावसायिक सीपको व्यवस्थापन आवश्यक पर्छ । नेपाली सेनाकै एक उच्च तहका अधिकारी भन्छन्, "हामीसँग न त त्यो तहको प्राविधिक ज्ञान र क्षमता छ, न व्यवस्थापकीय ज्ञान, अनुभव र अभ्यास नै ।"

त्यसैले आयोजना सफलतापूर्वक सम्पन्न भए वा नभए दुवै अवस्थामा जंगी अड्डाले सुख पाउने छाँट छैन । किनभने, सफल वा असफल दुवै परिणामले सेनाको व्यावसायिक चरित्रमा आँच पुऱ्याउने सम्भावना धेरै छ । यही कारण नेपाली सेनाका लागि यो आयोजना निल्नु न ओकल्नुको अवस्थामा पुगेको हो ।

आयोजना सफल भएमा सेनाले वाहवाही बटुल्ने छ । यसबाट उसको मनोबल बढ्ने मात्र होइन, यसैलाई देखाएर अरू ठूलठूला आयोजनामा उसले दाबी गर्न सक्छ । त्यस्तोमा सडक विभागजस्ता पूर्वाधार विकासका सरकारी निकायहरू पंगु साबित हुनेछन् । "यसरी बढेको हैसियत र पर्याप्त आम्दानीले सेनामा राजनीति वा सत्ताप्रति रूचि जगाउँदैन भन्ने के ग्यारेन्टी छ ?" नेपाल सरकारका एक पूर्वसचिव भन्छन् ।

ठूलो परिमाणमा रकम परिचालन हुने भएकाले त्यसबाट लाभान्वित हुने आशमा आयोजना असफलताको सिकार हुन सक्छ । कदाचित यो आयोजना निर्माण गर्न सेना अक्षम भएमा त्यसको सन्देश नकारात्मक जानेछ, जो राष्ट्रिय सेनाको छवि धमिल्याउन पर्याप्त हुनेछ । आयोजनाको असफलताले सेनाको क्षमतामाथि प्रश्न उठ्नेमा शंका छैन । बरू, यसबाट जनमानसमा राष्ट्रिय अखण्डताको रक्षा गर्ने मूल दायित्व भएको सेनाको मनोबल पनि घट्ने छ ।

सेनालाई फास्ट ट्र्याक निर्माणको जिम्मा दिने जोखिमपूर्ण यात्राको इतिहास करिब दशक लामो छ । विसं ०६५ मा निजी क्षेत्रको सहभागितामा निर्माण गर्ने भन्दै सरकारले

तस्बिर : लक्ष्मी साह

निर्माणाधीन काठमाडौँ–तराई फास्ट ट्र्याकमा रूख कटानीका क्रममा, निजगढ, बारा

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा फास्ट ट्र्याकको शिलान्यास, जेठ ०७४

अन्तर्राष्ट्रिय कम्पनीहरूसँग मनसाय-पत्र माग गर्‍यो। सुरुमा त्यस्तो पत्र दुईवटा कम्पनीले मात्र पेस गरे, त्यसैले रद्द भयो। त्यसपछि विश्व बैंक र एसियाली विकास बैंकको रायका आधारमा सार्वजनिक निजी साझेदारी मोडलमा पुनः मनसाय-पत्र मागियो । यहीबीचमा ठेक्काको बन्दोबस्त नहुन्जेल ०६६ देखि सेनाले ट्र्याक खन्न सुरु गरेर ०६९ मा पूरा गर्‍यो। त्यसपछि भने भूराजनीतिक दलदलमा फस्यो, फास्ट ट्र्याक। रणनीतिक महत्त्वको फास्ट ट्र्याकको डीपीआर बनाएको भारतीय कम्पनी आईएल एन्ड एफएसले पनि यसको निर्माणमा चासो देखायो, बुट प्रणालीमा फास्ट ट्र्याक निर्माणको तेस्रो सार्वजनिक आह्वानपछि। यो तत्कालीन सुशील कोइराला नेतृत्वको सरकार हुँदाको प्रसंग हो, जतिबेला विमलेन्द्र निधि भौतिक योजना तथा निर्माण मन्त्री थिए। तर, आईएल एन्ड एफएसको प्रस्तावका बुँदाहरू यति विवादित भए कि तिनको व्यापक विरोध भयो। आईएल एन्ड एफएसलाई आयोजना दिन नपाउँदै सरकार परिवर्तन भयो र त्यसपछि बनेको केपी ओली सरकारले पूर्ववर्ती सरकारको यससम्बन्धी प्रक्रिया खारेज गरेर फास्ट ट्र्याक सरकार आफैंले बनाउने निर्णय गर्‍यो। पछि, आफूमाथि लागेको भारतनिकटस्थको आरोप मेटाउन र यसअघि सेनासँग बिग्रिएको सम्बन्ध सुधार्न गत जेठमा पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले यो आयोजना सेनालाई सुम्पियो।

खासमा रणनीतिक महत्त्वको भएकाले फास्ट ट्र्याकमा चीन र भारत दुवैले चासो देखाएका थिए। शक्तिशाली दुई छिमेकीबीचको सम्बन्धलाई सन्तुलित बनाउनसमेत सरकारका लागि सेना सहज विकल्प बनिदियो। तर, नेपाली सेनाका पूर्वउपरथी बिनोज बस्न्यात भन्छन्, "बाह्य, राजनीतिक र आर्थिक स्वार्थ प्रेरित भएर सडक निर्माण सेनालाई दिनु हानिकारक हो। यसले कूटनीतिमा त प्रतिकूल असर गर्छ नै, मुलुकलाई नै जोखिममा पुर्‍याइदिन्छ।"

अपारदर्शी शैली

गएको आठ महिनामा अधिकांश समय डीपीआरसम्बन्धी कुराकानीमै बिताएको भए पनि केही सानातिना काम भने नभएका होइनन्। जस्तो : इन्जिनियरिङ, प्रोक्युरमेन्ट र कन्स्ट्रक्सन (ईपीसी) अध्ययनका लागि सडक विभागकै पूर्वमहानिर्देशक एवं पूर्वसहसचिव संलग्न भएको एउटा परामर्श संस्थालाई जिम्मा दिइसकेको छ। केही परामर्शदाता र ठेकेदार पनि नियुक्त गरिसकेको छ। तर, यसबारेमा विस्तृत विवरण दिन जंगी अड्डाले मानेन । "परामर्शदाता र कतिपय टेन्डरका काम प्रक्रियामा छन्," नेपाली सेनाका प्रवक्ता एवं सहायक रथी गोकुल भण्डारी यति मात्र भन्छन्, "धेरै कुरा भन्न मिल्दैन।" सायद, सुरक्षा संवेदनशीलता भन्दै सूचना लुकाउने सेनाको पुरानै परम्परा हो।

सेनाको अपारदर्शी शैली बुझाउने अर्को उदाहरण हेरौं। फास्ट ट्र्याक आयोजना समयमै सिध्याउनका लागि सैन्य अधिकारीहरूले सार्वजनिक खरिद ऐन निष्क्रिय बनाउन चाहेका थिए। यो ऐन अन्तर्गत सरसामान किन्दा समय बढी लाग्ने र त्यसले आयोजना निर्धारित मितिमा सक्न कठिनाइ पर्ने सेनाको तर्क थियो। भदौको पहिलो हप्तादेखि रक्षा मन्त्रालयमा यसबारे पटक-पटक छलफल भयो। कतिसम्म भने हरेकजस्तो छलफलमा प्रधानसेनापति राजेन्द्र क्षत्री आफैं देखापर्थे। "तर, उनी बस्दैनथे, हात हल्लाएर निस्कन्थे," रक्षा मन्त्रालयका एक अधिकारी भन्छन्, "उनी निर्णय प्रभावित गर्न देखा परेका हुनसक्छन्।" सार्वजनिक खरिद ऐनलाई धोती लगाउने यो प्रस्तावमा विज्ञका तर्फबाट छलफलमा सहभागी पूर्वसचिव तुलसी सिटौलाले सेनाको इच्छाविपरीत खरिद ऐन निष्क्रिय बनाउन नहुने राय लिखित रूपमै दिएका थिए। त्यसपछि भने यो प्रस्ताव अगाडि बढेन।

सडक निर्माणमा सेनाले विगतमा उल्लेख्य काम गरेको भए पनि आर्थिक अनुशासन कायम गर्नचाहिँ चुकिरहेकै छ । सडक निर्माणमा सेनाको वित्तीय विचलनका थुप्रै फेहरिस्त भेटिन्छन्, महालेखा परीक्षकका वार्षिक प्रतिवेदन पल्टाउँदा । सार्वजनिक खरिद ऐनका प्रक्रिया नपुर्‍याइ मालसामान, उपकरण किनेको, डीपीआर, विस्तृत इन्जिनियरिङ ड्इङबिनै खर्च गरेको, सुरु लागत अनुमानभन्दा बढी खर्च गर्दा प्राविधिक पुस्ट्याइँ नगरेको जस्ता सेनाका आर्थिक अनुशासनहीनता बर्सेनि प्रतिवेदनमा उल्लेख भएका छन्।

महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, ०७३ मा सेनाले जाजरकोट-डोल्पा, कालीगण्डकी करिडोर र मैलुङ-स्याफ्रुबेसी सडक आयोजनाको ट्र्याक खोल्न हालसम्म २ अर्ब २० करोड ६८ लाख रुपियाँ खर्च गरे पनि यी आयोजना सम्पन्न गर्ने मिति नखुलेको औंल्याइएको छ। साथै, मैलुङ-स्याफ्रुबेसी सडक आयोजनाको लागत नखुलेको, जाजरकोट–डोल्पा दुवै सडकबाहेक अन्य सडकको विस्तृत सर्वेक्षण गरी ड्इङ, डिजाइन तयार नगरेको प्रतिवेदनमा उल्लेख छ। यो समस्या विगतमा पटक-पटक औंल्याइएको भन्दै लेखिएको छ, 'विस्तृत ड्इङ, डिजाइनसहितको लागत अनुमान तयार नगरेको कारण आयोजनाहरूको कुल लागत र सम्पन्न गर्ने अवधि यकिन गर्न नसकेको बेहोरा विगतमा औंल्याइएकामा यो वर्ष पनि सुधार भएको छैन।'

ठेकेदारको भूमिका

सैन्य आवश्यकताका लागि संसारभरका सेनाले विकास निर्माण गर्ने प्रचलन छ । संकटकालीन अवस्था, विपत्तिका बेला पनि सेनाले विकास निर्माणमा हात हाल्छ। यही कार्यका लागि नेपाली सेनामा पनि विकास निर्माण विभाग बनेको हो। तर, पछिल्लो समय सेना आफ्नो त्यो भूमिकाभन्दा पृथक् रूपमा देखिएको छ। खासगरी केही वर्षदेखि सडक निर्माणको कार्यमा सेना मुख्य ठेकेदारको भूमिकाका रूपमा देखा परिरहेको छ । जस्तो : फास्ट ट्र्याक निर्माणको पूरै जिम्मा सरकारले सेनालाई दिएको छ । यसमा सेनाले ठेकेदार र परामर्शदाता कम्पनीहरूलाई काम जिम्मा लगाउँदैछ । यसबाट सेना 'कन्ट्र्याक्ट एजेन्ट'को भूमिकामा

देखापर्ने छ। आफूले सरकारबाट कामको जिम्मा लिने र अरूलाई ठेक्कामा लगाउने मूल कार्य भएपछि यसलाई बाह्य प्रतिरक्षाको मूलभूत जिम्मेवारीबाट सेना विचलित हुन लागेको रूपमा बुझ्न सकिन्छ।

सेनाले सुरुमा बनाएको सडक हो, १ सय ५ किलोमिटर लामो त्रिशूली-सोमदाङ सडक (हाल : पासाङ ल्हामु राजमार्ग)। यसको निर्माण ०४७ मै सकिएको थियो। त्यस समय सैनिकहरू फौजी पहिरनमा आफैं खटिएका थिए, सडक निर्माण गर्न। उनीहरू त्यसबापत थप भत्ता र रासन पाउँथे। त्रिशूली-सोमदाङ सडकपछि सेनाले केही सडक यही शैलीमा बनाएको थियो। यस्ता शैलीको सडक निर्माणबाट सेनाले प्रशंसासमेत बटुलेको थियो।

जब ०५२ देखि माओवादीले हिंसात्मक आन्दोलन चलायो, पूर्वाधार विकासका लागि स्थापना भएका अन्य सरकारी निकाय द्वन्द्व प्रभावित क्षेत्रमा जान सकेनन्। विस्फोटक पदार्थ माओवादीले लुटेर लग्न थालेपछि विकल्पका रूपमा सरकारले सेनालाई यस्ता निर्माणमा अघि सा¥यो। त्यसपछि सेनाले क्याम्प नै स्थापना गरेर सडक-पुल बनायो। "त्यसबखत विकास ठप्प भएकाले सेनालाई अघि सारेर भए पनि काम गर्नैपर्ने बाध्यता थियो," पूर्वसचिव भानु आचार्य भन्छन्। खासमा, द्वन्द्वकालमा सेनाले थुप्रै सडक निर्माणको जिम्मा पायो। धेरै सडक बनाउनु परेपछि उसले ठेकेदारमार्फत काम लगाउन थाल्यो।

तर, लोकतन्त्र स्थापनापछिको सहज अवस्थामा समेत सेनालाई सडक बनाउन खटाउने कार्य रोकिएन। ०६९ को महालेखा परीक्षकको प्रतिवेदनमा त अघिल्लो वर्ष आठवटा सडक आयोजनाका लागि सेनाले निर्माण सामग्री खरिद गरी अरूलाई निर्माणको जिम्मा दिएको उल्लेख छ। सडक निर्माणमा सेना कसरी मध्यस्थकर्ता बन्दैछ भन्ने यसै अभिलेखबाट पनि बुझ्न सकिन्छ। आर्थिक लाभ हुने भएकैले सेनाका अधिकारीहरू सडक निर्माणको जिम्मा लिन लबिङमा लागेको दाबी गर्छन् रक्षा मन्त्रालयका एक उच्च अधिकारी।

सडक निर्माणमा धन परिचालनको आकार कति ठूलो हुन्छ भन्ने उदाहरण फास्ट ट्र्याक नै हो। यो वर्ष मात्रै यसका लागि १० अर्ब १४ करोड रुपियाँ छुट्याइएको छ। आईएल एन्ड एफएसको डीपीआर अनुसार चार वर्षअघि नै फास्ट ट्र्याक निर्माणमा १ खर्ब १२ अर्ब रुपियाँ लाग्ने अनुमान थियो। यो नेपालको कुल वार्षिक बजेटको १० प्रतिशतभन्दा बढी हो। ज्ञातव्य रहोस्, चालू आर्थिक वर्षको कुल वार्षिक बजेट करिब १२ खर्ब रुपियाँ छ।

नागरिक अनुगमन निषेध

२१ जेठमा सरकारले फास्ट ट्र्याक निर्माणमा सेनालाई संलग्न गराउने निर्णय गरेको १८ दिनपछि मन्त्रिपरिषद्ले फास्ट ट्र्याक आयोजना कार्यविधि,

पंगु सडक विभाग !

फास्ट ट्र्याकजस्ता आयोजना निर्माणको जिम्मा लिने दुस्साहस गरिरहेको नेपाली सेनासँग सडक निर्माणका लागि आवश्यक जनशक्ति छैन, जसले आफैं खटिएर काम गर्न सकोस् । सेनासँग सिभिल, हाइवे र मेकानिकल गरी करिब एक सय जना इन्जिनियर मात्र छन् । अझ सडक बनाउन चाहिने हाइवे इन्जिनियरको संख्या भने तीन दर्जनजति मात्रै छ ।

जबकि, सडक बनाउने मूल कामसहित स्थापना भएको सडक विभागसँग यसभन्दा २० गुणा बढी जनशक्ति छ । विभागमा २ हजार ६ सय ११ दरबन्दी रहेको छ । राजपत्र अंकित प्रथम श्रेणीका १८ जनामध्ये १७ जना हाइवे र एक जना मेकानिकल इन्जिनियर छन्, विभागसँग । त्यस्तै द्वितीय श्रेणीका १ सय १७ जनामा १ सय ४ जना हाइवे र ११ जना मेकानिकल इन्जिनियर छन् । विशिष्टीकृत जनशक्ति छ, विभागसँग । यसका साथै, ऊसँग विस्फोटक पदार्थबिनै ठूला पहरा फोड्न सक्ने प्रविधिसमेत छ । "सरकारले जिम्मा दिएमा जत्रै ठूला सडक आयोजना बनाउन सक्छौं," विभागका महानिर्देशक गोपाल सिग्देल भन्छन् ।

यति क्षमतावान् विभागले भने जंगी अड्डालाई फास्ट ट्र्याक बनाउन दिनेबारे भौतिक पूर्वाधार मन्त्रालयले राय माग्दा 'आफूहरूलाई आपत्ति नभएको' लेखेर पठाइदिएको थियो । त्यतिखेर विभागका महानिर्देशक थिए, अहिलेका भौतिक पूर्वाधार मन्त्रालयका सचिव देवेन्द्र कार्की । "विभागले आफ्नो खुट्टामा आफैं बञ्चरो हान्यो, पंगु साबित भयो," विभागका एक उच्च अधिकारी टिप्पणी गर्छन् ।

कसको जनशक्ति कति ?

सडक विभाग

कुल इन्जिनियर
२,६११

राजपत्र अंकित

प्रथम श्रेणी
हाइवे : १७
मेकानिकल : १
१८

द्वितीय श्रेणी
हाइवे : १०४
मेकानिकल : ११
अन्य : २
११७

तृतीय श्रेणी
हाइवे : ३१०
मेकानिकल : ९०
अन्य : ९९
४९९

राजपत्र अनंकित

प्रथम श्रेणी
हाइवे : ५२०
अन्य : ४३४
९५४

द्वितीय श्रेणी
३८४

तृतीय श्रेणी
६९

श्रेणीविहीन
५७०

नेपाली सेना

कुल इन्जिनियर
१००(करिब)

०७४ पारित गऱ्यो । यसले आयोजनाको अनुगमन, मूल्यांकन गर्न निजामती कर्मचारीहरू सामेल हुने गरी दुईवटा भिन्दाभिन्दै समिति गठन गरेको थियो, अनुगमन समिति र निर्देशक समिति । राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा ६ सदस्यीय अनुगमन समिति खडा गरिएको थियो । आयोगकै पूर्वाधार क्षेत्र हेर्ने सदस्य, अर्थ, रक्षा, भौतिक पूर्वाधार मन्त्रालयका सचिव र भौतिक पूर्वाधार मन्त्रालयले तोकेको विज्ञ सदस्यसहितको यो समितिले आयोजनाको मासिक प्रगति अवस्था प्रधानमन्त्रीलाई बुझाउने अधिकार पाएको थियो ।

साथै सेनाका रथीको अध्यक्षतामा अर्को सात सदस्यीय निर्देशक समिति थियो, जसमा सेनाका युद्धकार्य महानिर्देशनालयका उपरथी, इन्जिनियरिङ विभागका उपरथीसहित रक्षा, अर्थ, भौतिक पूर्वाधार मन्त्रालय र योजना आयोगका सहसचिव सदस्य थिए । आयोजनामा जंगी अड्डा हाबी नहोस् र गुणस्तरीय काम होस् भनेर सरोकारवाला मन्त्रालय र निकायका उच्च पदस्थ अधिकारीहरूको प्रतिनिधित्व रहने गरी समिति बनाइएको थियो । यही अनुरूप २७ साउनमा भौतिक पूर्वाधार मन्त्रालयले सेनालाई औपचारिक रूपमा आयोजना हस्तान्तरण गऱ्यो ।

तर, यसको दुई महिनामै फास्ट ट्र्याकको 'ट्र्याक' बदलियो । आयोजनाको गुणस्तर नाप्ने र मूल्यांकन गर्ने अनुगमन समिति भंग भयो भने निर्देशक समितिमा सेनाका जर्नेलहरू मात्रै आसीन हुने प्रावधान राखियो, नागरिक प्रशासनका प्रतिनिधिहरू निषेधित भए । निर्देशक समितिमा अहिले सेनाका रथी र दुई जना उपरथी मात्रै छन् । २७ असोजको मन्त्रिपरिषद् बैठकले सैन्य रुचि अनुकूलको यस्तो निर्णय गरेको हो । उक्त बैठकले निर्देशक समितिबाट रक्षा, अर्थ, भौतिक पूर्वाधार र योजना आयोगको प्रतिनिधित्व कटौती मात्रै गरेन, यो आयोजना निर्माणमा सेनालाई सर्वशक्तिमान समेत बनाइदियो । अनुगमन समिति भंग गरिदिएर सरकारले निर्देशक समितिको नाम नै 'अधिकार सम्पन्न निर्देशक समिति' राखेको छ । यही अनुरूप कार्यविधिसमेत हेरफेरमा जुटेको छ, रक्षा मन्त्रालय ।

जंगी अड्डाले फास्ट ट्र्याक आयोजनालाई नागरिक अनुगमनभन्दा बाहिर लगेर कसरी आफ्नो मात्रै हालीमुहाली कायम गरेको छ भन्ने यही संरचनाबाट पुष्टि हुन्छ । जबकि, यो फास्ट ट्र्याक एसियाली राजमार्ग अन्तर्गत पर्छ, जसलाई उच्च दर्जाको बनाउनुपर्ने दायित्व छ । साथै, सरकारले फास्ट ट्र्याकलाई राष्ट्रिय गौरवको आयोजनासमेत घोषणा गरिसकेको छ । तर, यति महत्त्वाकांक्षी आयोजना निर्दिष्ट गुणस्तरको बन्छ कि बन्दैन भनेर कसैले अनुगमन गर्ने छैनन् । आयोजना नागरिक निगरानीबाट टाढा पुगिसकेको छ ।

जोखिमपूर्ण अवस्था

सेनाले आफ्नो भूमिकालाई यसरी विस्तार गरिरहेको छ कि उसले सैनिकभन्दा पनि गैरसैनिक भूमिका बढी खोजिरहेको भान हुन्छ । पञ्चायतकालदेखि पेट्रोल पम्पको कारोबार गर्न थालेको सेनाले मेडिकल कलेजलगायत अरू व्यापार व्यवसायमा हात हालेको छ । राज्य स्वयंले सेनालाई यसरी गैरसैनिक भूमिकातिर उन्मुख गराइरहेको छ । सरकारले जलविद्युत्मा लगानी गर्ने सेनाको एक दशकभन्दा पुरानो महत्त्वाकांक्षा दुई वर्षअघि पूरा गरिदियो । ०७२/७३ को बजेटमै सरकारले रोल्पाको माडी खोला विद्युत् आयोजनालाई नमुना बनाउन भन्दै सेनालाई दियो । साढे १२ मेगावाट क्षमताको यो आयोजनाको निर्माण मोडालिटीबारे छलफल चलिरहेको छ ।

सेनाले आफ्नो कल्याणकारी कोषमार्फत समेत व्यवसायमा हात हालेको छ । कोषमा अहिले करिब ४० अर्ब रुपियाँ छ । यसबाट पानी कारखाना, पेट्रोल पम्प, मेडिकल र नर्सिङ कलेज सञ्चालित छन् । नाफादायी काममा सेनाको रुचि बढिरहेको संकेत हो यो । यसरी नगरी मोह बढ्दै जाँदा त्यो महँगो साबित हुन सक्छ । पूर्व अर्थसचिव आचार्य भन्छन्, "फौजी संगठनलाई मूल कामभन्दा बाहिर नलगाउनु नै राम्रो । यस्तो कार्यले अनुदार लोकतन्त्रलाई प्रश्रय दिइरहेको हुन्छ ।" ◆

#GrowFaster

NEXT VENTURE CORP

Prabhu Bank presents

NEXT Growth CONCLAVE

Promoted By

NTB Nepal Tourism Board www.welcomenepal.com

NEPAL's **Largest**

Entrepreneurship Conference

We thank all the global speakers, entrepreneurs, investors, participants and corporate partners for making **NEXT Growth Conclave 2017** Nepal's largest entrepreneurship conference and contributing to Nepal's entrepreneurship ecosystem.

804+ Attendees

18 Global Speakers

9 Countries

49 Media

60+ Investors

33 Startups in Startup Valley

15 Startups Launched in Kickstart Hill

The participant of Kickstart Hill who will

Represent Nepal at **Techsauce Global Summit 2018**

June 22-23 | Bangkok, Thailand

Sarathi

Corporate Partner	Growth Partner	Knowledge Partner	Internet Partner	Investment Partner	Web Partner	Global Education Partner	Payment Partner	Business Advisor
KANTIPUR HD	kathmandupost escalate	islington college (इस्लिङ्टन कलेज)	SUBISU	iCAPITAL "COMMITTED TO COMPOUNDING RETURNS"	contentder	LANDMARK EDUCATION	eSewa	REANDA Reanda Biz Serve

M&S MOVERS & SHAKERS

Find us on

+977 01 2222672 | 9808377113

next@mns.com.np

विदेशी लगानीलाई हतो

प्रत्यक्ष वैदेशिक लगानीप्रति सरकारको असहयोगी र अनुदार रवैया

रामबहादुर रावल

गत वर्ष फागुन तेस्रो साता सरकारले विदेशी लगानी आकर्षित गर्न भन्दै लगानी सम्मेलन आयोजना गर्‍यो । नेपालको औद्योगिक क्षेत्रमा करिब एक खर्ब रुपियाँबराबरको लगानी प्रतिबद्धता जुटाउने अपेक्षाका साथ गरिएको सम्मेलनमा करिब ११ खर्ब रुपियाँको प्रतिबद्धता प्राप्त भयो । निकै तामझामका साथ होटल सोल्टीमा आयोजित कार्यक्रम समापनपछि पत्रकार सम्मेलनमा तत्कालीन उद्योगमन्त्री नवीन्द्रराज जोशीले भनेका थिए, 'नेपाल लगानीका लागि आकर्षक गन्तव्य हो भन्ने विश्वास दिलाएर लगानीको प्रतिबद्धता ल्याउन सफल भएका छौं ।'

मन्त्री जोशीले आफ्नो सफलताका रूपमा व्याख्या गरेको उक्त लगानी प्रतिबद्धतालाई व्यवहारमा रूपान्तर गर्नका लागि सरकारका तर्फबाट कुनै उल्लेख्य पहल र सहजीकरण त भएन नै, बरू लगानी गर्न आइसकेका र भारी रकम खर्चेर उद्योग स्थापनामा लागिसकेका ठूला लगानीकर्ता सरकारी रवैयाबाट आजित भएर फिर्ता हुने अवस्थामा पुगेका छन् । यसको पछिल्लो उदाहरण हो, नाइजेरियाको डांगोटे समूह । उक्त समूह अन्तर्गतको डांगोटे सिमेन्ट पीएलसी, नाइजेरियाले करिब ५५ अर्ब रुपियाँबराबरको प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) ल्याई नेपालमा अत्याधुनिक सिमेन्ट उद्योग सञ्चालन गर्न खोज्दा कहीं नपाएको सास्ती बेहोर्नुपरेको छ । लगानी बोर्ड, नेपालका पूर्वकार्यकारी प्रमुख राधेश पन्त भन्छन्, "निजी क्षेत्र र विदेशी लगानीकर्तालाई विकास र आर्थिक वृद्धिको साझेदार हो, यसलाई सहयोग र सहजीकरण गर्नुपर्छ भन्ने सोच नै छैन हामीकहाँ । गफ

मकवानपुरको भीमफेदीमा चुनढुंगा परीक्षणका लागि ड्रिल गरी नमुना संकलन गरिँदै

त्साह

दिन्छौं, प्रतिबद्धता दिन्छौं तर त्यस अनुरूप व्यवहार गर्दैनौं । यसले राम्रो सन्देश गइरहेको छैन ।”

अफ्रिका महादेशकै सबैभन्दा धनी एवं ठूलो व्यावसायिक समूह डांगोटेले पहिलोपल्ट अफ्रिकाबाहिर आफ्नो लगानी लैजाने क्रममा नेपाल रोजेको थियो । उसलाई स्वागत र सहजीकरण गर्नुको सट्टा सरकारले पाइलैपिच्छे निरुत्साह र निराशा मात्रै दियो । सरकारी पक्षबाट उसलाई सुरुमा चुनढुंगाको खानी आफैं खोज्नुपर्छ भनियो । सरकारले अध्ययन गरेर राखेका खानीमध्येबाट छानेर लैजाने सुविधा त दिइएन नै, प्रतिस्पर्धाका निम्ति बोलपत्र आह्वानसमेत गरिएन । जब खानी विभागबाट बोलपत्र आह्वान गरियो, लगानीकर्ताको ‘प्रोफाइल’लाई समेत नसुहाउने झीनो प्राविधिक कारण जनाई प्रतिस्पर्धाबाट बाहिर पारियो । डांगोटेलाई अयोग्य ठहर गर्दा योग्य भूगर्भविद्को अभाव देखाइएको छ । जबकि, डांगोटे समूह आफैंमा सिमेन्ट उत्पादनमा अनुभवी र विश्वका उत्कृष्ट उत्पादकमध्ये पर्छ । उसको अनुभव तथा स्रोतसाधन नपुग्ने भन्नु आफैंमा हास्यास्पद रहेको लगानी बोर्डका एक अधिकारी बताउँछन् । उनी भन्छन्, “न्यूनतम प्रक्रिया र मापदण्ड त हरेकले पुर्‍याउनैपर्छ । तर, सुहाउँदो कारणबिना नै कुनै कम्पनीलाई प्रतिस्पर्धाबाट अलग गरिन्छ भने त्यहाँ केही गडबडी छ भन्ने अर्थ लाग्छ ।”

हुन पनि उद्योग मन्त्रालय मातहतको खानी तथा भूगर्भ विभागले जुन कारणले डांगोटेलाई अयोग्य घोषणा गरेको छ, त्यो पटक्कै सुहाउने कारण देखिँदैन । डांगोटे समूहसँग अहिले पनि एक सयभन्दा बढी भूगर्भ तथा खानीसम्बन्धी विशेषज्ञ काम गर्छन्, जसमध्ये धेरै अन्तर्राष्ट्रिय रूपमै ख्यातिप्राप्त मानिन्छन् । यो प्रक्रियामा सहजीकरणमा लागेका एक अधिकारीका भनाइमा यस क्षेत्रमा विशेषज्ञताका हिसाबले डांगोटेसँग त्यति क्षमता छ, जुन नेपाल सरकारसँग पनि छैन ।

सरकारले बोलपत्र आह्वान गर्नुअघि लगानीकर्ता स्वयंले पनि खानीको खोजी गरेको थियो । यसक्रममा उसले लामै समय व्यतीत गर्नुपर्‍यो । नेपालमा रहेका खानीमध्ये केहीलाई नाम मात्रैका कम्पनीले ओगटेर राखेका छन्, जसले आफ्नो नाममा दर्ता गरेर ठूला लगानीकर्तालाई महँगोमा बेच्ने गर्छन् । केहीलाई हाल सञ्चालनमै रहेका सिमेन्ट उद्योगहरूले अनावश्यक रूपमा आफ्नो कब्जामा राखेका छन्, ताकि अन्य कम्पनी आएर उनीहरूको बजार प्रवेश नगरून् ।

केही खानी भने सरकारले नै राखेको छ, जसलाई सञ्चालनका निम्ति निजी क्षेत्रलाई दिन सक्छ । आफ्नो बजार हिस्सा नै गुम्ने गरी सञ्चालनमा रहेका कम्पनीहरूले नयाँ लगानीकर्तालाई खानी दिने कुरै भएन । यस्तोमा सिमेन्ट क्षेत्रमा आउने प्रत्यक्ष वैदेशिक लगानीकर्ताका निम्ति विभिन्न व्यक्तिले झोलामा राखेका खानी किन्नुको विकल्प डांगोटेसँग थिएन । तसर्थ, उसले विराट सिमेन्ट प्रालि खरिद गरेपछि त्यसको स्वामित्वमा रहेको मकवानपुर, भीमफेदीको खानी प्राप्त गर्‍यो । तर, उक्त खानीको विस्तृत अध्ययन गर्दा कम गुणस्तरको चुनढुंगा फेला पर्‍यो । यतिञ्जेल डांगोटेले करिब सात करोड रुपियाँ खर्च गरिसकेको थियो ।

यति मात्र होइन, खानीनजिकै उद्योग स्थापनाका निम्ति जग्गा आवश्यक पर्ने भयो । तर, हदबन्दीको प्रावधानका कारण ५० बिघाभन्दा बढी किन्न नपाइने भइदियो । जबकि, उसलाई करिब दुई सय बिघा जग्गा आवश्यक थियो । यसमा पनि तत्काल मन्त्रिपरिषद्बाट नीतिगत निर्णय गर्न पहलकदमी भएन । पहिला ५० बिघा मात्रै लिइराखेर बाँकी पछि थप्दै जान खोज्दा जग्गाको भाउ बढाउने र भूमाफियाले खेल्ने जोखिम उसले देख्यो ।

अर्को समस्या के भने वातावरणीय प्रभाव मूल्यांकनका नाममा झेल्नुपर्ने झन्झटिलो प्रक्रियाले करिब दुई वर्ष खाइदिन्छ । यो समग्र प्रक्रियामा एउटा काम पूरा नहुँदा अर्को काम अगाडि नबढ्ने, समानान्तर रूपमा काम अगाडि बढाउनै नसकिने र प्रक्रिया छोट्याउन खोज्दा पनि कर्मचारीतन्त्रले सहयोग नगर्ने बरू उम्किने, अर्कोतिर पन्छाइदिने प्रवृत्तिका सिकार प्रायः लगानीकर्ता भएका छन् । डांगोटेको भोगाइ पनि धेरै चरणमा यसभन्दा

भिन्न देखिएन । खानी र उद्योगका निम्ति जग्गा उपलब्ध गराइमाग्न मात्र उसका प्रतिनिधिहरू खानी तथा भूगर्भ विभाग, उद्योग मन्त्रालय, लगानी बोर्ड, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलगायत हरेक निकाय र पदाधिकारीसम्म धाएका थिए । कतिपय अवस्थामा माथिल्लो निकायले गर्ने निर्णय र निर्देशनसमेत तल्लो निकायले अटेर गर्ने, पन्छाउने र त्यसको गलत व्याख्या गर्नेसम्मका काम भए । प्रधानमन्त्रीका निर्देशनसमेत मन्त्रालय र विभागले कार्यान्वयन नगर्ने भएपछि नेपालमा कसको कुरा पत्याउनु भन्नेसम्मका अवस्थामा लगानीकर्ताहरू पुगेका छन् ।

डांगोटेले सिमेन्ट उद्योग स्थापनाका निम्ति अत्याधुनिक उपकरण आपूर्ति तथा जडान गर्न चिनियाँ कम्पनी सिनोमा इन्जिनियरिङसँग सम्झौतासमेत गरिसकेको थियो । उक्त उपकरण नेपाल भित्र्याउन रक्सौल-वीरगन्ज मार्गको सर्वेक्षण पनि गरियो । नेपालमा आफ्नो व्यवसाय विस्तार गर्ने भइसकेपछि उसले ०७२ को विनाशकारी भूकम्पमा मानवीय सहायतास्वरूप प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा १० करोड रुपियाँसमेत जम्मा गरेको थियो । अन्य मुलुकका लगानीकर्तासँगै आउने राजनीतिक स्वार्थ नाइजेरियाली कम्पनीसँग हुने कुरा थिएन । तसर्थ, यो विशुद्ध व्यावसायिक 'पार्टी' भएकाले प्राथमिकता दिनुपर्छ भनेर लगानी बोर्डले खानी विभागलाई पत्राचार गर्‍यो, बोधार्थ उद्योग मन्त्रालयलाई समेत गयो ।

बल्लतल्ल चैत ०७३ मा सरकारले अध्ययन गरी राखेका खानी प्रयोगका निम्ति बोलपत्र आह्वान भयो । प्राविधिक र वित्तीय गरी दुई प्रकृतिको प्रस्ताव माग गरियो । प्राविधिक प्रस्तावमा योग्य ठहरिएका कम्पनीलाई मात्रै वित्तीय प्रस्ताव मूल्यांकनमा सामेल गरियो । गत मंसिरमा डांगोटेको प्राविधिक प्रस्तावमा योग्य भूगर्भविद्को वैयक्तिक विवरण नपुगेको भन्दै बाहिर पारियो ।

१५ कात्तिक ०७० मै लगानी बोर्डबाट नेपालमा सिमेन्ट उद्योग खोल्न स्वीकृति प्राप्त गरेको हो, डांगोटे समूहले । बोर्डबाट पहिलो स्वीकृत परियोजना पनि भएकाले सुरुसुरुमा काम फटाफट नै भयो । तर, बोर्डबाट स्वीकृति प्राप्त गरेपछि झमेला सुरु भयो । बोर्डको स्वीकृतपत्रका आधारमा कम्पनी रजिस्ट्रार कार्यालयमा डांगोटे सिमेन्ट नेपाल प्रालि नामक कम्पनी दर्ता गर्न सात महिना लाग्यो । १३ जेठ ०७१ मा कम्पनी दर्ता भयो र त्यसको दुई हप्तामा कर कार्यालयमा । विदेशबाट लगानी नै ल्याएर काम सुरु थाल्नुपर्ने दिन नजिकिँदै गएपछि झमेला घट्नुको साटो बढ्दै गए । उद्योग दर्ता गर्न महाभारत भयो । उद्योग दर्ता गर्न उद्योग रहने जग्गाको चार किल्ला तोकिएको हुनुपर्ने नियम छ । सिमेन्ट उद्योग चुन ढुंगाको खानीनजिकै हुनुपर्छ । एक त खानी पाउनै गाह्रो, त्यसमाथि उद्योगलाई आवश्यक पर्ने आकारमा जग्गा पाउन झन् समस्या । एकातिर प्रस्ट नियम, कानुन र नीतिको अभाव, अर्कोतिर कर्मचारीतन्त्रले गर्ने आफूखुसी व्याख्याले लगानीकर्तालाई अन्योलमाथि अन्योल सिर्जना गरेको अवस्था । पाइलैपिच्छे बेहोरिने सास्ती अनि ती सास्ती फुकाउनका निम्ति गर्नुपर्ने दौडधूपले लखतरान नै पार्ने भएपछि आएका लगानीकर्ताहरू पनि धमाधम फर्किने अवस्थामा पुगेका हुन् ।

गत वर्ष लगानी सम्मेलनमा ४० अर्ब रुपियाँबराबरको लगानी सिमेन्ट उद्योग स्थापनाकै निम्ति भित्र्याउने प्रतिबद्धता गरेको प्रतिष्ठित भारतीय व्यावसायिक संस्था रिलायन्स पनि फर्किने अवस्थामा पुगेको छ । भलै, उसको फिर्तीमा आफ्नै व्यवस्थापनमा आएको परिवर्तन पनि एउटा कारण मानिएको छ । केही चिनियाँ लगानीकर्ताहरू नेपाली व्यवसायीहरूसँगको साझेदारीमा लगानी गर्न तयार भएका छन् । करिब ३६ अर्ब रुपियाँबराबरको लगानीमा होङसी सिमेन्टले नेपालको शिवम् सिमेन्टसँग मिलेर नेपालमा सिमेन्ट उद्योग सञ्चालन गर्ने चरणमा पुगेको छ । त्यसैगरी चीनकै हुवासिन नामक कम्पनी नेपालमा हुवासिन सिमेन्ट नारायणी प्रालिका नाममा १५ अर्ब रुपियाँबराबरको लगानीका साथ सिमेन्ट उद्योग सञ्चालन गर्ने प्रक्रियामा छ ।

उद्योग विभागका महानिर्देशक शंकर अर्याल भन्छन्, "आइसकेका कम्पनी फर्किने अवस्था पक्कै पनि राम्रो होइन । यसले राम्रो सन्देश दिँदैन । के कस्ता समस्या परेका हुन्, त्यसका निम्ति नीतिगत, कानुनी र प्रक्रियागत समस्या समाधान गर्न हामीले विभिन्न तहमा कोसिस गरिरहेका छौँ । लगानीको वातावरण हिजोभन्दा आज पक्कै पनि राम्रो बन्दैछ ।" ◆

यो हो डांगोटे समूह

अलिको डांगोट

डांगोटे सिमेन्ट अफ्रिकामा सबैभन्दा बढी सिमेन्ट उत्पादन क्षमता भएको कम्पनी हो । नाइजेरिया स्टक एक्सेन्जमा यसको बजार पुँजी मात्र १५ अर्ब अमेरिकी डलर (करिब १५ खर्ब रुपियाँ)भन्दा बढी छ । नाइजेरियासँगै अफ्रिकाका १४ मुलुकमा यस कम्पनीका उद्योग तथा कारखाना सञ्चालनरत छन् । अफ्रिकाबाहिर भने नेपालमा डांगोटेको पहिलो लगानी हुनेवाला थियो । नेपालबाट उत्पादन सुरु गरेर क्षेत्रीय कम्पनीबाट विश्व स्तरको कम्पनी बन्ने महत्त्वाकांक्षा पालेको थियो डांगोटेले । जसको ठूलो लगानी र उत्पादन स्तरका कारण प्रविधि हस्तान्तरण र रोजगार सिर्जनामा समेत महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको थियो ।

यसका संस्थापक अलिको डांगोटे अमेरिकी बिजनेस म्यागेजिन फोर्ब्सद्वारा सन् २०१४ मा विश्वका अर्बपतिको सूचीमा २३औँ नम्बरमा परेका व्यक्ति हुन् । सन् २०१७ को सोही सूचीमा भने उनी १०५औँ नम्बरमा छन् । यद्यपि, अझै उनी अफ्रिकाका सबैभन्दा धनी व्यक्ति हुन् । १२ खर्ब २ अर्ब अमेरिकी डलर सम्पत्तिका धनी डांगोटेसँग नेपाली खर्बपति विनोद चौधरीको भन्दा नौ गुणा बढी सम्पत्ति छ । डांगोटे समूहको सिमेन्टबाहेक चिनी तथा गहुँका उत्पादनमा प्रमुख लगानी छ । खनिज तेल प्रशोधन र मलखाद उत्पादनमा समेत उनको लगानी विस्तार र विविधीकरण भइरहेको छ ।

KMG
FIRE SIDE
WITH
BHUSAN DAHAL
EVERY MONDAY
9 PM
ONLY ON
KANTIPUR
KANTIPUR
कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा
DOWNLOAD KANTIPUR TV APP
GET IT ON Google Play
Available on the App Store
/KANTIPURTELEVISIONNETWORK
WWW.KANTIPURTV.COM

बचत र सुरक्षा पनि

पहिले करबलले गरिने बिमा अहिले आवश्यकता

माधव बस्नेत

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको केन्द्रीय कार्यालय हेरिटेज प्लाजा कमलादीमा ३ माघमा निकै भीड देखिन्थ्यो । त्यहाँ एकातर्फ अधिकर्ता (बिमाकर्ता खोज्ने र विश्वस्त बनाउने) तालिम चलिरहेको थियो । अर्कातर्फ बिमा रकम तिर्नेहरूको लाम थियो । अर्को कोठामा नयाँ बिमाकर्ताहरू कसरी थप्ने योजना बनिरहेको थियो । एलआईसी नेपालको शाखा कार्यालय मीनभवनको दृश्य पनि यस्तै थियो । सबैजसो जीवन बिमा कम्पनीमा पछिल्ला दिनमा यस्तै दृश्य देख्न पाइन्छ । अर्थात् बैंकमा जत्तिकै भीड लाग्न थालेको छ, जीवन बिमा कम्पनीहरूमा पनि । त्यसकै परिणाम जीवन बिमा कम्पनीले सवा खर्बको लगानी गरिसकेका छन् ।

प्राकृतिक, दैवी तथा मानवीय कारणले आकस्मिक रूपमा उत्पन्न हुने जोखिम, हानि-नोक्सानी तथा घटनाविरुद्ध आर्थिक संरक्षण लिने/दिने उद्देश्यले बिमा गरिन्छ । मानवीय जीवनसँग सम्बन्धित आर्थिक क्षतिको जोखिमविरुद्ध गरिने बिमा जीवन बिमा हो । यस्ता बिमा कम्पनीहरूलाई नेपाल सरकार मातहतको बिमा समितिले निगरानी गर्छ । सूर्य लाइफ इन्स्योरेन्स कम्पनीका कार्यकारी अधिकृत शिवनाथ पाण्डेका भनाइमा बिमा सम्भावनाको ढोका हो । त्यसैले यसको पहिलो आधार विश्वास हो । बैंकहरूलाई राज्यले जुन मात्रामा गम्भीर रूपमा लिएको छ, बिमा कम्पनीहरूलाई त्यही रूपमा लिनुपर्ने सूर्य लाइफका कार्यकारी अधिकृत पाण्डेको सुझाव छ । भन्छन्, “बिमा भनेको बैंकजस्तै बचत पनि हो । सुरक्षा पनि हो । यसलाई सरकारले अझ राम्ररी नियमन गर्दै सुरक्षित बनाउनु पर्छ ।” बिमालाई अनिवार्य गरिने हो भने राज्यलाई पेन्सनको भार नपर्ने पाण्डे बताउँछन् । जीवन बिमा भनेको जीवन हुँदै पाउने बिमा पनि हो । तर, मृत्युपछि मात्र बिमाको रकम पाइन्छ भन्ने गलत बुझाइ रहेकाले बिमा व्यवसाय ठूलो रूपमा फस्टाउन सकेको छैन ।

बिमा तीन प्रकारका छन्- जीवन बिमा, निर्जीवन बिमा र पुनर्बिमा । जीवन बिमाले मानिसको व्यक्तिगत जीवनसँग मात्र सरोकार राख्छ । यो बिमा जीवित व्यक्तिका हकमा मात्र कार्यान्वयन हुन्छ । निर्जीवन बिमा घर, गाडी, उद्योगधन्दा, कृषि, पशु आदिका लागि गरिन्छ । पुनर्बिमा चाहिँ जोखिमको भार कम होस् भनेर बिमा कम्पनीहरूले नै आफ्नो बिमा गराउँछन् । रिलायबल लाइफ इन्स्योरेन्सका सहायक कार्यकारी अधिकृत अगम मुखियाका भनाइमा जीवन बिमा पनि तीन प्रकारले गरिन्छ । एउटा सावधिक जीवन बिमा । अर्को आजीवन जीवन बिमा र तेस्रो म्यादी जीवन बिमा हो ।

सावधिक जीवन बिमा गर्दा कति वर्षका लागि गरेको हो, त्यस अवधिमा बोनससहित रकम फिर्ता हुन्छ । यसबाहेक मृत्यु, दुर्घटना, अंगभंग भए पनि यसको सुविधा पाइन्छ । आजीवन जीवन बिमाचाहिँ स्वाभाविक होस् वा आकस्मिक, मृत्यु भएपछि बोनससहित परिवारले पाउँछन् । म्यादी बिमा गरिएको छ भने दुर्घटनामा परी मृत्यु भए रकम पाइन्छ । नत्र त्यो रकम फिर्ता हुन्न । धेरैजसो जीवन बिमा कम्पनीहरूले पछिल्लो समयमा सावधिक तथा आजीवन भनेर बिमा गर्न थालेका छन् ।

एलआईसी नेपालका कायममुकायम प्रमुख कार्यकारी अधिकृत अभिजित घोष दस्तियारका अनुसार बिमा गर्नुको खास कारण तीनवटा छन् । पहिलो मृत्युबाट उत्पन्न हुने आयस्रोतको क्षतिमा परिवारलाई आर्थिक सुरक्षा दिनु, दोस्रो बिमा लगानीको उत्कृष्ट तरिका भएकाले यसका कारण राम्रो बोनस रकम, बिमालेखमा कर्जा सुविधा र परिपक्वता लाभ पाइन्छ । तेस्रो, बचत गर्ने बानी

पीडितले गरेको दाबी भुक्तानी नगर्ने हो भने बिमा कम्पनी खोल्नुको अर्थ छैन ।

विवेक झा
प्रमुख कार्यकारी अधिकृत
नेपाल लाइफ इन्स्योरेन्स

जसरी गाँस, बास र कपास आधारभूत आवश्यकता हुन्, जीवन बिमा पनि त्यस्तै अपरिहार्य कुरा हो ।

अभिजित घोष दस्तियार
कायममुकायम प्रमुख कार्यकारी अधिकृत
एलआईसी नेपाल

बिमा भनेको बैंक जस्तै बचत पनि हो । सुरक्षा पनि हो । यसलाई अझ राम्ररी नियमन गर्दै सुरक्षित बनाउनु पर्छ ।

शिवनाथ पाण्डे
कार्यकारी अधिकृत
सूर्य लाइफ इन्स्योरेन्स

पहिलेको तुलनामा बिमाप्रतिको सचेतना एकदमै बढ्दै गएको छ ।

अगम मुखिया
सहायक कार्यकारी अधिकृत
रिलायबल लाइफ इन्स्योरेन्स

भई पुँजी निर्माण हुन्छ, जसबाट व्यक्तिले भविष्यमा आर्थिक गर्जो टार्न र व्यवसाय सुरु गर्न सक्छ ।

वैशाख ०७२ मा आएको विनाशकारी भूकम्पमा परी नौ हजार नागरिकले ज्यान गुमाए । जसमा जीवन बिमा गर्नेको संख्या करिब तीन सय मात्र रहेछ । यही घटना काफी छ बिमाप्रति सर्वसाधारणको सचेतना कति कमजोर छ भन्ने बुझ्न । बिमा कम्पनीका सबैजसो प्रमुख कार्यकारी अधिकृतहरू जीवन बिमाप्रतिको सचेतना निकै नै कमजोर रहेको स्वीकार गर्छन् । "दुर्भाग्य नै भनौँ, नेपालमा बिमा सचेतना त्यति राम्रो छैन," एलआईसीका कायमुकायम कार्यकारी अधिकृत दस्तियार भन्छन्, "हामीहरूले आमजनमानसमा जसरी गाँस, बास र कपास आधारभूत आवश्यकता हुन्, त्यसरी नै जीवन बिमा पनि अपरिहार्य कुरा हो भनेर बुझाउन सकेका छैनौँ । तथापि, दिनानुदिन परिस्थिति सुधार हुँदै गएको छ ।"

नेपाल लाइफका प्रमुख कार्यकारी अधिकृत विवेक झाको स्वीकारोक्ति पनि दस्तियारसँग मिल्दोजुल्दो छ । झाका भनाइमा धेरैजसो बिमा आफन्त, अधिकर्ता आदिको आग्रहमा हुने गरेको छ । बिमा गर्नु आर्थिक जोखिम टार्नु हो भन्ने बुझाइका अपवाद घटनाबाहेक कोही पनि आफैँ उत्सुक भएर बिमा गर्न आउँदैनन् । यस्तो हुनुमा बिमा कम्पनीहरूको समेत कमजोरी रहेको झाको ठम्याइ छ । भन्छन्, "बिमा कम्पनीहरूले पनि यसको महत्त्व बुझाउन सकेका छैनन् । त्यसमाथि बिमा कम्पनीले ठग्छन् । दाबी भुक्तानी माग्दा दुःख दिन्छन् । दिँदैनन् भन्ने भ्रम परेको छ । त्यसैले पनि यसप्रतिको सचेतना कम भएको हो ।"

पछिल्ला दिनमा भने बिमाप्रतिको सचेतना बढ्दो छ । उदाहरणका लागि नेपाल लाइफलाई नै लिन सकिन्छ । यो बिमा कम्पनीले यस वर्ष मात्र ५० हजार व्यक्तिको नयाँ बिमा गराएको छ भने वैदेशिक रोजगारमा जाने झन्डै ५५ हजारले यस कम्पनीमा बिमा गरेका छन् । हालसम्म १५ लाख नागरिकले नेपाल लाइफमा बिमा गरिसकेको झाको दाबी छ । नयाँ बिमा र वैदेशिक रोजगारसमेत गरी नेपाल लाइफले यस वर्ष मात्र सवा दुई अर्ब रकम असुल गरेको छ । कुल गरी नेपाल लाइफले मात्र ५३ अर्ब रुपियाँको बिमा लगानी गरेको छ । आफूहरूले ३ लाख २० हजार व्यक्तिको बिमा गरिसकेको सूर्य लाइफका कार्यकारी अधिकृत पाण्डे बताउँछन् । गत असोजबाट मात्र सञ्चालनमा आएको रिलायबल लाइफ इन्स्योरेन्सले समेत १९ हजार ६ सय जनाको बिमा गराइसकेको छ । एलआईसी नेपालले ८ लाख ५० हजार व्यक्तिको बिमा गरेको कायममुकायम प्रमुख कार्यकारी अधिकृत दस्तियारको भनाइ छ । यो सचेतना बढ्दै गएको संकेत हो । रिलायबल लाइफका सहायक कार्यकारी अधिकृत अगम मुखिया भन्छन्, "पहिलेको तुलनामा बिमाप्रतिको सचेतना एकदमै बढ्दै गएको छ ।" बिमा गर्नेमध्ये वैदेशिक रोजगारीमा जानेको संख्या ठूलो छ । सरकारले वैदेशिक रोजगारीमा जाने शतप्रतिशतलाई बिमा अनिवार्य गराएको छ । उनीहरूले वैदेशिक रोजगार अवधिभर मात्र बिमा गर्छन् । यस हिसाबले हेर्दा बिमा गर्नेको संख्या ठूलो देखिए पनि मुलुकभित्रै बस्ने थोरैले मात्र गराएको बुझ्न कठिन छैन ।

सर्वसाधारण जीवन बिमा गराउन उत्सुक नहुनुको पछाडि बिमा दाबी झन्झटिलो र सहज ढंगले भुक्तानी पाइँदैन भन्ने बुझाइ पनि प्रमुख कारण हो । जीवन बिमाभन्दा निर्जीवन बिमाका कारण यसप्रति नकारात्मक धारणा रहेको जानकारहरू बताउँछन् । हुन पनि अवस्था कस्तो छ भने घर, गाडीजस्ता निर्जीवन बिमामा ग्राहकलाई बढी नै सास्ती दिने गरेको देखिन्छ । जसका कारण जीवन बिमाप्रतिसमेत नकारात्मक प्रचार भएको हो । यद्यपि, जीवन बिमामा पनि समस्या नै नभएको चाहिँ होइन । खासमा जीवन बिमा निरोगी नागरिकले गर्ने हो । तर, प्राणघातक रोगको पहिचान भइसकेपछि बिमा गराउने, झूट्टा विवरण पेस गरेर सुविधा लिन खोज्नेजस्ता घटनाका कारण विवाद पर्ने, भुक्तानी दिन समस्या हुने बिमा कम्पनीहरूको दाबी छ । व्यवसाय आफैँ चल्ने नभई व्यक्तिले चलाउने भएकाले एकाध व्यक्तिको नियत गलत हुनेबित्तिकै समग्र क्षेत्र बदनाम भएको नेपाल लाइफका प्रमुख कार्यकारी अधिकृत झा बताउँछन् । "पीडितले गरेको दाबी भुक्तानी नगर्ने हो भने बिमा कम्पनी खोल्नुको अर्थ छैन," उनी भन्छन् ।

दाबी भुक्तानी छिटो दिए बिमा गर्नेहरूको संख्या स्वतः बढ्ने झाको अनुभव छ । एलआईसीका कायममुकायम सीईओ दस्तियारका अनुसार उनको कम्पनीले बिमा दाबी गर्न आएकामध्ये ९९.७५ प्रतिशत घटनामा रकम रोकेको छैन । गम्भीर घटनाहरूमा आफूहरूले 'फिल्ड'मै पुगेर भुक्तानी दिइरहेको नेपाल लाइफका प्रमुख कार्यकारी अधिकृत झा बताउँछन् । थप्छन्, "झूट्टो विवरण पेस गर्ने अपवादबाहेक शतप्रतिशतले बिमा भुक्तानी पाएका छन् । अपवाद घटनालाई लिएर बिमाप्रति नकारात्मक धारणा बनाउनु भएन ।" त्यसो त जीवन बिमा कम्पनीका समस्याहरू पनि उत्तिकै छन् । बिमा कम्पनीहरूले विमितप्रति लामो अवधिको दायित्व बहन गर्नुपर्छ । तर, लगानीको क्षेत्र तथा अवसर संकुचित तथा अल्पकालीन छन् । त्यसैले राज्यले प्रभावकारी ढंगले यस क्षेत्रका समस्याहरू पहिचान गरी बिमा कम्पनीहरूलाई थप जिम्मेवार र सुरक्षित बनाउने हो भने जीवन बिमा गर्नेहरूको संख्या अझ बढ्ने देखिन्छ । ◆

टिप्पणी

॥ रामजी दाहाल

नत्र, विशेष महाधिवेशन

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नराम्ररी पराजय भोगेको सत्तासीन प्रमुख घटक नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक ४३ दिनपछि ४ माघमा भयो । पहिलोपटक लिखित एजेन्डा प्रस्तुत गरेका कांग्रेस सभापति शेरबहादुर देउवाले बैठकको सुरुमै केन्द्रीय सदस्यहरूको आक्रोश मत्थर पार्न निर्वाचनको समीक्षा अर्को बैठकमा गर्ने प्रस्ताव गरे । साथै, उनले महासमिति बैठकसमेत बोलाउने आश्वासन दिँदै अहिलेको बैठकचाहिँ राष्ट्रियसभा निर्वाचनमा केन्द्रित हुने जनाउ दिए ।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फको चुनावमा तेस्रो दलको हैसियतमा खुम्चिन परेको र लामो समय बितिसक्दा पनि यो हदको पराजयको समीक्षा गर्न नेतृत्व तयार नभएको भन्दै युवा पुस्ताका नेताहरूले दबाब दिएपछि सभापति देउवा यो बैठक बोलाउन बाध्य भएका थिए । बैठक बोलाउन दबाब दिने क्रममा कतिपयले नेतृत्व परिवर्तनको मुद्दालाई पनि एकैसाथ उठाएका थिए ।

देउवा पार्टी सभापतिमा निर्वाचित भएको आगामी फागुनमा दुई वर्ष पूरा हुँदैछ । कांग्रेसको विधान अनुसार अबको दुई वर्षपछि पार्टीको १४औँ महाधिवेशन हुनुपर्छ । जहाँसम्म नेतृत्व परिवर्तनको कुरा छ, यो महाधिवेशनले मात्र गर्न सक्छ, महासमितिलाई त्यो अधिकार छैन । यसबाहेक दुई वर्षसम्म पर्खन नसक्ने हो भने नेतृत्व परिवर्तन गर्ने एक मात्र विकल्प, विशेष महाधिवेशन मात्र हो । जसको सम्भावना आजका दिनमा देखिँदैन । र, विशेष महाधिवेशन नहुने हो भने नेतृत्व परिवर्तनको मुद्दा टरेको रूपमा बुझ्नुपर्छ ।

केन्द्रीय समिति बैठकमा सदस्यहरू जसरी आक्रामक रूपमा प्रस्तुत हुने अड्कल कांग्रेसजनले गरेका थिए, त्यो ढंगबाट भएन । तापनि, अधिकांश केन्द्रीय सदस्यको आक्रोश निर्वाचनमा भएको पराजय मात्र थिएन, नेतृत्वको कार्यशैलीप्रति पनि थियो । कतिसम्म भने रामचन्द्र पौडेल र कृष्ण सिटौला खेमाका केन्द्रीय सदस्यहरू मात्र होइन, १३औँ महाधिवेशनमा देउवाकै टिमबाट महामन्त्रीका उम्मेदवार बनेका अर्जुननरसिंह केसीले पनि सभापतिको कार्यशैलीप्रति असहमति त जनाए नै, यस्तै हो भने भोलिका दिनमा यो टिममा बस्न नसक्ने जनाउ पनि दिए । समानुपातिकमा पटक-पटक एउटै व्यक्तिलाई अवसर दिइएकामा आक्रोश पोखियो बैठकमा । निर्वाचनमा पराजित वरिष्ठ नेता रामचन्द्र पौडेल पनि सभापतिमाथि खनिएका थिए ।

आपसमा मतभेद भए पनि सभापति देउवा र वरिष्ठ नेता पौडेल एउटा मुद्दामा भने सँगै देखिए, अनुशासनको कारबाहीका सवालमा । भ्रष्टाचारसम्बन्धी मुद्दा खेपिरहेका पूर्वमन्त्री गोविन्दराज जोशीका कारण आफूले चुनाव हार्नुपरेको पौडेलको बुझाइ छ । त्यसैले त्यस्ता नेतामाथि अनुशासनको कारबाही हुनुपर्ने उनको माग थियो । अर्कातिर, पत्नी आरजुमाथि कैलालीमा अन्तर्घात भएको सभापति देउवाको निष्कर्ष छ । त्यसैले दुवै नेता अनुशासनको कारबाही गर्नुपर्नेमा एक भएका हुन् ।

कांग्रेस सामूहिक नेतृत्व प्रणालीमा चलेको पार्टी हो । त्यसैकारण कुनै पनि निर्णय लिनुअघि सामूहिक छलफल गर्ने परिपाटी छ । यस हिसाबले हेर्दा केन्द्रीय समिति बैठकमा कतिपय सदस्यहरूले गत निर्वाचनमा पार्टीले जुन ढंगबाट पराजय भोग्नुपर्‍यो, त्यसको सम्पूर्ण दोष सभापतिको टाउकोमाथि थोपरेर आफू पानीमाथिको ओभानो बन्ने प्रयास गरेका छन् । जबकि, हिजोका दिनमा सामूहिक छलफलपछि संसदीय समितिले नै टिकट वितरण गरेको थियो । हो, त्यतिबेला सभापति देउवाले पार्टीको विधान उल्लंघन गर्दै ११ सदस्यीय संसदीय समितिको आकार बढाएर २१ सदस्यीय बनाए । संसदीय समिति पार्टीको उम्मेदवार चयन गर्ने शक्तिशाली संयन्त्र हो । तर, समितिमा आसेपासेलाई 'एडजस्ट' गर्नुलाई नै आफ्नो विजय ठानेका नेताहरूले त्यतिबेला कुनै विरोध जनाएनन् । त्यही समितिको सिफारिसमा कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभाको टिकट वितरण गरेको थियो । यस्तो भागबन्डामा नेताहरू लगभग सबै प्रसन्न नै थिए ।

त्यसकारण उम्मेदवार चयनमा गल्ती भयो, भेदभाव गरियो भनेर कार्यकर्ता तहबाट नेतृत्वको आलोचना हुनु स्वाभाविक हो । तर, आफैँले उम्मेदवार चयन गर्ने अनि पराजयको दोष नेतृत्वको टाउकोमा थोपरेर कम्तीमा संसदीय समितिमा रहेका नेताहरू उम्कन पाउँदैनन्, पाउनु हुँदैन । चुनावमा भएको पराजयको जिम्मेवारी सामूहिक रूपमा लिनुपर्छ ।

युवा पुस्ताले पनि नेतृत्वको आलोचना गरेर मात्र हुँदैन, राजनीतिक एजेन्डासहित अगाडि आउन सक्नुपर्छ ।

चुनावपछि कांग्रेसको अवस्था कमजोर देखिएको छ । त्यस्तो अवस्थामा आफूलाई लोकतन्त्रको पर्याय ठान्ने कांग्रेसको भूमिका कस्तो हुने भन्ने विषयमा समेत अब बहस केन्द्रित गर्नुपर्छ ।

महाधिवेशन भएको दुई वर्ष बित्न लागिसक्दा पनि उपसभापति, महामन्त्री, सहमहामन्त्री मनोनयन मात्र होइन, केन्द्रीय समितिलाई पूर्णता दिन नसक्नु सभापति देउवाको सबैभन्दा ठूलो कमजोरी हो । यसबाहेक विधान अनुसार पार्टीका विभागहरू पनि गठन गर्न सकेका छैनन्, जसले गर्दा नेताहरू भूमिकाविहीन भएका छन् । भूमिकाहीन र ऊर्जावान् नेताहरूलाई जिम्मेवारी दिएर गाउँगाउँमा संगठन विस्तारमा खटाउन नसक्नु पनि उनको कमजोरी हो । महासमिति बैठक डाक्नुअघि सभापति देउवाले यी सबै काम पूरा गरेनन् भने अहिले जस्तो आलोचना मात्र होइन, विशेष महाधिवेशन बोलाउनका लागि चौतर्फी दबाब आउन सक्छ । जतिबेला यो वा त्यो बहानामा विशेष महाधिवेशनबाट देउवा भाग्न पाउने छैनन् । ◆

Shikhar Health Insurance
उपचार खर्च
सजिलै टर्छ
१००० भन्दा बढी प्रकारका रोगहरूको उपचार खर्च समेटिएको
नेपाल र भारतका गरी ४००० भन्दा बढी अस्पतालहरुमा नगद रहित उपचार सुविधा
नगद रहित उपचार, बिना झन्झट शतप्रतिशत भुक्तानी र सजिलै दावी
रू. २ लाख देखि रू. २० लाखसम्मको आफ्नो तथा आफ्नो परिवारको स्वास्थ्य बीमा
थप जानकारीका लागी नजिकैको शिखर इन्स्योरेन्स कम्पनीका शाखाहरुमा सम्पर्क गर्नुहोस | Hotline No.: 16600144441
Shikhar Insurance
Happysurance
Shikhar Biz Center, Thapathali, Kathmandu. Ph: 4246101, 4246102. Fax: 4246103
Email: health@shikharinsurance.com Website: www.shikharinsurance.com
Facebook: www.facebook.com/shikharinsurance

कफी विथ गगन

राजकुमार बानियाँ
तस्बिर : रवि मानन्धर

अफिसभन्दा टाढाको अफिस, घरेलु बैठकको ठूलो भर्सन- हिमालयन जाभाका संस्थापक गगन प्रधान, ४४, को परिभाषामा कफी सप यस्तै हो । १८ वर्षपहिले राजधानी सहरमा कफी सप खोलेका उनले नेपाली कफीलाई अन्तर्राष्ट्रिय स्तरमै 'ब्रान्डिङ' गरिदिएका छन् ।

उनले कफीलाई फगत 'प्रोडक्ट'का रूपमा मात्र बेचेनन्, विशिष्ट अनुभवका रूपमा बाँडे । सफा ठाउँको अनुभव, राम्रो कफीको अनुभव, राम्रो सेवाको अनुभव, राम्रो किताबको अनुभव, राम्रो बेकरी आइटमको अनुभव, राम्रो बोल्ने स्टाफको अनुभव । चल्तीका चिया पसलभन्दा फरक । अफिस या बैठक कक्षको भव्य सजावटमा ।

उनको कफी सपको उत्तरोत्तर प्रगति कस्तो छ भने स्वदेशमै २९ वटा फ्रेन्चाइज छन् । प्रत्यक्ष रूपमा साढे दुई सयले रोजगारी पाएका छन् । सहरी जीवनमा कफी संस्कृति बनिसकेको छ । क्यानडाको टोरन्टो, बेलायतको लन्डन, चीनको ल्हासा, थाइल्यान्डमा बैंकक, अस्ट्रेलिया र भुटानसम्म विस्तार भएको छ । अमेरिकामा दुईवटा आउटलेट छन्, दुई थपिने क्रममा छन् ।

हिमालयन जाभाको देखासिकी कस्तो भने साइनबोर्ड मात्र होइन, मेनु नै 'कपी पेस्ट' गरिएका छन् । काठमाडौँका गल्लीगल्लीमा मःम पसलभन्दा ज्यादा कफी सप खुलेका छन् । उपत्यकामा मात्रै त्यो संख्या एक हजारभन्दा बढी छ । पोखरामा तीन किलोमिटरभित्रै सय वटा एस्प्रेसो मेसिन छन् । "कफी सप खुल्दा म खुसी हुन्छु, बन्द हुँदा दुःख पनि लाग्छ," उनको प्रतिक्रिया छ, "प्रोडक्टमा इनोभेसन भएन, कपी पेस्ट मात्रै भयो ।"

गगनको भनाइमा हरेक मानिस मौलिक खुबी लिएर जन्मन्छ । तर, त्यो थाहा नपाई गरिएका व्यवसाय दिगो हुँदैनन् । कुनै बिजनेस मोडल सफल हुँदैमा त्यसको पछि कुद्नु राम्रो होइन । भोलि कफी सप पनि कार्पेट, पस्मिना, गार्मेन्टजस्तो असफल हुन सक्छ ।

भक्तपुरको नवदुर्गा मन्दिरनेर गछैं टोलमा जन्मेका गगनका बुबा गौरीबहादुर प्रधानले ३५ वर्षअगाडि दरबारमार्गमा कुमारी टुर्स एन्ड ट्राभल्स खोलेका थिए । उनी छोरालाई होटलमा हुने कार्यक्रममा लैजान्थे । होटलको त्यही 'ग्ल्यामर' देखेर सानैमा लोभिए गगन । र, भन्न थालेछन्, 'भविष्यमा डाक्टर-इन्जिनियर होइन, होटल म्यानेजमेन्ट पढ्ने हो ।'

त्यतिबेला भक्तपुरमा राम्रा स्कुल थिएनन् । त्यसैले उनकी आमाले बानेश्वरमा रेनर्स रेजिडेन्सियल हाइस्कुल देखेर त्यहीँ जग्गा किनी घर बनाइन् र छोरालाई पढाइन् । गगनले एसएलसी भने सिद्धार्थ वनस्थली स्कुलबाट दिए ०४८ मा । स्कुले साथी 'बोर्ड फस्ट' भए तर गगनले द्वितीय श्रेणीमा चित्त बुझाए । "नबुझे पनि बुझेँ भन्नैपर्ने, नोट सार्नैपर्ने र घोक्नैपर्ने," उनी भन्छन्, "मलाई त बुझ्न गाह्रो हुन्थ्यो । म औसत विद्यार्थी मात्रै थिएँ ।"

शंकरदेव क्याम्पसमा आईकम पढ्दासम्म देशबाहिर जाने सोच थिएन उनको । "बिहान कलेज जाने, दिउँसो साथीहरूसँग घुम्ने, एकैखालको जीवनशैलीले मोनोटोनस भयो," उनी सम्झन्छन्, "परिवर्तनका लागि बाहिर जाने निधो गरेँ, त्यो पढाइका लागि मात्र होइन, कामका लागि, भविष्यका लागि ।"

अन्ततः सन् १९९४ मा अस्ट्रेलिया गए गगन । सिड्नीको विलियम ब्ल्यू इन्टरनेसनल होटल म्यानेजमेन्ट कलेज भर्ना भए । अस्ट्रेलिया गएपछि भने उनी राम्रा विद्यार्थी गनिए । पढाइ पनि छर्लंग बुझ्न थाले ।

उनका लागि अस्ट्रेलिया 'एक्सपेक्टेसन भर्सेज रियालिटी'जस्तै भयो । सिड्नीजस्तो महँगो सहरमा 'पर्सनल' र 'प्रोफेसनल लाइफ' बीच सन्तुलन मिलाउन बडो सकस । "मैले यतिका वर्ष कफी सप चलाइसकेँ, कोही पनि भऱ्याङ चढेर दाइ यहाँ काम पाइन्छ भनेर सोध्न आएको छैन," उनी भन्छन्, "म एक दिनमै ४० ठाउँमा जागिर खोज्दै हिँडेँ ।"

त्यतिबेला सिड्नीमा पाँच जना पनि नेपाली थिएनन् । अस्ट्रेलियामा पढ्न आयो भनेर हाँस्थे कतिपय । रेस्टुराँमा 'पार्टटाइम' काम पाए । "नेपालमा हातले माझ्नुपर्थ्यो भाँडा । त्यहाँ डिसवासिङ मेसिनले माझ्थ्यो," उनी ती दिन सम्झेर भावुक हुन्छन्, "मैले त्यहाँ मभ गरेँ, कस्टमर सर्भिस गरेँ, बर्गर बनाएँ, वेटरको काम गरेँ ।" समस्या के भने कलेज गयो, काममा जान नभ्याउने । काम गर्न गयो, कलेज जान नभ्याउने ।

गगन बिहान ६ बजे उठ्थे । ७ बजेको रेलमा स्याउ चपाउँदै जान्थे कलेज । पौने ८ बजे कक्षा सुरु हुन्थ्यो । दिउँसो ४ बजे कलेज छुट्थ्यो । झोलामै हालेको लुगा फेरेर रेस्टुराँमा काम थाल्थे साँझ ५ बजे । ११ बजे राती बल्ल काम सकिन्थ्यो । साढे १० बजेसम्म मात्र रेल चल्थ्यो । त्यसपछि नाइट राइडर एक घन्टाको फरकमा चल्थ्यो । घर पुग्दा राती १-२ बज्थ्यो । फेरि बिहान ६ बजे उठिसक्नुपर्थ्यो ।

खान पनि नभ्याउने, निद्रा पनि नपुग्ने कठिन जिन्दगी । क्याफिनका लागि कफी र इन्स्ट्यान्ट इनर्जीका लागि चकलेटमा लत बस्यो उनको । धन्न १८-१९ वर्षे ऊर्जाले धान्यो । यस्तै धपेडीमा बित्यो चार वर्ष । "क्लासमा ननिदाइयोस् भनेर कफी पिउँथेँ, भोक मेटाउन चकलेट," उनी भन्छन्, "धन्न क्लासमै चकलेट खान पाइन्थ्यो, कफी लैजान पाइन्थ्यो । चकलेट सस्तो थियो । खान समय लाग्दैनथ्यो ।"

ब्याचलर इन होटल म्यानेजमेन्ट गरेलगत्तै नेपाल फर्कने थियो उनको सोच । तर, सन् १९९७ मा टुरिजम पढ्नका लागि बहिनी पनि उतै गइन् । थप दुई वर्ष वर्किङ भिसामा बस्नुपऱ्यो गगनले । थुप्रै साथीहरूसहित सन् १९९९ मा फर्किए उनी । नेपाल आएको तीन दिनमै एउटा पाँचतारे होटलमा काम पाए । त्यसरी अड्किन नपाएको भए उनलाई साथीहरूजस्तै उतै फर्कनुपर्ने हुन सक्थ्यो ।

पाँचतारे होटलको व्यवस्थापनसँग उनको मेल खाएन । यो ठाउँ मेरा लागि होइन भनेर एक हप्तामै छाडिदिए । उनी निर्णय चाँडै गर्न सक्छन्, राम्रो होस् या नराम्रो । उनी त आफ्नै लगानीमा केही गर्न चाहन्थे । नेपाली बजारमा के छैन ? उनले 'मार्केट स्टडी' गरे ६ हप्ताजति । उनले थाहा पाए, काठमाडौँमा कफी सप नै रहेनछ ।

त्यतिबेला तारे होटल अन्नपूर्णमा मात्रै थियो कफी सप । र, कफीको नाममा इन्स्ट्यान्ट कफी दूध-चिनी वा चिनीमा मात्रै पकाएर खाने चलन थियो । "मैले अस्ट्रेलियामै कफीको चार हप्ताको वर्कसप लिएको थिएँ । ज्ञान अपुग लागेर अमेरिकाको क्यालिफोर्निया गएँ," उनी भन्छन्, "स्पेसियाल्टी कफी एसोसिएसन अफ अमेरिकाको तालिम लिएँ र कफी मेसिन लिएर आएँ ।"

२९ नोभेम्बर १९९९ मा १३ लाख रुपियाँको लगानीमा हेरिटेज प्लाजा, कमलादीमा हिमालयन जाभा सुरु गरे गगनले । त्यतिखेर

काठमाडौंको सबभन्दा ठूलो र राम्रो भवन त्यही थियो । विदेशी निकायका थुप्रै कार्यालय थिए त्यहाँ ।

हिमालयन जाभा नाम नै किन राखे त ? अस्ट्रेलियामा पढ्दा उनी प्रायः जाभा हाउसको कफी खाँदा रहेछन् । खासमा जाभा इन्डोनेसियाको एउटा टापु हो, संसारकै अब्बल कफी उत्पादन हुने ठाउँ । अमेरिकातिर जाभा भनेकै कफी हो । नेपाली कफीले नधाने जाभाको कफी ल्याउने सोच थियो उनको । त्यसैले सम्बन्ध जोडिदिए, हिमालय र जाभा । "त्यतिबेला नेपाली भनेपछि सबथोक नराम्रो मानिन्थ्यो, खानादेखि कफीसम्म," उनी भन्छन्, "मैले पहिलो दिनदेखि नै नेपाली कफीको प्रवर्द्धन गर्ने अठोट लिएँ ।"

जीवनमा कतिपय गलत काम पनि गरे उनले । तर, त्यसबाट पनि केही सिके । उनले फ्रेस बिन्सबाट कफी सप खोल्ने क्रममा 'मार्केट रिसर्च' गर्दा चार-पाँच सय जनालाई सोधेछन्, कस्तो कफी खानुहुन्छ ? दिनमा कतिपटक आउनुहुन्छ ? कस्तो वातावरण चाहनुहुन्छ ? दिनमा कति खर्च गर्नुहुन्छ ? "ती सबैको उत्तरले मलाई त हौसला दियो तर अधिकांशले झूटो जवाफ दिएका रहेछन्," उनी हाँस्छन्, "दिनमा तीनचोटि आउँछु भन्ने मान्छे एक वर्षमा तीनचोटि पनि आएनन् ।"

रमाइलो प्रसंग- हिमालयन जाभाको साइनबोर्डले 'कन्फ्युज्ड' गरायो धेरैलाई । कतिपय कम्प्युटर इन्स्टिच्युट ठानेर आए । ठूला र भव्य सोफा खाली-खाली देखेका कतिपय फर्निचर सो रुम सम्झेर आए । कतिपय नयाँ ग्राहक कफी तीतो, टर्रो भनेर फर्किए । हेरिटेज प्लाजा उनलाई फापेन । बाथरुम, पानी र बिजुली समस्या थपिए ।

अस्ट्रेलियामै मेकानिकल इन्जिनियरिङ पढेर फर्केका साथी आनन्द गुरुङ उनीकहाँ कफिन गइरहन्थे । भनिरहन्थे, 'गगन, ठमेलतिर खोल्ने भए सोच है । मलाई पनि कफी सपमा लगानी गर्न मन छ ।' त्यसरी ग्याङठ्याङ मिलेपछि आनन्दकै ठमेलस्थित घरमा पाँच महिनामै सऱ्यो, हिमालयन जाभा । गगनका व्यावसायिक जोडी बने, आनन्द ।

ठमेलको कफी सप दुई वर्ष चल्दै चलेन । सबभन्दा बढी बिक्री भएको दिन ४ हजार ५ सय रुपियाँ । "अस्ट्रेलियामा पढ्दा कफी मेरो जरुरत भयो, त्यो जरुरतलाई मैले प्यासनमा बदलेँ । त्यसपछि प्यासनलाई व्यवसाय बनाएँ," उनी भन्छन्, "कफीमा प्यासन र रिटर्न अफ इन्भेस्टमेन्ट (आरआई)को ज्ञान नभएको भए म तीन महिनामै बन्द गर्थें ।"

कफी सपका ग्राहक प्रायः नेपालमा बस्ने विदेशी हुन्थे । "हामीले त्यस्तो विज्ञापन केही गरेनौँ । मुखमुखै प्रचार भयो," उनी हौसिन्छन्, "विदेशमा बस्ने नेपाली बिदामा आएका बेला परिवार, साथीसँगै लिएर आउन थाले । कफी सबैको प्रिय पेय भयो ।"

गगनको व्यावसायिक जीवनमा अहिले थकाली खाना पनि थपिएको छ । तर, त्यसलाई उनी 'एक्सिडेन्टल बिजनेस' मात्र मान्छन् । बौद्ध स्तुपामा हिमालयन जाभाको आउटलेट खोल्न खोज्दा उनले एक दशकसम्म ठाउँ नै पाएनन् । त्यसका लागि चलेको थकाली भान्साघर नै किन्नुपऱ्यो । कफी सप त खुल्यो तर भान्साघरका सारा सामान कहाँ थन्काउने ? सामान किनेका थिए, २२-२५ लाखमा । तर, त्यसलाई १० लाख दिन पनि कोही तयार भएन ।

संयोगवश ठमेलको कफी सपमै आए, थकाली सेफ शम्भु बस्नेत । सिंगापुरमा पढेका र थकाली खानाका लागि प्रसिद्ध पोखराको मोनालिसा होटलमा झन्डै ११ वर्ष बिताएका शम्भुलाई समेत साझेदार बनाएर छाता गणेश टंगालमा खोलियो, नीलगिरि थकाली डिलाइट्स । ८० जनाले एकै साथ खाना खान सक्ने यो ठाउँमा मुस्ताङबाटै आलु, फापर, दाल र सुकुटी झिकाइन्छ ।

गगनले इन्डियन, थाई, इटालियन आइसक्रिम रेस्टुराँमा पनि लगानी गरेका छन् । तर, ध्याउन्न कफीमै छ । "नेपाली खाना नेपाली र नेपाल मन पराउनेले मात्र खान्छन्," उनी भन्छन्, "नेपाली कफीचाहिँ संसारभरिका मानिसको प्रिय पेय भइसकेको छ । कफी ग्लोबल सोसल बेभरेज हो ।" उनको एक मात्र उद्देश्य डलरलाई जस्तै संसारभरि नेपाली कफी सर्वस्वीकार्य बनाउनु हो ।

उनलाई थाहा छ- कफी सप, पानी, दूध, मेसिन जति नै राम्रो भए पनि कफीका लागि दाना अब्बल चाहिन्छ । अब उनको 'ड्रिम प्रोजेक्ट' हो, कफी खेती । त्यसैले खेती पनि सुरु भइसकेको छ, चियाको राजधानी फिक्कलमा । "हामीले चिया खाने ठाउँमा कफी खान सिकायौँ, अब चिया खेती हुने ठाउँमा नमुना बगान बनाउने चाहना छ । हाम्रो बिग पिक्चर त्यही होला ।"

कुनै बिजनेस मोडल सफल हुँदैमा त्यसको पछि कुद्नु राम्रो होइन । भोलि कफी सप पनि कार्पेट, पस्मिना, गार्मेन्टजस्तो असफल हुन सक्छ ।

कफी स्कुल पनि चलाएका छन् उनले । सन् २०११ तिर अस्ट्रेलियामा कफी सप खोल्न गएका बेला उनले थुप्रै नेपाली विद्यार्थीको बिजोग देखे । त्यसैले उता जाने विद्यार्थीका लागि ठमेलको आफ्नै कार्यकक्षमा कफी तालिम दिन थाले । एक-दुई जना हुँदै १२ जनासम्म प्रशिक्षार्थी भएपछि सिभिल मलमा खोले, हिमालयन जाभा बारिस्टा कफी स्कुल । मक्को मेसिनको डेमोन्स्ट्रेसन, हिमालयन जाभाकै नयाँ कर्मचारी र कफी सप खोल्न चाहनेलाई तालिम पनि त्यहीँ हुन्छ ।

अर्को वर्षसम्म कफीबाट क्याफिन हटाउने डिक्याफ प्रविधि भित्र्याउने कार्यक्रम छ उनीसँग । र, यो पनि नेपाली कफीकै प्रवर्द्धनका लागि हो । उनको सहकार्य अमेरिकाको फुड एन्ड ड्रग्स एड्मिनिस्ट्रेसनसँग जारी छ । उनको एक सूत्रीय सपना छ- अमेरिकी मापदण्डको नेपाली कफी ।

कफीजस्तै म्युजिक-लभर हुन्, गगन । उनको सांगीतिक रुझान बुझाउँछन्, फेरी-फेरी लगाउने टी-सर्टले । गन्स एन्ड रोजेज, मेटालिका आदि हार्ड रक ब्यान्डको टिसर्ट लगाउन रुचाउने उनले छोरा गौरव र छोरी निरोशियालाई पनि संगीतको लत लगाइसकेका छन् ।

पत्नी नूपुर श्रेष्ठलाई उनले पहिलोपटक आफ्नै कफी सपमै भेटेका थिए । ब्ल्यूबर्ड डिपार्टमेन्टल स्टोरमा सेल्स एन्ड मार्केटिङ म्यानेजर रहेकी नूपुर खासमा कफी सपसँग टाइअप गर्न आएकी थिइन् । तर, गगनसँग पो टाइअप भइन् । मुम्बईबाट एमबीए गरेकी नूपुर नेपालीजस्तै लागेन रे उनलाई । पछि काकीमार्फत उनकै प्रस्ताव आयो र घरजम भयो ।

केही दिनअघि उनकी पत्नीले अनायासै सोधिछन्, 'हाम्रो बिहे भएको १४ वर्ष भयो । तर, तपाईं घर फर्कंदा कहिल्यै दुःखी देखिनुहुन्न, किन ?' उनले लामै प्रवचन दिएछन्, 'काम गर्दा टेन्सन त हुन्छ । कफीका लागि आधारभूत रूपमा तीन कुरा चाहिन्छ- नियमित बिजुली, गुणस्तरीय पानी र दूध । हामीकहाँ तीनवटै कुरा राम्रो छैन । तर, पनि मेरो प्यासन भएकाले यसमै खुसी छु । पहिले व्यापार नहुँदा त खुसी थिएँ, अहिले चम्किँदा झन् किन दुःखी हुनु ?' ◆

Reliable Life
INSURANCE LTD.
...Reliable Forever

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड

Reliable Nepal Life Insurance Limited

प्रधान कार्यालय:

ज्ञानेश्वर, काठमाडौं । फोन नं.: ०१-४४२३६१८, ४४२३६३० फ्याक्स नं.: ०१-४४२३६५७
पो.ब.नं.: १६५, E-mail: info@reliablelife.com.np | URL: www.reliablelife.com.np

जमाना मल्टिप्लेक्सको

कहाँ ब्ल्याकमा टिकट लिएर फिल्म हेर्नुपर्ने दिन र कहाँ मसाज सुविधासहितका मल्टिप्लेक्स थिएटर

गोकर्ण गौतम

अमिताभ बच्चनका फ्यान थिए, लाजिम्पाटका सुवर्ण मल्ल, ५८ । भारतमा रिलिज भएको एक वर्षपछि अर्थात् विसं २०४१ मा विश्वज्योति हलमा अमिताभ अभिनीत *सिलसिला* ल्याइयो । थाहा पाउनेबित्तिकै विश्वज्योति पुगे । तर, भीड थेगिसक्नु थिएन । फिल्म हेर्न आँटै आएन । हप्ता दिनपछि बल्ल हेर्न पाए, त्यो पनि 'ब्ल्याक'मा । एउटै टिकटको दुई सय रुपियाँ तिर्नुपर्‍यो । त्यसमाथि सिट कहाँ पाउनु, चिसो पेटीमा बसेर हेर्नुपर्‍यो । हलको क्षमताभन्दा दोब्बर दर्शक । श्वास फेर्न मुस्किल । कति बेला फिल्म सकिएला र बाहिर निक्लिउँजस्तो उकुसमुकुस हुन्थ्यो ।

फिल्मप्रेमी उनै सुवर्णलाई ती दिन अपत्यारिलो लाग्छ अहिले । नलागोस् पनि कसरी ? अचेल उनी सोफामा बसेर मात्र होइन, सुत्दै, मसाज गर्दै अनि पेय पदार्थको चुस्की लिँदै फिल्म हेर्न पाइरहेका छन् । सीटीसी मलस्थित सिने डे सेफ (सीडीसी)मा सलमान खानको *टाइगर जिन्दा है* यही आरामदायी शैलीमा हेरेर बाहिरिँदै गर्दा भेटिएका सुवर्णले हाँस्दै भने, "ऊबेला फिल्म हेर्दा सास्ती पाइन्थ्यो । राम्रो फिल्म पनि ठीक्क लाग्थ्यो । अहिले हलको वातावरणले गर्दा ठीकै खालको फिल्म पनि मज्जाको लाग्छ ।"

सुवर्णकै जस्तो ऊबेला फिल्म हेर्दाको तीतो अनुभव छ, राइजिङ मलस्थित क्युज सिनेमाजका सञ्चालक सुमित मैनालीको पनि । ०५५ तिर विश्वज्योतिमा उर्मिला मातोड्करको *रंगीला* हेर्दा ब्ल्याकमा पाँच सय रुपियाँको टिकट काट्नु परेको थियो उनले । तैपनि, हलमा छिर्न र बाहिर निस्कनै हम्मेहम्मे पर्‍यो । हलभित्र उस्तै दुर्गन्ध । तर, यतिबेला उनले क्युज हलमार्फत अन्तर्राष्ट्रिय स्तरको सेवा दिइरहेका छन्, फिल्म पारखीलाई । भन्छन्, "हामीले सिनेमा घरको सवालमा उल्लेखनीय फड्को मारेका छौँ । मल्टिप्लेक्स हाम्रो जीवनशैलीसँग जोडिएको छ ।"

हो पनि, कुनै समयका हाइभिजन हल अहिले अस्तित्वमै छैनन् । भएका सिंगल थिएटरलाई अस्तित्व जोगाउनै धौ-धौ परिरहेको छ । मल्टिप्लेक्सचाहिँ चकाचक । हिजो गुण सिनेमा र गोपीकृष्ण धाउने दर्शक पनि बिस्तारै विभिन्न मलमा खुलेका सुविधासम्पन्न हलतिर रुचि राख्न थालेका छन् । साँच्चै मल्टिप्लेक्स हलको लहर छाएको छ । मल्टिप्लेक्स पनि ग्राहकको रोजाइ र क्रयशक्ति अनुसार थरीथरीका छन् । जबकि, एक दशक बितेको छैन, मल्टिप्लेक्सले काठमाडौँमा प्रवेश पाएको । नेपालको पहिलो मल्टिप्लेक्स चेन क्यूएफएक्सको सेन्ट्रल सिनेमाका अप्रेसन म्यानेजर विनोद पौड्याल भन्छन्, "छोटै समयमा भएको यो प्रगतिले हाम्रो

चलचित्र हेर्दै सीटीसी मलस्थित सिने डे सेफमा दर्शकहरू

तस्बिरहरू : भास्कर ओझा

सहरीकरणको गति र मनोरञ्जनप्रतिको आमरोजाइलाई प्रस्ट पारेको छ।" उनका अनुसार मल्टिप्लेक्स फिल्म हेर्ने थलोमा सीमित छैन, आफूलाई 'स्ट्यान्डर्ड' देखाउने विम्बका रूपमा समेत स्थापित भइरहेको छ।

महँगो शुल्क तिरेर भए पनि सुविधासम्पन्न हलमा फिल्म हेर्न रुचाउने मध्यम र उच्च वर्गलाई लक्षित गर्दै १६ वर्षअगाडि क्वेस्ट इन्टरनेसनलले जय नेपाल हलको सबलीकरण गऱ्यो। साबिकका अन्य हलभन्दा स्तरीय थियो। तर, यो मल्टिप्लेक्स थिएन। जय नेपालपछि क्वेस्टले कुमारी हल पनि यसैगरी सञ्चालनमा ल्यायो। नेपालको पहिलो मल्टिप्लेक्सचाहिँ कमलपोखरीस्थित बिग सिनेमाज हो। तीन पर्दा भएको यो हल नौ वर्षअगाडि भारतीय धनाढ्य अनिल अम्बानीको कम्पनी रिलायन्स मिडिया व्रक्स (आरएमडब्लू)ले खोलेको थियो। सिंगल थिएटरको धक्काधक्की र गन्जागोलले हैरान भएकालाई बिग सिनेमाज छहारी भयो। सुरुआतबाटै दर्शकको ओइरो लाग्यो। नत्र स्थापनाको पहिलो वर्षमै झन्डै आधा करोड नाफा गर्न कसरी सक्षम हुन्थ्यो होला र ? त्यसको तीन वर्षपछि आरएमडब्लूले नेपालकै सांघाई समूहलाई हल बेच्यो र नयाँ नाम राखियो, बिग मुभिज।

जय नेपाल र कुमारीको सुखद व्यापार र प्रतिक्रियाबाट उत्साही भएको क्वेस्टले बिग खुलेको अर्को वर्ष सुन्धाराको सिभिल मलमा क्यूएफएक्स सिनेमाज खोल्यो। तीन पर्दा भएको यो हलले मल्टिप्लेक्स विस्तारमा नयाँ गति दियो। न बिगमा दर्शक घटे, न सिभिलमा खडेरी लाग्यो। यसको मतलब थियो, हलजस्तै दर्शकको दायरा पनि फराकिलो भइरहेको छ। यतिबेला राजधानीमा क्यूएफएक्सका चारवटा शाखा छन्। सिभिलमा तीन पर्दा भइहाल्यो, कुमारी र लबिम मलमा दुई-दुई अनि जय नेपालमा एक पर्दा छ। त्यस्तै, बिग सिनेमाज र केएल टावरस्थित एफक्यूबमा तीन-तीन पर्दा छन् भने क्युज, सीडीसी, गोंगबुको बिजी मलस्थित बीएसआर मुभिज दुई-दुई। राजधानीबाहिर हेटौंडा, पोखरा, नारायणगढलगायतका सहरमा पनि मल्टिप्लेक्स सुचारु भएका छन्। राजधानीमै ठमेल, न्युरोड, पुतलीसडकमा नयाँ हल खोलिँदैछ। अरू त अरू, टाकिजबाट सिंगल थिएटरमा रूपान्तरण भएको विश्वज्योतिसमेत अब मल्टिप्लेक्सको यात्रा अवलम्बन गर्दैछ। यसका लागि विश्वज्योति मलमा हल बनाउने काम अन्तिम चरणमा पुगेको छ। क्यूएफएक्सका पौड्याल भन्छन्, "हरेक ठूला सपिङ मलमा मल्टिप्लेक्स राखिएको छ। मलमा भीड बढाउने र ब्रान्डिङ गर्ने पहिलो अस्त्र पनि हल नै भएको छ।" कतिसम्म भने भूकम्पपश्चात् सुख्खा लागेको सपिङ मलमा छिट्टै ग्राहक तान्ने श्रेयसमेत हलले नै पायो। फिल्म हेर्न जाँदा किनमेल गर्ने वा किनमेल गर्दा फिल्म हेर्ने संस्कार बसिरहेको पौड्याल बताउँछन्।

हल विस्तार मात्र भइरहेको छैन, हलहरूबीच प्राविधिक अब्बलता हासिल गर्ने प्रतिस्पर्धा पनि उत्तिकै छ। जस्तो : नेपालको पहिलो लक्जरी सिनेमा घर सीडीसीकै कुरा गरौँ। यहाँको सिने डाइनमा ६२ सिट छन्, जहाँ बटन थिचेपछि मसाज पनि हुन्छ। सुती-सुती फिल्म हेर्न पाइन्छ। हलका कर्मचारीले सिटमै खानेकुरा ल्याइदिन्छन्। इच्छा हुनेले बियर वा अन्य पेय पदार्थ पिउँदै फिल्म हेर्ने सुविधा उपलब्ध छ। सिने डाइनमा जति हेरे पनि आँखा नदुख्ने र अन्य असर नगर्ने स्तरीय पर्दा छ। संसारभर ख्याति कमाएको मायर साउन्ड सिस्टमले बेग्लै आनन्द गराउँछ। अर्को पर्दा सिने थिएटरमा गोल्ड ४० सिट र नर्मल १ सय २९ सिट छन्। टिकट मूल्यचाहिँ ६ सयदेखि १ हजार ६ सय रुपियाँसम्म छ। सीडीसीका जनसम्पर्क म्यानेजर पवन शाक्य भन्छन्, "नियमित दर्शक त छँदैछन्, दिनानुदिन नयाँ दर्शकको उपस्थिति बढेको छ। पहिलो पाँचतारे हल हुनुको नाताले पनि यो आकर्षणमा परेको हो।" खासगरी सम्पन्न वर्ग र विभिन्न क्षेत्रमा नाम कमाएका सेलिब्रिटीहरूको गन्तव्य बनेको छ यो हल।

क्युज सिनेमाज्मा एक महिनाअगाडि सोनीको फोके प्रोजेक्टर जडान गरिएको छ। यो अत्याधुनिक प्रविधिले दृश्य एकदमै सजीव र लाइभ हुन्छ। क्यामेराले खिचेको गुणस्तर घट्दैन। यहाँ टिकट काटेपछि जुस र बदाम/केराउ दर्शकको सिटमै आइपुग्छ। फराकिलो सोफा र अर्को सिटसँगको पर्याप्त दूरी छ। एकअर्कालाई 'डिस्टर्ब' हुन्न।

यी मात्र होइन, अन्य मल्टिप्लेक्सको साउन्ड सिस्टम, प्रोजेक्सन, हलभित्रको वातावरण लोभ्याउने खालकै छ। ब्ल्याकमा टिकट काट्ने र बेच्ने रवैया पूरापूर अन्त्य भएको छ। घरमै बसेर इन्टरनेटमार्फत टिकट काट्न पाइन्छ मल्टिप्लेक्सको। कुन सिटमा बस्ने, रोजाइ आफ्नै। कर्मचारीको व्यवहार उस्तै सरल र मिजासिलो। न हलभित्र अनावश्यक होहल्ला। वातानुकूलित हल। फराकिलो प्रतीक्षालय। क्युजका सञ्चालक मैनाली भन्छन्, "पहिले एक्लैएक्लै वा साथीसँग गएर फिल्म हेरिन्थ्यो, अहिले परिवार नै लिएर फिल्म हेर्न थालिएको छ। यसले हलको व्यापार फस्टाएको छ। अझ आधुनिक प्रविधि र सरल व्यवस्थापन गर्नुचाहिँ हाम्रो चुनौती हो।"

भीडभाड, धक्काधक्की, ठेलमठेलमा कष्टपूर्वक फिल्म हेर्दा मनोरञ्जन होइन, तनाव बढाउँछ। त्यसैले पारिवारिक र सुगम वातावरणमा फिल्म हेर्ने चाह कसलाई नहोला र ? ◆

अनुभूति

। मनु मन्जिल

जिरो पर्सन्यालिटी

हामी काठमाडौं युनिभर्सिटी हस्पिटल, धुलिखेलमा छौं । र, भनिहालुँ, पर्सन्यालिटी र अहम्को चेतना ज्यादा हुने, खास गरी बाबु-आमालाई मेरो यो अनुभव काम लाग्दो हो । यसो विचार गर्न । जीवनलाई फर्किहेर्न । अहम् कति कमजोर कलाले बनेको हुन्छ, त्यो बुझ्न । जीवनले मानिसलाई कहाँ लगेर, लडाएर जीवन पढाउँछ । त्यो थोरै बुझ्न काम लाग्दो हो । अझ सन्तानको मायामा त व्यक्तित्ववाला उच्च मानवले भन्दा जनावरले बढी गर्दो हो । कम्तीमा ऊ भिड्छ, जुध्छ, सकेको गर्छ । आफ्नो सन्तानको मायाका लागि । रुन्छ, कुर्लन्छ, निहुँ खोज्छ, विद्रोह गर्छ ।

धनले बनेको व्यक्तित्व जसको छ, उसले धन खर्चेर उपाय निकाल्ला । बल र पहुँचले बनेको व्यक्तित्वका लागि केही गर्न बल र पहुँच सहायक होलान् । जसको व्यक्तित्व नै भावनाले, कलाले बनेको छ (जस्तो : लेखक, गायक) ऊ के गर्छ ? जीवनको निस्पन्द क्षणमा । जहाँ उसको कला निरूपाय भइदिन्छ । निःसहाय भइदिन्छ ।

यस्तो खाले व्यक्तित्व हिउँजस्तो हुने रहेछ । हिउँ जसको कतै आफ्नै पर्वत छ । कतै महादेश नै होला । तर, कतै भने त्यसको कुनै उपस्थिति छैन । कुनै काम छैन ।

♦♦♦

शान्ता र म हाम्री छोरीलाई स्ट्रेचरमा राखेर अपरेसन थिएटरमा पुऱ्याएर बाहिर फर्केका छौं । हिउँदको महिना छ । काठमाडौं विश्वविद्यालय हस्पिटलको परिसरमा हल्का घाम त छ तर चिसो सिरेटो पटक-पटक हामीलाई छुँदै जथाभावी दौडिरहेको छ ।

म बाहिर निस्कनुअघि स्ट्रेचरमा बसेकी छोरीलाई राम्ररी हेर्छु । बडो व्यक्तित्वशाली छे ऊ । अग्लो, कुनै मोडलको तस्बिरजस्तो सलक्क परेको ज्यान, ओजस्वी अनुहार । उसकी आमाको सन्तान हुर्काउने, पालन-पोषण गर्ने सम्पूर्ण कला उसको व्यक्तित्वमा प्रतिबिम्बित छ ।

हामीलाई बाहिर बस्न भनिएको छ । टाढादेखि आएका मानिस हामी । धुलिखेलवरपर कोही चिनजान वा आफन्तको घर छैन । ओढ्ने-ओछ्याउने कपडाको गुन्टा, एउटा टम्म बोरा आकारको बुट्टे प्लास्टिकको ब्याग, जुन हामी दुईले बोकी हिँडेका छौं, ती हाम्रा छेउमा छन् । म कुनै सुदूर पहाडबाट सहर पसेको मानिसझैं अनुभव गर्छु आफूलाई । यो काठमाडौंमा गुरुकुल, नेपाल एकेडेमी, रसियन कल्चरल सेन्टर, मण्डला थिएटर र देश विदेशका अनेकन टीभी च्यानल र विश्वविद्यालयहरूमा बोलेको, कविता वाचन गरेको अनुभव छ मसित । तर, म यहाँ कुनै कवि वा लेखकका रूपमा होइन, छोरीको बाबाका रूपमा उपस्थित छु । शान्ता छोरीकी आमा हो । उसका सजल आँखामा ममता र सन्त्रास बारम्बार छचल्किइरहन्छन् ।

म उसका आँखा नहेरी संवादको बहाना गरेर छोरी अपरेसन थिएटरबाट कतिखेर फर्केली, पर्खिरहेछु । शान्ता त्यही गरिरहेकी छे ।

हामी जीवनभर कसै न कसैलाई, केही न केहीलाई त पर्खिरहेकै छौं । तर, अपरेसन थिएटरमा पसेका आफ्ना सन्तान पर्खिबस्ने बाबु-आमालाई थाहा हुन्छ कि पर्खनु कति कष्टकर छ । हामी जसलाई पर्खिरहेका छैनौं, ती भटाभट बाहिर निस्किरहेका छन् । भर्खरै निस्केको एउटा जगल्टे मानिस पिसाबको पाइप समातेर हामीअघि आफ्नी प्रेमिकासित हिँडिरहेको छ । एउटा सानो बालक अघि नै निक्लिसक्यो र आमाको मायालु अँगालोमा भक्कानिइरहेको छ । एउटी च्याप्टो ज्यान भएकी आइमाई त निस्केर आफन्तलाई अपरेसन थिएटरको त्रासदीको कथा सुनाइरहेकी छे । बिहान ८ बजे नै पसेकी हाम्री छोरी अहिले १ बजिसक्यो ! खोइ त ऊ ?

२ बजिसक्यो ! खोइ त ऊ ?

३ बजिसक्यो ! खोइ त ऊ ?

४ बजिसक्यो ! खोइ त ऊ ?

रातभरिको निद्रा र दिनभरको भोक खपेर हामी पर्खिरहेका छौं । उसका बारे कोही केही भन्दैन ।

शान्ताको त होस-हवास उडिसकेको छ । म ढोकामा उभिएको पालेलाई हात जोड्छु र भित्र पस्ने अनुमति माग्छु । ऊ मिल्दैन भन्छ । झ्यालको सिसाबाट देखिन्छ, भित्र नर्सहरू यताउता हिँडिरहेका छन् । म हातले इसारा गर्छु, इसारा बुझ्ने कोही छैन । पौने ५ बजे बल्ल हाम्री छोरीको नामले हामीलाई बोलाइन्छ र हतारहतार हामी माथ्लो तला उक्लन्छौं । डाक्टर चन्दन ढोकामा हाँसेर उभिएका छन् । मलाई लाग्यो- भगवान् हो कि ?

म नमस्कार गर्छु । उनी मुन्टो हल्लाएर भन्छन्, "सफल भयो अपरेसन । चिन्ता लिनुपर्दैन है ?"

शान्ता टोलाएर थर्थर काँपिर मेरो छेउमा उभिरही । त्यस समय आफ्नो अन्तर्मनबाट मायाको सबै झङ्कार उसले एकैपटक सुनेकी हुनुपर्छ ।

♦♦♦

जब छोरीलाई स्ट्रेचरमा सुताएर बाहिर ल्याइयो, मेरो आत्मविश्वासको सारा जग एकैपटक हल्लियो । त्यस्ती कलकलाउँदी छोरीको मोहडा चिन्नै नसकिने गरी सुन्निएको छ । टाउकामा, अनुहारमा कान छोप्ने गरी फेटाहरू बाँधिएका छन् । आँखाहरू सुन्निएका छन् । ओठहरू अफ्रिकाली महिलाका जस्ता बडेबडे भएर दुईतिर, तल-माथि फर्किएका छन् । ऊ सिकिस्त देखिन्छे । कहिल्यै छोरीहरू मन्जिल र मानुषीलाई एक हल्का थप्पडसम्म नलगाई हुर्काउने उसकी आमा र कहिल्यै छोरीहरू सामुन्ने ठूलो स्वरले सम्म नबोल्ने म बाबा, हामी दुवै सनन्न भएर, अवाक् भएर

नि:शब्द उभिन्छौँ। हामीले मायैमायाले तिनका लागि रचेको संसार सायद हामी दुवैको सम्झनामा एकैपटक आउँछ।

नानीलाई स्ट्रेचरसहित लिफ्टबाट तल आईसीयूमा झारेपछि शान्ता अचानक भित्तामा मुन्टो गाडेर डाँको छाडेर रुन्छे। मेरो अलिक साहसी र मानिसहरूले कविको रूपमा देखेको ओजयुक्त व्यक्तित्व अनायासै कमजोर भइदिन्छ। पुरुष भए पनि मेरो छातीभरि पनि भक्कानो नै त रहेछ। म शान्तालाई अँगालोमा बेरेर भऱ्याङबाट बिस्तारै तल ओराल्छु।

♦♦♦

हस्पिटलको भित्री करिडर मानिस सुत्नका लागि बनेकै होइनन्। तर, आईसीयूमा सुतेकी छोरी छोडेर हामी कहाँ जानू ? राती बोलावट आउला, औषधि चाहिएला। नानीसित भेट गर्ने अवसर मिल्ला। यस्तै सोचेर हामी आईसीयू कक्षभन्दा अलिक पूर्वपट्टि सर्जिकल वार्डको अघि बिस्तरा लगाउँछौँ। बेलुका ढोकाबाट झुलुक्क मात्र देख्यौँ अक्सिजन मास्क लगाएर पल्टिरहेकी छोरीलाई। भेट्ने अनुमति छैन। धुलिखेलको सिरेटो, भुइँको चिसो र पीरैपीरको निद्रा। शान्ता बारम्बार निद्रामै झस्किरहन्छे। म ब्यूँझेरै बसेको छु र ब्यूँझेकै संसार सपना लागिरहेछ मलाई।

राती एक जना नर्स र सँगै आएको एउटा गार्डले हामीलाई हकार्छन्। हामीले करिडरमा सुत्न हुँदैनथ्यो। तर, विकल्पमा त मान्छेले ज्यान नै पनि फाल्छ, विष पनि निल्छ। भुइँमा सुत्नु कुन ठूलो अपराध हो र ? उनीहरू जानासाथ हामी बिस्तरा ओछ्याइहाल्छौँ। हामीलाई आफ्नी नानीको नजिकै छौँ भन्ने कुरामै मात्र पनि पर्याप्त आनन्द छ। आफ्नी आमाबाट कहिल्यै नअलग्गिएका दुई सन्तान। कान्छी छोरी कीर्तिपुरमा आफन्तकोमा बसेर ममीलाई रुँदै मध्यरातमा फोन गर्छे। अर्की छोरी आईसीयूमा छे। त्यो रात र अर्को त्यस्तै रात शान्ताको मन कति फाट्यो होला, म अन्दाज गरिबस्छु।

भोलिपल्ट बेलुकी मात्रै हामीमध्ये एक जनालाई हरियो गाउन लगाएर छोरी भेट्ने अनुमति दिइन्छ। शान्ता भन्छे, "तपाईं नै जानुस्। छोरीको आत्मबल बढ्छ।"

खासमा ऊ छोरीलाई हेर्ने आँट गरिरहेकी छैन।

म बिस्तारै पस्छु र उसको छेउमा गएर उभिन्छु। उसका आँखा, ओठ उस्तै सुन्निएका छन्। ऊ ज्यादा होसमा छैन, म अन्दाज गर्छु। उसको त्यस्तो सुन्दर शरीर अहिले दुब्लो र सिट्ठी देखिएको छ। म 'बाबा' भनेर बोलाउँछु। कताकता बेहोसीमै ऊ हल्का आँखा उघार्छे र मुन्टो हल्लाउँछे। मेरो स्वर एकदम कम्पनमा छ। म केही भन्न सक्तिनँ। सायद ऊ चाल पाउँछे। ऊ फेरि आँखा उघार्छे, आँसुले भरिएका आँखा। म मुख छोपेर रुँदै बाहिर निस्कन्छु।

सघन कक्षबाहिर छोरी र मबीचको एउटा रमाइलो संवादको म मनमनै रचना गर्छु र शान्तालाई सुनाउँछु। उसको खुसीको कञ्चन आँसु रातमा पनि झल्मलाउँछन्।

त्यो रात शान्ता गहिरो गरी सुत्छे। एउटा सानो, कोमल झूट र त्यसले एउटी आमालाई दिएको सन्तोष। ओहो ! स-साना, कोमल किसिमका झूटहरू वास्तवमै काम लाग्ने हुँदा रहेछन्।

♦♦♦

रात-रातभरको चिसो, भोक र अनिद्राले म एक किसिमको रोगी भइसकेको छु। कान्छी छोरी फोन गरेर 'गुड नाइट बाबा, ह्याव अ स्विट ड्रिम' भन्छे। म हाँसेर 'ल ल' भनिदिन्छु, मानौँ मनमा अहिले कुनै पीर छैन। चिसो भुईंमा सुत्दा म गरिब मानिसको जाडो याम सम्झन्छु। हाम्रो त यो एक-दुई दिनको, दुई-चार दिनको अभिनयजस्तै हो। जो जीवनभर हिउँदको चिसो भुईंमा सुत्न बाध्य छन् तिनको कष्टको लेखाजोखा यो राष्ट्रको हिसाबबाहिर छ।

हामी जीवनभर कसै न कसैलाई, केही न केहीलाई त पर्खिरहेकै छौँ। तर, अपरेसन थिएटरमा पसेका आफ्ना सन्तान पर्खिबस्ने बाबु-आमालाई थाहा हुन्छ कि पर्खनु कति कष्टकर छ।

राती एक जना डाक्टर एउटी नर्सको साथमा आउँछन् र तपाईं त 'मनु मन्जिल सर पो हुनुहुँदोरहेछ नि ?' भन्छन्। ओहो ! म हिउँको जस्तो व्यक्तित्व भएको मानिस। परिचयको संसारमा कतै हिउँको आफ्नै पर्वत होला। कतै महादेशै होला। तर, यहाँ त्यसको के सान्दर्भिकता ?

"तपाईंलाई हाम्रो सिनियर डाक्टरले भिजिटर्स क्वार्टरमा राखिदिनू भनेर अह्राउनु भएको छ। भोलिदेखि उतै बस्नुहोला ?" उनी भन्छन्। मलाई भन्न मन थियो, "म तीन रात भुईंमा, करिडरमा सुतिसकेँ। तिमीहरूका नर्सहरूको हप्कीदप्की खाइसकेँ, पाले दाइको गाली खाइसकेँ, अब तिमीहरूको क्वार्टरमा जान्नँ।" तर, भनिनँ। आममानिसले सदा हप्कीदप्की खाएकै छन् हस्पिटलमा, कार्यालयमा, बैंकमा, उद्योग परिसरमा। म केही लेख्नेबाहेक उनीहरूमध्येकै एक हुँ। निर्धालाई गाली हाम्रो संस्कार नै हो। म जिरो पर्सन्यालिटीको अवस्थामा छु। कविता लेख्दाको गौरवबोध अहिले मसित छैन। मैले भनेँ, "डा सा'ब ! मेरी छोरी आईसीयूमा छे। मलाई स्वस्थ बनाएर फर्काइदिनुस्। तपाईंहरूको ठूलो सम्मान त्यही हो।"

भोलिपल्ट २ बजे नानी भेट्न दिने भनिएको छ। यसपटक शान्तालाई पठाउने निधो गरेको छु। छोरीसित बोल्ने रहर उनमा कति होला। म उनलाई तयार पारेर पर्खेको छु। ४ बजिसक्यो। बोलावट आउँदैन। म उनलाई लिएर हस्पिटलको पश्चिमी ढोका, जुन आईसीयूको छेवैमा छ, ढकढक्याउँछु। एउटी पातली नर्स ढोका खोल्छिन् र तथानाम गाली गर्छिन्, "यो आईसीयू हो, बुझ्नु भो ?" यो ढोका ढकढक्याउने कुन तरिका हो ? आदि, इत्यादि। म हात जोडेर आमालाई छोरीसित भेटाइदिन अनुरोध गर्छु। उनी आँधीले झैँ ढोका लगाउँछिन् र फर्किन्छिन् सघन कक्षमा। हामी बाहिर उभिरहन्छौँ।

हामी जुन होटलमा खाना खान जान्छौँ, त्यहाँको युवक साहूजी पनि मलाई अति नै सत्कार गर्छ। उसले युट्युबमा, पत्र-पत्रिकामा मलाई देखेको, पढेको छ। पुग्नासाथ अखबार ल्याइदिन्छ। राती पढ्न भनेर पुस्तक ल्याइदिन्छ। म कति दिनदेखि धूलोमैलोमा लपेटिएर पूरै व्यक्तित्वविहीन छु। उसले मलाई कुन ओजमा देख्यो होला, कुन स्पिरिटमा पढ्यो होला। अहिले मैलो लुगा, जगल्टा परिसकेको कपालको मुकुट र चप्पलसहितको मेरो वास्तविक अवतारको दर्शनमा के सोच्यो होला उसले ? भित्रभित्रै खासै पत्याएन कि ! वा, एउटा सरल अवस्थाको कविलाई देखेर ऊ मप्रति अझ बढी सहानुभूतिशील र विनम्र भयो ?

म अचानक सन् २०१५ को नेपाल लिटरेचर फेस्टिभल, पोखरा संस्करणको मेरो एउटा भाषण सम्झन्छु। मैले भनेको थिएँ, 'हेर्नुस्, कवि भूपी, कवि रिमालको पालामा मिडिया सर्वव्यापी थिएन। उनीहरूले कुनै कुनामा बसेर राम्रो लेखे पुगिहाल्थ्यो। त्यतिखेरको बतास अत्यन्तै चलाख थियो। राम्रो सिर्जना टिपेर वातावरणमा फिँजाइहाल्थ्यो। अब त कविहरूले पुरानो दाह्री काटेर, मैलो झोला फालेर, चम्किलो जुत्ता लाएर कविता पढ्ने बेला हो। किनभने, धूलोमैलो हुनुको सम्बन्ध कल्पनासित

छैन र अहिले कविहरू 'सेलेब्रेटेड' छन्। टीभी क्यामरा कविको घर-घर आइपुग्छन्... आदि इत्यादि। त्यो भाषण *युट्युब*मा सुनेको भए युवक साहूले के सोच्थ्यो होला ? मलाई 'लायर', एक झूटो मानिस सम्झन्थ्यो कि ?

♦♦♦

मानिस कहिलेकाहीँ एक तिलस्मी पर्वत बन्छ। तिलस्मी अर्थात् ऊ केले बनेको छ थाहा छैन। तर, उभिएको छ एउटा पर्वत। चौथो रात छोरीलाई सर्जिकल वार्डमा सारिन्छ। यो ब्रह्मान्डमा कतै भगवान् छ भन्ने हामीलाई लागिहाल्छ। ऊ पूर्ण होसमा छे। उसकी आमा सानो चम्चाले बडो तन्मयको भावमा उसलाई रातो चिया, जुस, पिलाइरहेकी छे र छोरी भँगेराको बचेराले झैं आफ्नो चुच्चो मुखले थोपा-थोपा गरेर झोल निलिरहेकी छ। बस्, यति त देख्न चाहेको थिएँ मैले कति दिनदेखि। मलाई अझै दुइटी सुन्दर छोरीहरूको बाबा हुँ भन्ने भावनाले विशाल बनाइदिन्छ। एक पर्वत बनाइदिन्छ, जहाँबाट म फेरि संसार हेर्छु र उज्यालै उज्यालो मात्र देख्छु।

छोरीलाई जाउलो खुवाउनु छ, बटुको लिएर दौडन्छु। दूध पिलाउनु छ, गिलास लिएर कुद्छु। अब त छोरी जनरल वार्डमा आइसकी। म उसलाई ह्वीलचेयरमा राखेर बाहिर डुलाउँछु। संवाद गर्छु। कान्छी छोरी कीर्तिपुरबाट आइपुग्छे र बिरामी दिदीसित एकछिन सधैँभैँ बाझ्छे तर बाहिर निस्केर, मेरो अँगालोमा बाँधिएर ग्वाँ-ग्वाँ रुन्छे। वरिपरि हस्पिटलबाहिर परिसरभरि मानिसहरू छन्। तिनको के वास्ता ? ऊ एउटै गर्भमा बसेर आएकी बहिनी हो। उसलाई जत्तिको दिदीको माया कसलाई लाग्दो हो ? दिदी भित्र वार्डमा छे। उसले नदेख्ने गरी उसकी बहिनी बाहिर निस्फिक्री रोइरहेकी छे।

♦♦♦

नौ दिन पूरै व्यक्तित्वविहीन बनेको छु। साहित्य-कलामा केही सफल भएपछि बतासमा उडिहिँड्ने बानी भइसकेको छ मेरो। तर, नौ दिनदेखि यहाँ मेरो अहम् भुइँमा बसेको छ। थेग्नै नसक्ने गरी लाखौं खर्च भइसकेको छ। शान्ता र म दुवै मैलो, दुब्लो कुनै दुःखी प्राणीझैं देखिएका छौं। अब बचेराहरू लिएर हामीले आफ्नो गुँड फर्कनु छ। नानीका लागि केही 'सेक्रिफाइस' गर्न सकेको जस्तो एउटा आनन्द छ भित्री मनमा हामी दुवैको। डिस्चार्ज पेपर लिएर हामी निक्लन्छौं। डा दशरथ, डा नीतेश भन्छन्, "कविजी बधाई छ।"

ओहो ! म त एउटा कवि पो त ! हिउँको जस्तो व्यक्तित्व भएको कवि, जसको कतै आफ्नै पर्वत छ, महादेश छ। तर, कतै त्यसको कुनै उपस्थिति छैन।

जिरो पर्सन्यालिटी छ। तर, सन्तानको निम्ति आफू ढलिदिएकामा कत्रो, विशाल आनन्द।

नानीका लागि पाएको दुःख सबैभन्दा प्यारो दुःख। नानीका लागि बोकेको ऋण सबैभन्दा राम्रो ऋण। नानीका लागि ढलेको अहम्को पर्वत सबैभन्दा सुन्दर पर्वत। अपमान, गाली, चिसो, सिरेटो, आँसु, सबै सबै आज सुन्दर लागिरहेछन्।

कलामा थोरै प्रसिद्धि पाएको एउटा बाबुले, आमाले आफ्नो सन्तानका लागि आफू ढलिदिनु, आफ्नो व्यक्तित्व र अहम् बिर्सिदिनु र जनावरले झैं एकोहोरो माया देखाउनुभन्दा बढी सायद अरू केही छैन। ♦

सत्यजीतको उचाइ

■ **राजेन्द्र पराजुली**

शारीरिक रूपमा ६ फिट ४ इन्च उचाइ भएका सत्यजीत रायका सिर्जनाहरू पनि उस्तै उचाइ छुन सफल छन् भन्ने कुरामा सायदै कसैको विमति होला। बहुमुखी प्रतिभाले ओतप्रोत यी बंगाली (जन्मथलो- कलकत्ता) पुरुषलाई थुप्रै विशेषणले सुशोभित गरेर परख्न सकिन्छ। चलचित्रकर्मी, चलचित्र समीक्षक, आख्यानकार, प्रकाशक, संगीतकार, इलुस्ट्रेटरलगायतका सिर्जनात्मक विशेषण यिनका नामका अघिल्तिर प्रयोग गर्न सकिन्छ, प्रयोग हुँदै आएको छ। यद्यपि, यिनको अन्य व्यक्तित्वलाई सफल चलचित्रकर्मले केही थिचिदिएको भान हुन्छ। तर, यिनका साहित्य पनि उत्तिकै उचाइ छुन सक्षम छन्। रायको पहिलो चलचित्र *पाथेर पाञ्चाली* (सन् १९५५) विभिन्न ११ वटा अन्तर्राष्ट्रिय पुरस्कार हात पार्न सफल भएको थियो।

यसरी बहुविधामा उत्कृष्टता हासिल गर्न सफल व्यक्तिको सिर्जनालाई अनुवाद गर्नु एउटा जोखिमपूर्ण काममा हात हाल्नुसरह नै हो। नेपाली पाठकले रायका कथा अंग्रेजी, हिन्दीलगायत अन्य भाषामा पढिसकेका छन्। बहुपठित कथाको अनुवाद झनै जोखिमपूर्ण हुन्छ। सामान्य गल्ती पनि पाठकले थाहा पाइहाल्छन्। *सत्यजीत रायका कथा* शीर्षकको कथासंग्रहमा राखिएका २३ ओटा कथामध्ये अधिकांशमा प्रथम पुरुष शैली अपनाइएको छ। अर्थात्, कथाको प्रोटागोनिस्ट 'म' पात्र छ। संसारभरि नै यो शैलीमा कथा लेखन जमेको छ। अन्य सहायक चरित्रमा उनले प्रायः बंगाली समाजका पात्रलाई टपक्कै टिपेका छन्। पहिलो कथा (नीलको खेती)कै चर्चा गर्ने हो भने पनि यसले पाठकमा अनौठो कौतूहल उत्पन्न गरिदिन्छ। अनौठो चिजको खोजमा मान्छेको चासो रहने कुरा यस कथाले पुष्टि गर्छ। यसमा उनले एउटा लेखकलाई प्रोटागोनिस्टका रूपमा उभ्याइदिएका छन्। लेखक अनिरुद्ध बोस उसको एउटा साथीको आग्रहमा आफ्नो थातथलोबाट दुई सय माइल टाढा पर्ने दुमका भन्ने स्थानतिर जान आफ्नै कार चलाएर निस्कन्छ। यही यात्राका क्रममा रायले पाठकलाई बाँधिराख्न चमत्कारी शैली प्रयोग गरेका छन्। यो कथा यात्रा गन्तव्यमा नपुग्दै अर्थात् दुमका पुगेर मित्रमिलन नहुँदै टुंगिन्छ। वर्णनात्मक ढंगमा सुरु भएको यो कथाले पाठकमा संशय, कौतूहल, भय तथा खुलदुलीले लपेट्दै अन्त्यसम्म आँखा नझिम्काई पढ्न मीठो बाध्यता खडा गरिदिन्छ। बाटोमा कारको टायर दुईपटक पन्चर हुनु, आँधीबेहरी चल्नु, बाटो भुल्नुजस्ता घटनाले पाठक कथासँगै यात्रारत त हुन पुग्छन् नै, साथमा त्यस घटनाको साक्षी बसेको महसुससमेत गर्छन्। रायले यो (अन्यमा पनि) कथामा चलचित्रको पटकथा शैली अपनाउँदै पाठकका आँखामा प्रोटागोनिस्टले भोगेको वा देखेको दृश्य देखाइदिन सफल भएका छन्।

त्यति मात्र कहाँ हो र ! उनी दुमका नपुग्दै अन्य थुप्रै घटनाको सामना गर्न बाध्य हुन्छन्। रात बिताउन हठात् उपलब्ध घरको बयान यसरी गरेका छन् कि त्यसले पाठकका मनमा एउटा संशय र भय उत्पन्न गरिदिन्छ। झ्याल ढोका सबै लगाइएको छ तर कोठाको वातावरण अनायास बदलिन्छ, घर कुर्न बसेको चौकीदार अचानक बेपत्ता भइदिन्छ, नाडीघडी, टर्च तथा सुटकेस नै गायब हुन्छ। प्रोटागोनिस्टलाई आफू नै आफू नरहेको भान पर्छ। कोठामा जे थिए, त्यो उनले लगेका थिएनन् र जे थिएन, त्यो उनले लिएर गएका थिए। अब यस्तो परिस्थितिमा पाठकका आँखा

विस्फारित त हुन्छ नै, मनभित्र कताकता एक प्रकारको भय र संशयसमेत पैदा हुन पुग्छ। यो कथा अन्त्य हुँदा पाठकले लामो स्वास तान्ने छन् र भन्ने छन्, 'कथा अझै लम्ब्याएको भए हुने नि!'

उनका २३ ओटै कथाले पाठकमा गज्जबको खुलदुली मच्चाइदिन्छन्। बीसौँ शताब्दीको पश्चिम बंगालको धर्म-संस्कृति, मान्छेका रहनसहन, स्थानीयता, विभेदकारी सोच, गरिबीमाथिको थिचोमिचोजस्ता कुरालाई पनि रायले बडो कलात्मक ढंगमा कथामा उतारेका छन्। हरेक कथाले केही न केही सन्देश प्रदान गरेका छन्। यही सन्देशात्मक तथा मान्छेलाई सजग बनाउन सक्ने घटनालाई उनले कथामा प्राथमिकताका साथ उतारेका कारण पनि रायका यी कथाहरूलाई 'बालकथा' भनिएको हुनुपर्छ। त्यति मात्र होइन, कतिपय कथामा प्रयुक्त मायावी र तिलस्मी चरित्र, स्वैरकल्पना, शिक्षाप्रद सन्दर्भका कारण पनि यिनलाई बालकथा भनिएको हुनुपर्छ। तर, वास्तवमा यी बालकथा होइनन्। उनले कुनै उमेर समूहका निम्ति यी कथा लेखेका थिए भने त्यो किशोर वयका लागि दृष्टिगत गरेका थिए। समग्रमा भन्दा यी कथा सबै खाले उमेरका पाठकका लागि रुचिकर छ। किनभने, अधिकांश कथामा बदलिँदो समाजको चित्र भेटिन्छ। मान्छेका मनोदशा, तीव्र अर्थात् समयजस्तै छिटोछिटो परिवर्तन हुने मनलाई उनले राम्ररी केलाएका छन्।

कतिपय मान्छेका चरित्र असामान्य हुन्छन्। तिनले आफ्ना स्वभावगत जटिलता पनि भित्रभित्रै हुर्काइरहेका हुन्छन्। तिनमा निहित ईर्ष्या, कुण्ठा, प्रतिशोध, क्षमाशीलता, उच्चताभास तथा लघुताभासलगायतका सन्दर्भलाई उनले मिहिन तथा कलात्मक ढंगले केलाएका छन्। कुनै-कुनै ठाउँमा प्रोटागोनिस्ट उपदेशकजस्तो पनि देखिन्छ। तर, ती कोरा उपदेश लाग्दैनन्। समाजमा ठूलो हिस्सा ओगटेको जमात क्रमशः स्वार्थी बन्दै गएको छ, त्यो भीडलाई उनी गज्जबले व्यंग्य गर्छन्।

'खगम' संग्रहको दोस्रो कथा हो, यसमा उनले अहिलेका मान्छेमाथि व्यंग्य कस्दै भनेका छन्, 'त्यो सबैतिर मोतीमय बुट्टा भएको भर्खरै काँचुली फिकिएको छाला थियो। तर, के त्यो साँच्चै सर्पकै छाला हो? सर्प कहिल्यै त्यति चौडा हुँदैनथ्यो। अनि, सर्पको शरीरबाट बाहिर निस्केका हातखुट्टा पनि हुँदैनथे। त्यो त साँच्चै मानिसको शरीरबाट काडिएको छाला थियो। त्यो मानिसको छाला, जो मानिस हुन छाडेको थियो। ऊ अहिले गुँडुलिएर दुलामा पल्टिरहेको थियो। ऊ विषाक्त दाँत भएको गोमन सर्प थियो।' अहिलेका मान्छेमाथि गरिएको यसभन्दा सटीक



सत्यजीत रायका कथा
अनुवादक : खगेन्द्र संग्रौला
प्रकाशक : रेडइन्क बुक्स
पृष्ठ : २७२
मूल्य : ३५० रुपियाँ

व्यंग्य अर्को के हुन सक्ला र! त्यसैगरी संग्रहको अठारौँ कथा 'शसमल महोदयको अनौठो रात' शीर्षकको कथामा प्रयुक्त एउटा वाक्य हामीले अहिले भोगिरहेको यथार्थसँग ठ्याक्कै मेल खान्छ। 'म आज जिउँदै भएको विशुद्ध संयोगले मात्र हो,' कथामा एउटा पात्रले भनेको छ।

पछिल्लो समय कथा (साहित्यका अन्य विधा पनि) सीधा विषयमा प्रवेश गर्दै पाठकलाई झट्का दिन सक्ने हुँदा मात्र बजारले पत्याउने अवस्था पैदा भएको छ। वर्णनात्मकतालाई उति विधि रुचाउन छाडिएको हो कि भन्ने आभास पनि हुन थालेको छ। तर, यी भनेका कथा भन्ने शैली मात्र हुन्, महत्त्वपूर्ण कुरा त कथालाई भन्ने तरिका नै हो। हुन त २३ ओटै रचना कथा नै हुन् तर रायको मस्तिष्क बढी मात्रामा चलचित्रतर्फ केन्द्रित रहेको हुनाले यी कथा पनि दृश्यप्रधान र वर्णनात्मक हुन पुगेका छन्। अक्षरमा दृश्य उतार्न खप्पिस यी कथाकारका कथाहरूबारे जति चर्चा हुनुपर्ने हो, त्यति भने भएको पाइँदैन। तथापि, पहिलो चलचित्र नै सुपरहिट बनाएका रायका यी कथा उनका सिनेमाका अघिल्तिर निम्छरा देखिन पनि सक्छन्।

नेपाली साहित्यलाई थुप्रै सिर्जना तथा अनुवाद कृति उपहार दिएर गुन लगाउँदै आएका लेखक खगेन्द्र संग्रौलाले रायका केही कथाको नेपालीमा अनुवाद गरिदिएर बीसौँ शताब्दीको भारतीय आख्यानको स्वाद लिने मौका पाठकलाई जुराइदिएका छन्। रायका कथा वर्तमान पुस्ताका पाठकका निम्ति रुचिकर होला या नहोला ठोकुवा गर्न सहज छैन। तथापि, भारतमा कथालेखनको परम्परालाई रायका यी कथाले प्रतिनिधित्व अवश्य पनि गर्छन्।

संग्रौला स्वयंमा कुशल लेखक त हुन् नै, साथमा उनले सधैँ सत्तालाई औँला ठड्याउँदै प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएका छन्। झर्रो नेपाली मौलिक भाषा-शैलीका प्रयोक्ता उनको लेखनी टाढैबाट चिन्न सकिन्छ। कतिपय सवालमा संग्रौला र रायका विचार मेल खान्छन्। कम्तीमा पनि यी दुवै लेखकले 'भुइँमान्छे'को गरिबी तथा अभावको खिल्ली कहिल्यै उडाएका छैनन्, तिनका पक्षमा बोलिरहेका छन्, कलात्मक ढंगमा आवाज उठाइरहेका छन्।

रायका कतिपय कथामा 'सस्पेन्स' भेटिन्छ। एउटा चलचित्र निर्देशकले 'दर्शकलाई सिनेमाको अन्तिम दृश्यसम्म टिकाइराख्न' सस्पेन्सको सहारा लिनु अन्यथा होइन। हरर, सस्पेन्स, कताकता म्याजिकल रियालिज्मलाई पनि उनले आत्मसात् गरेको देखिन्छ। उनका अधिकांश कथाले पाठकलाई अन्तिमसम्म तानिरहन्छन् र यसरी पाठकलाई तान्न उनले विभिन्न उपाय लगाएका छन्। रायले आफ्ना कतिपय कथामा एडभेन्चर शैली पनि अपनाएको देखिन्छ। यति हुँदाहुँदै पनि उनले कथामा उपस्थित गराउने मूल पात्रलगायत अन्य चरित्र जिउँदाजाग्दा हुन्छन्। ती पात्रलाई उनले आफ्ना कथामा यसरी टपक्क टिप्छन् कि पाठकलाई तिनको चरित्र आफूले सधैँ देखिरहेको वा संगत गरिरहेको व्यक्तिजस्तै लाग्छ।

रायका कथाबारे अब यो बेला आएर कुनै खोट खोज्नु आवश्यक छैन। अब उनका अधिकांश सिर्जना 'क्लासिक' भइसकेका छन्, विश्वसम्पत्ति भइसकेका छन्। उनका कथालाई नेपाली भाषा (अंग्रेजीबाट)मा अनुवाद गर्दा त्यसको स्वादमा पर्न गएको तलवितलबारे नै चर्चा गरिनुपर्छ।

कतिपय कथामा हिज्जेगत भाषिक त्रुटि भेटिन्छन्। कतिपय वाक्यको गठन अलि मिलेका छैनन् भने कतिपय ठाउँमा चन्द्रविन्दुको प्रयोगसमेत सही छैन। यिनलाई झिनामसिना त्रुटि मात्र मान्नुपर्छ। समग्रमा संग्रौलाको कुशल अनुवादकारिता यस पुस्तकमा पनि प्रतिविम्बित छ। अन्त्यमा, छिमेकी भारत तथा अन्य मुलुकका साहित्य बेलाबखत नेपालीमा अनूदित भएर आउने क्रम जारी नै छ तर नेपाली साहित्यलाई त्यसरी नै अन्य मुलुकका भाषामा अनुवाद गर्ने काम भने निकै कम मात्रै हुन सकेको छ। यस्तो काम संग्रौलाजस्ता सिद्धहस्त लेखक तथा अनुवादकको अगुवाइमा र अचेल बग्रेल्ती खुलेका प्रकाशकले त्यस कर्ममा सघाउ पुर्‍याउन सके उत्तम हुन्थ्यो। उत्कृष्ट नेपाली साहित्यको स्तरीय अनुवादले अन्य मुलुकका पाठकलाई प्रभाव पार्न सक्ने उपयुक्त समय अहिले नै हो। ◆

अब युट्युबको कडाइ

युट्युब अहिले धेरैका लागि आम्दानीको स्रोत बनेको छ । *युट्युबमा* भिडियो अपलोड गरेपछि *गुगलले* त्यसमा छोटा विज्ञापन राखिदिन्छ । र, त्यो भिडियो जतिपटक हेरिन्छ, त्यसैका आधारमा भिडियो अपलोड गर्ने च्यानलले पैसा पाउँछ । यसरी घरमै बसेर पैसा कमाउन सकिने भएकाले पनि *युट्युबप्रति* धेरैको आकर्षण बढ्दो छ ।

भ्युज बढाएर पैसा कमाउनकै लागि कतिले त अनावश्यक र आपत्तिजनक भिडियो पनि अपलोड गर्ने गरेका छन् । यसबाट *गुगलसँग* विज्ञापनदाता पनि असन्तुष्ट छन् । किनभने, त्यस्ता भिडियोमा उनीहरूको विज्ञापन आएमा बजारमा उनीहरूको छवि बिग्रिने डर पनि उत्तिकै रहन्छ ।

त्यसैले अब *युट्युबले* यसमा कडाइ गर्न थालेको छ । दस हजारपटक हेरिएपछि मात्रै त्यो भिडियोलाई *युट्युबले* पैसा दिने गरेको थियो । अब भने दस हजार भ्युजसँग कम्तीमा एक हजार सब्स्क्राइबर र पछिल्लो एक वर्षमा चार हजार घन्टाभन्दा बढी हेरिएका च्यानल मात्रै यसका लागि योग्य हुनेछन् । यससँग अपलोड गरिएका भिडियोमा भ्युअरले दिने प्रतिक्रिया पनि अध्ययन गरिने भएको छ । ताकि, आपत्तिजनक भिडियो बनाउनेले *युट्युबमा* अपलोड गरेर पैसा नकमाऊन् । यी नियमहरू अर्को महिनाबाट लागू हुने छन् ।

आयो टेरानो

नेपाली बजारमा निसानको टेरानो कार भित्रिएको छ । यो एसयूभी वर्गमा पर्ने कार हो । यो कार नेपालमा दुई भेरिएन्ट (एक्सएलपी र एक्सभीडी प्री ११० पीएस)मा उपलब्ध छ ।

एक्सएलपीमा पेट्रोल इन्जिन छ, जसको क्षमता १ हजार ६ सय सीसीको छ । र, यसले बढीमा १ सय २ ब्रेक हर्सपावरको शक्ति निकाल्छ ।

अर्को भेरिएन्ट एक्सभीडी प्री ११० पीएस १ हजार ५ सय सीसीको डिजेल इन्जिनबाट चल्छ । यसको इन्जिनले अधिकतम १ सय ८ ब्रेक हर्सपावरको शक्ति निकाल्छ । एक्सएलपी भेरिएन्टले १३.२ किलोमिटर प्रतिलिटर र एक्सभीडी प्री ११० पीएसले १९.१ किलोमिटर प्रतिलिटरको माइलेज दिने दाबी गरिएको छ । नेपाली बजारमा यी दुईको मूल्य क्रमशः ४२ लाख ९९ हजार रुपियाँ र ५३ लाख ९९ हजार रुपियाँ तोकिएको छ ।

निसान टेरानोमा सहज र आरामदायी यात्रालाई ध्यानमा राखेर थुप्रै फिचर राखिएका छन् । यसमा २०.५ सेन्टिमिटरको ग्राउन्ड क्लियरेन्स छ, जुन नेपाली बाटोका लागि उपयुक्त पनि छ । यो गाडीमा एन्टिलक ब्रेकिङ सिस्टम, इलेक्ट्रोनिक ब्रेक डिस्ट्रिब्युसन आदि जस्ता आधुनिक फिचर पनि राखिएका छन् ।

फेसबुक न्युजफिडमा परिवर्तन हुने

फेसबुकका मालिक तथा कार्यकारी अधिकृत मार्क जुकरबर्गले यसै वर्षबाट *फेसबुकको* न्युजफिडमा परिवर्तन हुने जानकारी दिएका छन् । उनका अनुसार अब न्युजफिडमा व्यापारिक संस्था, पब्लिसर आदिका पोस्टभन्दा व्यक्ति-व्यक्तिबीचका अन्तरक्रियालाई प्राथमिकता दिइनेछ ।

प्रयोगकर्ताका न्युजफिड अहिले बिजनेस, ब्रान्ड र मिडियाका पोस्टले भरिन्छन् । यस्ता पब्लिसरले पोस्ट गरेका भिडियो र लिंक प्रयोगकर्ताबीचका अन्तरक्रिया अर्थपूर्ण हुने बुझाइ *फेसबुकको* छ । उसको यो कदमप्रति ती पब्लिसर खुसी हुने छैनन्, जो *फेसबुककै* माध्ययमबाट व्यापार गर्थे ।

फेसबुक सुरू गर्नुको उद्देश्य व्यक्ति-व्यक्तिबीचको अन्तरक्रियालाई बढाएर संसारभरका मानिसलाई जोड्नु थियो । साँच्चै जुकरवर्गले भनेका कुरा लागू भएमा *फेसबुक* एकपटक फेरि आफ्नो पुरानो लक्ष्यमै फर्किनेछ ।

न्युजफिडमा प्रयोगकर्ताका पोस्टले प्राथमिकता पाएमा धेरैले *फेसबुकमा* कम समय बिताउनेछन् । तर, जुकरवर्गको भनाइ अनुसार प्रयोगकर्ताले *फेसबुकमा* कम समय बिताए पनि त्यो अहिलेका तुलनामा निकै महत्त्वपूर्ण हुनेछ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

islington.edu.np

islington college
(इस्लिङ्टन कलेज)

UNIVERSITY PARTNER
LONDON METROPOLITAN UNIVERSITY

For the next generation of IT Professionals

MSc IT

Data Analytics

Computer Networking & Cyber Security

is here with

- Most in-demand IT Skills Globally
- Blend of Academic Knowledge with Practical Work Related Learning & Career Opportunities
- Taught by Internationally Recognised Professors

Admission Open

ing college

Islington College | Kamalmarg, Kamalpokhari, Kathmandu

9801022446 | 9801022451   4441200 | 4412929   info@islington.edu.np   /islingtoncollege

काठमा कमाल



शब्द/तस्बिर : एलपी देवकोटा

जुम्लाको हिमा गाउँपालिका-४, चिउडीमा रहेको काठेपुल । यो पर्यटकीय आकर्षणको केन्द्रविन्दु बनेको छ । जुम्ला सदरमुकाम खलंगा पुग्नका लागि साबिकको महावैपातर खोलादेखि रारालिही गाउँसम्म जोड्नका लागि विसं ०५७ मा यो पुल स्थानीय आफैंले बनाएका हुन् । पुल बनिसकेपछि यसलाई थप आकर्षक बनाउन चिउडी गाउँका कालीबहादुर तिरूवा, ५३, ले पुलमा काठका मूर्ति बनाएका हुन् । दिवंगत राजारानी वीरेन्द्र र ऐश्वर्य शाहलगायत सुरक्षाकर्मीहरूको काठबाट बनेका सालिकहरू आकर्षक लाग्छन् । सालिकमा चिउडी गाउँकै मणिप्रसाद अधिकारीले रंग भरेका हुन् । रारा जाने आन्तरिक र बाह्य पर्यटकहरूले काठेपुल पुगेपछि 'सेल्फी' खिचेर सामाजिक सञ्जालमा राख्न थालेका छन् । ◆

अदितिलाई चिन्ता

अदिति बुढाथोकी फिल्मी दुनियाँमा डेब्यु गर्दैछिन्, *कृ*बाट । यो खुसीको कुरा हो । तर, हल्का चिन्ताको पक्षचाहिँ *कृ*मा उनको अपोजिटमा छन्, अनमोल केसी । अनि, चिन्ता यस कारणले कि अनमोलसँग यसअघि फिल्मी यात्रा सुरू गरेका हिरोइनहरू पूरापूर छायामा परेका छन्, जसजति सबै अनमोललाई नै । प्रकृति श्रेष्ठ, आना शर्मा उदाहरण हुन् । अदिति पनि ओझेलमा पर्ने संकेत मिलिसकेको छ । कारण, ट्रेलर, गीत र अन्य प्रचारात्मक सामग्रीमा अनमोललाई उच्च प्राथमिकतामा राखिएको छ । यही कारण हुनुपर्छ, अदिति आफैँ पत्रकार सम्मेलन गर्न बाध्य भइन् । ३० पुसमा गरिएको प्रेस मिटको उद्देश्य एउटै थियो, मिडियामा उनको चर्चा होस् । तर, उनले सोचेजस्तो प्रतिफल त मिलेन नै, उल्टै अनमोल केसी एन्ड टिम पनि उनीसँग ठुस्किएको छ । क्या फसाद ! ◆

पलसँग मात्रै ?

आँचल शर्माले अहिलेसम्म तीन फिल्ममा अभिनय गरेकी छन्, *नाई नभन्नु ल ४, जोनी जेन्टलम्यान* र *शत्रुगते* । यी फिल्ममा एउटा विशेषता समान छ । त्यो हो- तीनै फिल्मको हिरो पल शाह हुन् । अनि, भन्नु नपर्ला कि, आँचल-पल व्यक्तिगत रूपमा पनि असाध्यै नजिक छन् । उनीहरू आफैँले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा स्वीकारिसकेका छन् । दर्जनौँ म्युजिक भिडियोमा एकसाथ काम गरेका छन् । उस्तै परे, पल आफूलाई आएको प्रोजेक्टमा आँचललाई पनि सिफारिस गर्छन् । तर, पल चम्किएको फिल्म *म यस्तो गीत गाउँछु*मा हिरोइन आँचल होइन, पूजा शर्मा थिइन् । तर, आँचलले चाहिँ अन्य हिरोसँग अनस्क्रिन गरेकी छैनन् । नपाएर हो कि नचाहेर ? उनै आफैँ जानून् । ◆

फ्लप तर फिल्मको ओइरो

न मरिष्का पोखरेलको पहिलो फिल्म *के तिम्रो होइन र !* ले बक्स अफिसमा धमाका मच्चायो, न त दोस्रो फिल्म *चपली हाइट २* ले । मरिष्काकै चरित्र र अभिनयले पनि तारिफ बटुलेन । नवप्रवेशीका लागि पक्कै ठेस पुर्‍याउने अवस्था हो यो । तर, मरिष्काको सवालमा जादु भइरहेको छ । कारण, उनी लगालग तीन फिल्ममा अनुबन्धित भएकी छन्, *मिस्टर भर्जिन, साली कसको भेनाको* अनि *पण्डित बाजेको लौरी* । *मिस्टर भर्जिन*को सुटिङ भ्याइसकिन् । बाँकी दुई छायाङ्कनको चरणमा छन् । अचम्म त, तीनै फिल्मको मुख्य भूमिकामा मरिष्का नै छिन् । न उनीभन्दा गिनेचुनेको अरू कोही हिरोइन फिल्ममा छन् । यत्ति भएपछि मरिष्का मक्ख पर्नु स्वाभाविक भइहाल्यो । तर, यी फिल्मले फ्लपको 'ह्याट्रिक' हुनबाट जोगाउलान् ? यसमै अडेको छ उनको करिअर । ◆

» चाम्सको झोक

प्रसंग हो, १ माघमा राइजिङ मलको क्युज हलमा आयोजना गरिएको फिल्म *लिलीबिली*को प्रेसमिटको । जहाँ 'इज इट लभ...' शीर्षकको गीत लन्च गरिएको थियो । लोकेसन भव्य भए पनि पर्दामा दृश्य फाटेको जस्तो देखियो । अनि, प्रकाश संयोजनलगायतका केही प्राविधिक समस्या पनि । यही प्रश्न सोधियो, निर्देशक मिलन चाम्सलाई । सुरूमा उनले हलको पर्दालाई दोष दिए, भिडियोमा केही कमी नभएको बताए । तैपनि, पत्रकारले प्राविधिक पक्षमै खोट रहेको औंल्याइरहे । निर्माता तथा फिल्म युनिटका सामु यस्तो आरोप लगाएपछि चाम्सलाई झोक चलेछ क्यारे ! ठाडै भनिदिए, 'म आफूलाई प्रविधिमा किङ नै मान्छु ।' आफ्नो कमजोरी नस्वीकार्ने, उल्टै आत्मरतिमा रमाउने । सायद यसैलाई भनिन्छ, मपाईंत्व । ◆

तस्बिर : महेश प्रधान

न कला, न मनोरञ्जन

■ गोकर्ण गौतम

व्यापक प्रचार र प्रतीक्षाबीच प्रदर्शन भएको निगम श्रेष्ठ निर्देशित छड्केले सुरुआती व्यापार निकै आक्रामक गरेको थियो । तर, रिलिजको तेस्रो दिनबाट टिकट बिक्री स्वाट्टै घट्यो । सकारात्मक प्रतिक्रिया पनि पाएन । यसका पछाडि दुई कारण थिए । एक, कस्तो कथा भन्न खोजेको निर्देशक आफैँ चरम अलमलमा पर्नु । दुई, अतिरञ्जित पात्रहरूको बिस्कुन लगाउनु । पहिलो फिल्मबाटै यस्तो तीतो अनुभव सँगालेका निगमको पाँच वर्षपछि नयाँ फिल्म रिलिज भएको छ, *लालपुर्जा* । आशा थियो, छड्केका कमजोरी निमिट्यान्न पार्न यति लामो विश्राम लिएका हुन् । तर, होइन रहेछ । निगमले फेरि एकपटक निराशाको दलदलमा फसाएका छन् । कारण, *लालपुर्जा*मा छड्केका समस्या न्यून होइन, अझ गहिरा भएका छन् । कलात्मक प्रयोगको नाममा फिल्मलाई अमूर्तताको प्रतीकजस्तो बनाइएको छ । जबकि, यसको मूल कथा ज्यादै चिरपरिचित हो, दाजुभाइको जग्गा विवाद । तर, प्रस्तुतिले मोहभंग गराउँछ ।

मितेरी गाउँका सौतेनी दाजुभाइ तान्त्रिक (सौगात मल्ल) र ओमनरसिंह (विपिन कार्की)बीच जग्गाको लफडा छ । दुवै एकोहोरो स्वभावका भएकाले गाउँलेले जति प्रयास गर्दा पनि विवाद सुल्झिँदैन । बरू, झगडा बढ्दै जान्छ । यहीबीच कथामा एउटी युवती पर्पला (मिरुना मगर)को प्रवेश हुन्छ । जो दाजुभाइको दूरी घटाउन र त्यो जग्गामा गाउँकै हितका लागि दुध डेरी खोल्ने प्रयासमा लाग्छिन् । पर्पला को हुन् ? उनको नियत सफा होला ? क्लाइमेक्स यिनै सवालहरूको वरपर घुमेको छ ।

कथा र त्यसको प्रस्तुतीकरणलाई नियाल्दा *लालपुर्जा* यथार्थ र स्वैरकल्पनाको 'फ्युजन' जस्तो देखिन्छ । हाम्रो सिनेमाको सन्दर्भमा यस्तो प्रयोग नवीन हो । तापनि, यसलाई सम्झनालायक कोटिमा राख्न सकिन्न/मिल्दैन । किनभने, पात्र र तिनीहरूबीचको अस्वाभाविक समीकरणले फिल्ममा कुरूपताको लेपन गरेको छ । अर्को खड्किने पक्षचाहिँ, केन्द्रीय द्वन्द्व नै अपत्यारिलो हुनु हो । त्यस्तो गाउँमा त्यति जग्गाको लागि त्यति विघ्न रस्साकसी हुन्छ भन्ने आधार छैन । वा, निर्देशकले विश्वसनीय शैलीमा पस्कन सकेका छैनन् । कथा यथार्थपरक छ । तर, मुख्य पात्र अतिरञ्जित, जसलाई सामान्य जीवनमा देख्नु असम्भवप्रायः छ । यसो हुँदा पात्रलाई आत्मसात् गर्न मुस्किल पर्छ । उनीहरूका पीडाले दर्शकलाई छुँदैन । अचम्म त, यति कमजोर धरातलको फिल्मलाई आधा दर्जन लेखक मिलेर लेखेका हुन् ।

स्वैरकाल्पनिक लेखनमार्फत कुमार नगरकोटी 'हटकेक' बनेका छन् । फिल्ममा उनलाई अतिथि लेखक मात्र भनिए पनि कथ्य संरचना मात्र होइन, दृश्यमै उनको गहिरो प्रभाव देखिन्छ । नघुमाई भन्दा नगरकोटी पूरापूर हाबी भएका छन् । उपन्यास वा कथामा शब्दको सहारामार्फत संसार सिर्जना गरिन्छ, फिल्मको हकमा दृश्यमार्फत । दृश्यको कारण र संयोजन मिलेन भने फिल्म फिक्का हुन्छ । *लालपुर्जा*को प्रधान कमजोरी यही हो । नगरकोटीको लेखनशैली अनुसार आउने स्वैरकाल्पनिक पात्र र घटनाले फिल्मलाई अनिश्चयको भुमरीतिर धकेल्छ । कथा र पात्रमाथि निर्देशकको नियन्त्रण खुकुलो हुनुको परिणाम हो यो । कुन कथा कस्ता पात्रमार्फत कस्तो शैलीमा भन्नेमै निर्देशक द्विविधामा देखिन्छन् । सरल कथालाई सशक्त र रसिलो ढंगले भनिनुपर्नेमा उल्टै जटिल र अमूर्त बनाइनु पाच्य हुँदै होइन ।

मध्यान्तरपछिको ट्वीस्टमा 'कन्भिन्स्ड' हुने आधार छैन । अंग्रेजी बोल्ने, गोराको संगत भएको अनि बाइक चलाउने तान्त्रिकलाई त्यति सजिलै फसाउन सम्भव होला ? फिल्ममा सुरुआतदेखि अन्त्यसम्मै भान्टालाई देखाएको देखाइ गरिन्छ । तर, त्यसको खास अर्थ छैन । लहडमा राखेको भान हुन्छ । कुनै पात्रको नाम पर्पला हुँदैमा बैजनीलाई फिल्मको 'थिम कलर' बनाउनुको तुक भेटिन्न । नगरकोटीको चरित्रसँग तान्त्रिक बारम्बार ठोक्किन आइपुग्नुको कारण छैन । खासमा नगरकोटीलाई फिल्ममा जबर्जस्ती राखिएको आभास हुन्छ । अनि, जानी/नजानी उनी र उनको लेखनलाई 'ब्रान्डिङ' गरिएको छ । जसले फिल्म 'ब्युटी'सँग सरोकार राख्दैन ।

मिरुना र सौगातले हत्केला जोडेको दृश्यचाहिँ साँच्चै प्रतीकात्मक लाग्छ । मौलिक शैलीको सेट डिजाइन फिल्मको अर्को सकारात्मक पक्ष हो । फिल्ममा धाप मार्नुपर्ने काम सिनेमाटोग्राफर नरेन्द्र मैनालीको छ । मितेरी गाउँ र त्यहाँका पात्रलाई सजीव र सुन्दर ढंगले खिचेका छन् । तर, दृश्यमै दम नभएपछि कसको के लाग्छ ? सिनेमा सुन्दर कोलाजहरूको संग्रह परेन । सौगातको बारेमा यत्ति भनौँ, थेग्नै नसक्ने गरी 'लाउड' छ उनको चरित्र र अभिनय । साख गिराउने फिल्म हुनेछ यो उनका लागि । सारमा विपिनको चरित्र पनि उस्तै हो । तर, उनको 'ह्युमर' थोरै स्वाभाविक लाग्छ । हरिहर शर्मा पनि 'ओभर-एक्टिङ'को सिकार भएका छन् । कामेश्वर चौरसिया र मेनुका प्रधानको पात्र नै बलियो छैन । बरू जेसन कुँवरको संगीत मीठासपूर्ण छ । निगमले आफू स्पष्ट भएको विषय र शैली समातेर फिल्म बनाए कम्तीमा यस्तो भद्रगोल हुने थिएन कि !

फिल्ममा नगरकोटीको संवाद छ, 'मृत्यु समयको बर्बादी मात्र हो ।' यही संवादलाई अलि सान्दर्भिक बनाउने हो भने '*लालपुर्जा* समयको बर्बादी मात्र हो ।' यत्ति भन्दा अन्याय हुँदैन । ◆

'सक्षम भए जसले कमान्ड गरे पनि हुन्छ'

दुई सय पचास वर्षभन्दा पुरानो इतिहास बोकेको नेपाली सेनाले विसं ०६२ देखि महिलाका लागि 'इन्फ्यान्ट्री'तर्फ भर्ना खोल्यो । त्यसको १२ वर्षपछि छुट्टै महिला पृतना खडा गरेर पृतनाको नेतृत्वसमेत महिलालाई दियो, गत साउनदेखि । सेनाको यो निर्णयसँगै पहिलोपटक महिला सैनिक अधिकृतले पृतनापति बन्ने मौका पाए र अवसर जुऱ्यो, सेनानी (मेजर) **श्रृष्टि खड्का**लाई । उपत्यका पृतना अन्तर्गत रहेको गोरखकाली गुल्मकी गुल्मपति खड्कासँगको कुराकानी :

तस्बिर : भास्कर ओझा

सेनाको जागिर खाने सानैदेखिको रहर हो ?

होइन । सेना भनेको के हो भन्नेचाहिँ थाहा थियो । सेनाको जागिर एकदमै इज्जतिलो हुन्छ भन्ने लाग्थ्यो । तर, सेनामै जागिर खान्छु भन्ने सोच थिएन । महिलालाई सेनामा प्रवेश ढिलो गरी खुलेकाले पनि त्यस्तो सोच नआएको हुन सक्छ ।

तपाईं नेपाली सेनामा छिर्दा मुलुक माओवादी द्वन्द्वको उत्कर्षमा थियो । त्यस्तो बेला सेनामा भर्ती हुन डर लागेन ?

लागेन । घरपरिवारको साथ थियो । भर्ती खुलेको छ भन्ने खबर मेरो दाइले नै मलाई सुनाउनुभएको हो । मुलुकलाई अप्ठ्यारो परेका बेला जिम्मेवारी लिनुपर्छ भन्ने मनमा लाग्यो र फाराम भरिहालेँ । त्यतिबेला म प्लस टूको पढाइ पूरा गरेर बसिरहेकी थिएँ ।

द्वन्द्वमा सहभागी हुनुपऱ्यो कि परेन ?

द्वन्द्वको आमनेसामने गर्नुपरेन । किनभने, हामी तालिम पूरा गरेर 'पास आउट' हुँदा द्वन्द्वले अर्कै बाटो लियो । राजनीतिक परिस्थिति फरक ढंगले विकास भइसकेको थियो । ०६२/६३ को जनआन्दोलनका बेला काठमाडौँमा कर्फ्यु लाग्दा भने म ड्युटीमा थिएँ ।

पहिलो महिला गुल्मपतिको जिम्मेवारी सुम्पिएको खबरपछि कस्तो अनुभूति भयो ?

सुरुमा त नर्भस भएँ । जिम्मेवारी पूरा गर्न सकिनँ भने के होलाजस्तो लाग्यो । लगत्तै एकदमै खुसी लाग्यो । अवसर र चुनौती दुवै एकसाथ आएको छ भनेर मनलाई दह्रो बनाएँ ।

यसलाई अवसर कसरी ठान्नुभयो ?

फौजमा कमान्ड एकदमै महत्त्वपूर्ण अवसर हो । तालिममा सिकेका कुरालाई फिल्डमा लागू गर्न पाइन्छ । त्यसअघि मैले कमान्डबारे तालिम लिएकी थिएँ । तर, प्रयोगमा ल्याएकी थिइनँ । त्यसैले यसलाई सिकेको कुरा लागू गर्ने अवसर ठानेकी हुँ ।

गुल्मपति हुनअघि र पछिको भिन्नता के रहेछ ?

गुल्मको नेतृत्व गर्नुअघि अरूको कमान्डमा र अरूकै निर्णयका आधारमा चल्नुपर्थ्यो । अहिले म आफैं निर्णय गर्छु । आफ्नो निर्णयले सकल दर्जा मात्र होइन, सिंगो संगठनलाई नै असर गरिरहेको हुन्छ । त्यसैले यस्तो जिम्मेवारीले कामप्रति झनै गम्भीर बनाउने रहेछ ।

अझै पनि पुरुष सम्मिलित टोलीको नेतृत्व महिला सेनाले गरेका छैनन्, किन हो ?

हामी पाएको जिम्मेवारी लिन तयार छौँ ।

महिलाले सक्दैनन् भनेर हो कि ?

नेपाली सेना चेन अफ कमान्डको 'सिस्टम'मा चल्ने संस्था हो । त्यसैले त्यहाँ महिला वा पुरुष कसले नेतृत्व गर्छ भन्ने कुराले त्यति फरक अर्थ राख्दैन । सक्षम भए जसले कमान्ड गरे पनि हुन्छ ।

सेनाको जागिरे नभएको भए के बन्नुहुन्थ्यो होला ?

मलाई समाज सेवामा रुचि थियो, छ । त्यसैले कुनै सामाजिक सेवामा हुन्थेँ । नभए पनि शिक्षण पेसामा आबद्ध हुने थिएँ होला ।

पहिलो गुल्मपति भएपछि पक्कै पनि पहिलो महिला प्रधानसेनापति हुने महत्त्वाकांक्षा पनि त होला नि ?

म कुनै रेकर्ड बनाउँछु भनेर जागिरमा प्रवेश गरेकी होइन । पहिलो महिला गुल्मपति बन्छु भन्ने त सोचेकै थिइनँ । काम गर्दै जाँदा त्यस्तो अवसर आएको हो । प्रधानसेनापति व्यक्तिले चाहँदैमा प्राप्त हुने पद होइन । यो 'सिस्टम'ले गाइड गर्ने कुरा हो । त्यसैले मलाई प्रधानसेनापति बनेर इतिहास रच्छु भन्ने लालसा छैन । सिस्टम र क्षमता अनुसार काम गर्ने हो ।

॥ मनबहादुर बस्नेत

॥ राजकुमार बानियाँ

देश-निर्माता कि राष्ट्र-निर्माता ?

सरकारी पात्रोमा २७ पुसको बिदा परेलगत्तै एकथरी १२ हात उफ्रिहाले । गणतान्त्रिक पात्रोबाट हटेको बिदा बौरिएपछि उनीहरूको कन्सिरी तात्यो । उही सुगा शैलीको 'कन्स्पिरेसी थ्योरी' जोड्न थाले- पृथ्वीनारायण राष्ट्र-निर्माता होइनन्, देश-निर्माता हुन् । उनले एकीकरण गरेका होइनन्, राज्यविस्तार गरेका हुन् । कीर्तिपुरेका यति धार्नी नाक-कान काटे । आदि ।

यो देशमा पृथ्वीनारायणको मानहानि जति गरे पनि हुन्छ । किनभने, उनी प्रतिवाद गर्न आउँदैनन् । कतिपयका (कु)तर्क सुन्दा लाग्छ, उनी आधुनिक नेपालका सूत्रधार नभएर महाअपराधी हुन् । अन्तर्राष्ट्रिय फौजदारी अदालतमा लगेर कोर्रा हान्नुपर्ने या देश-निकाला गर्नुपर्ने युद्ध सरदारको सम्झनामा राष्ट्रिय एकता दिवस मनाउने ?

कसैले मानोस् या नमानोस्- राष्ट्रिय दृष्टिकोणबाट हेर्ने पहिलो नेपाली उनै हुन् । पुगनपुग ५२ वर्षमै उनले नेपाल नामक देश जिम्मा लगाएर गए । राज्य विस्तार गरे पनि एकीकरण गरे पनि आजको नेपालका सर्जक उनै हुन् । तीन सहर जितेपछि उनी किन जुंगामा ताउ लगाएर बसेनन् ? राज्य नै अंशबन्डा गर्ने समयमा नेपाललाई संगठित गर्नु कति सामन्ती कदम हो ? उनको *दिव्योपदेश* प्रगतिशील किन छैन ? उनीहरू सुन्नै चाहँदैनन् ।

हो, पृथ्वीनारायणका थुप्रै गल्ती छन् । उनले मार्क्सवाद, लेनिनवाद, माओवाद या पहिचानवादको सुइँकै पाएनन् । आफ्ना सन्तान-दरसन्तानबाट हुने खराबीको सजाय आफूले पाउँला भन्ने दूर दृष्टि राखेनन् । सुरा, सुन्दरी या आमोदप्रमोदमा रमाएनन् र भुरेटाकुरे राजामा खुम्चिन चाहेनन् । विद्वान् महोदय- विदेशी राजा, चिन्तक, थेसिस सबै राम्रा, हाम्रा पितापुर्खा मात्रै असभ्य, अपठित र हिंस्रक ? इतिहासलाई सरापेर मात्रै बस्ने कि भविष्यलाई सुन्दर बनाउने ?

अफिस छ, सर्भिस छैन

काठमाडौं विश्वविद्यालयका संस्थापक उपकुलपति सुरेशराज शर्मा असलमा रसायनशास्त्री रहेछन् । रसायनशास्त्रमै विद्यावारिधि लिए पनि उनले त्यसमा समय दिनै भ्याएनन् । नत्र उनलाई अनुसन्धानमा रूचि छ । हिजो यस्तो भयो भन्ने होइन कि भोलि के हुँदैछ भन्न सक्ने अनुसन्धान ।

व्यक्तिचित्रका क्रममा पुसको दोस्रो साता भेट्दा उनले गुणस्तर नियन्त्रण (क्वालिटी कन्ट्रोल)को प्रसंग पटक-पटक उठाए, 'हामीकहाँ दूध, पानी, मासु केहीमा पनि ढुक्क हुने अवस्था छैन । न औषधिमा त्यो सुरक्षाको भावना आयो, न त इन्धनमै । यहां त मौका पाउनासाथ क्वान्टिटीदेखि क्वालिटीसम्म खेलवाड गरिहाल्छन् । ग्राहकलाई ठग्न पाउँदा नै उनीहरूलाई खुसी मिल्छ ।'

गुणस्तर मापनका लागि यहां सरकारी निकाय बग्रेल्ती छन् । वाणिज्य विभागलाई काम देखाउन दसैं आउनुपर्छ, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई तलबमा मात्र त्यो काम गर्ने जाँगर चल्दैन । कमसेकम स्वच्छ पानी पिउन पाउनु नागरिकको आधारभूत अधिकार हो । यहाँ त सहरहरूका पिउने पानी आउँदैन वा सरकारी निकाय वा नगरपालिकाले दिने पानीको गुणस्तरमै विश्वास गर्न सकिने आधार छैन । हेलो सरकार ! 'क्वालिटी कन्ट्रोल' कुन चराको नाम हो ?

अब पुरूष आरक्षण

बस-माइक्रो बसमा महिला, ज्येष्ठ नागरिक र अशक्त आदिका लागि आरक्षण छ । तर, महिलाहरू प्रायः आरक्षित सिट अन्य महिलाका लागि 'सुरक्षित' छाडिदिन्छन् । भलै कतिपय पुरुष सज्जनले बलजफ्ती उठाएर महिला सिटमै फर्काइदिन्छन् ।

संयोगवश पुरुष आरक्षण भएको बसमा चढ्न पुगिएछ एक दिन । झ्यालनेर लेखिएको रहेछ, 'पुरूष सिटमा बस्दा कस्तो लागिरहेको छ त ?' यद्यपि, त्यसमा महिला नै विराजमान थिए । त्यो पुरुष सिट थियो कि थिएन ? वैधानिक आरक्षण हो या होइन ? थाहा छैन । पुरूषकै लागि आरक्षणको अभ्यास गरिएको हो भने खबर खुसीकै होला ।

महामहिमको फेसन

सार्वजनिक यातायातकै प्रसंग हो, केही भद्र महिलाले राष्ट्रपति विद्यादेवी भण्डारीको साडी-सोखलाई गफको विषय बनाए । एउटीले भनिन्, 'एकै दिनका कार्यक्रममा पनि फरक-फरक साडी लगाउँछिन् । एक दिन लगाएको साडी अर्को दिन लगाउँदिनन् ।' अर्कीले थपिन्, 'मुलुकको इज्जतको पनि सवाल हो । राष्ट्रपतिले त किमती र महँगो डिजाइनको ब्रान्डेड साडी लगाउनैपर्‍यो नि ?'

उनीहरूले राष्ट्रपतिको पहिरनबारे अनौठो तथ्य बाहिर ल्याइदिएजस्तो लाग्यो । *गुगल* गरेर हेर्दा सार्वजनिक समारोहमा खिचिएका महामहिमका साडीका सयौं फोटा फेला परे । ती साडी एकअर्कासित मिलेनन् ।

राष्ट्रपतिको मासिक तलबभत्ता १ लाख ५० हजार ५ सय ५० रूपियाँ छ । यस हिसाबमा त उनको तलबभत्ता साडीमै खर्च हुने रहेछ । स्वाभाविक उत्सुकता हो- राष्ट्रपतिले दिनमा कतिपटक साडी फेर्छिन् ? उनका साडी कति छन् ? त्यो कहाँबाट आउँछ ? साडीमा मासिक कति खर्च हुन्छ ? राष्ट्रपतिको साडी डिजाइनर को हो ? उनलाई राज्यका तर्फबाट साडीको छुट्टै व्यवस्था हुँदो हो कि ? साडी उनको सोख हो कि विवशता ? 'कोड ड्रेस' तोकिए महामहिमलाई सजिलो पर्थ्यो कि ? ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

Visit

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

Kef Kangaroo™
EDUCATION FOUNDATION

EDUCATION FAIR

AUSTRALIA•USA•NEW ZEALAND•EUROPE

LET YOUR DREAMS TAKE FLIGHT

4 DESTINATIONS

10 YEARS OF EXPERIENCE

REPRESENTATIVES FROM UNIVERSITIES/COLLEGES

SCHOLARSHIP OPPORTUNITIES

SPECIAL OFFERS & GIFT HAMPERS

23 JANUARY 2018 | 10 AM - 5 PM | HOTEL ANNAPURNA, KATHMANDU | FREE ENTRY!

For inquiry & Registration: 9801227026 • www.facebook.com/KangarooEdu

Australian Institutions:

RMIT UNIVERSITY — CRICOS CODE 00122A
SWINBURNE UNIVERSITY OF TECHNOLOGY — CRICOS CODE 00111D
UNIVERSITY OF WOLLONGONG AUSTRALIA — CRICOS CODE 00102E
THE UNIVERSITY OF NEWCASTLE AUSTRALIA — CRICOS CODE 00109J
Australia Institute of Business & Technology — CRICOS CODE 03430J

ATMC AUSTRALIAN TECHNICAL & MANAGEMENT COLLEGE — CRICOS CODE 03013D
IN ASSOCIATION WITH Federation UNIVERSITY • AUSTRALIA — CRICOS CODE 00103D
CHARLES DARWIN UNIVERSITY — CRICOS CODE 00300K
USC AUSTRALIA — CRICOS CODE 01595D
IIBIT International Institute of Business & Information Technology — CRICOS CODE 01917B
IN ASSOCIATION WITH Federation UNIVERSITY • AUSTRALIA — CRICOS CODE 00103D

EduCo Study in the USA, Canada, or Australia
IN ASSOCIATION WITH Southern Cross University — CRICOS CODE 01241G
ECA EDUCATION CENTRE OF AUSTRALIA — CRICOS CODE 02644C
IN ASSOCIATION WITH APIC ASIA PACIFIC INTERNATIONAL COLLEGE — CRICOS CODE 03048D
ZBA ZENITH BUSINESS ACADEMY SYDNEY | MELBOURNE | BRISBANE — CRICOS CODE 02997M
VICTORIA UNIVERSITY SYDNEY AUSTRALIA — CRICOS CODE 00124K
MELBOURNE INSTITUTE OF TECHNOLOGY — CRICOS CODE 01545C
UPC University Preparation College Sydney - Australia — CRICOS CODE 02751M
New Era Institute Gateway to the Future — CRICOS CODE 03509B

New Zealand Institutions:

Wintec WAIKATO INSTITUTE OF TECHNOLOGY
Whitireia NEW ZEALAND
WelTec Wellington Institute of Technology
ACG ACADEMIC COLLEGES GROUP

Europe/ USA Institutions:

GRIFFITH COLLEGE
Cambridge Education Group

Kef Kangaroo™ EDUCATION FOUNDATION

AB Complex-Level 5, Padmodaya Mode, Putalisadak
Kathmandu, Nepal • Tel: +977 -1-4233107, 4233088
Email: info@kangaroo.edu.np • www.kangarooedu.com

IELTS Partner:
idp | IELTS
PROUD CO-OWNER OF IELTS

Banking Partner:
NEPAL SBI BANK LTD.
With us, You are Always a Winner.

Event Managed by:
ONE UP (P.) LTD.
EVENTS & MANAGEMENT SOLUTIONS